# परिवर्तन खोजिरहेको समाज



• विदुर खतिवडा

गत वर्ष आजकै दिन नेपाली जनता सुन्दर भविष्य कोर्न ऐतिहासिक संविधानसभा निर्वाचनमा मतदान गरिरहेका थिए। कुनै किंवदन्तीजस्तै लाग्ने गरी संविधानसभा निर्वाचन हुने-नहुने विभिन्न हल्लाबीच जनताले स्थायी शान्ति र समृद्ध नेपालको सपना देख्दै निर्वाचनमा उत्साहवर्धक सहभागिता जनाएका थिए। एक दशक लामो युद्धपीडा भोगेका १ करोडभन्दा बढी नेपालीले थुप्रै आकांक्षा र सपना राखेर आफ्नो मत प्रकट गरे पनि उनीहरूले वर्ष २०६५ को अन्त्यसम्म पनि सोचेजस्तो परिणाम पाएका छैनन्। 'जनताले १९ दिने जनआन्दोलन-२ मा मात्र होइन, संविधानसभाको निर्वाचनमा पनि परिवर्तनका निम्ति सक्रियता देखाएका थिए।' वर्ष ६५ लाई समीक्षा गर्दै समाजशास्त्री सुधीन्द्र शर्मा भन्छन्- 'निर्वाचनमा नयाँ राजनैतिक दलहरूले अनपेक्षित रूपमा जनमत पाएर सत्ताको बागडोर सम्हाले पनि वर्षको अन्त्यसम्म आइपुग्दा जनता निराश बन्ने स्थिति देखिएको छ।'

एक वर्षको समयलाई फर्केर हेर्दा औंलामा गन्न सकिने सकारात्मक पक्ष देखिए पनि नकारात्मक पक्ष नै हावी भयो। संविधानसभाको निर्वाचनमार्फत नयाँ राजनैतिक दलहरूको उदय, २ सय ४० वर्ष लामो शाहवंशीय राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, पहिलो पटक जनताको छोरो राष्ट्राध्यक्ष, चुनावी प्रतिस्पर्धाको राजनीति, उल्लेख्य राजस्व संकलन, संविधानसभामा समावेशी प्रतिनिधित्व, पिछडिएको वर्गका निम्ति राज्यका सबै निकायमा आरक्षणको व्यवस्था यो वर्षका सकारात्मक उपलब्धि हुन्, तर वर्ष ६५ अहिलेसम्मकै सबैभन्दा बढी हड्ताल र बन्द भएको वर्ष पनि बन्न पुग्यो। जसले प्रत्यक्ष रूपमा सम्पूर्ण नेपालीको जीवनशैलीमा नकारात्मक असर छोड्यो। सुन्दै हाँसो उठ्ने २० घण्टे लोडसेडिङदेखि पेट्रोलियम पदार्थको अभाव, अनाहकमा मानिस मारिने तथा अपहरित हुने घटनाले यो वर्ष कीर्तिमान कायम गरे। बढ्दै गएको महँगी, उद्योगधन्दा बन्द हुँदै जाँदा उपभोग्य वस्तुमा परनिर्भरता, बढ्दो बेरोजगारी, अनियन्त्रित कालो बजारी, विगतका सरकार झैं आफ्ना मानिस भर्ती गर्ने चलन यसपटक अझ चर्किए।

संविधानसभामा प्रत्यक्ष र समानुपातिक गरेर ६ सय १ जना सदस्यको उपस्थिति पनि नेपाली परिप्रेक्ष्यमा नयाँ कुरा थियो। नीतिनिर्माण तहमा

बाँकी पृष्ठ २० मा




साप्ताहिक

# विक्रम संवत् २०६६ को वार्षिक भविष्य फल

श्री संवत् २०६६ साल। यो वर्षको संवत्सरको नाम शुभकृत हो भने यस वर्षका राजा शुक्र तथा मन्त्री चन्द्रमा हुन्। शुभकृत शब्दले शुभकाम गर भन्ने जनाउँछ। राजा शुक्र भएको र शुक्र वैज्ञानिक ग्रह भएको हुँदा राज्य सञ्चालनमा वैज्ञानिकता अपनाउने प्रयास होला। शुक्रको प्रभावले मानिसहरू विलासितातर्फ अग्रसर हुनेछन्। साहित्य एवं संगीतसम्बन्धी कार्य धेरै हुनेछन्। रस पदार्थको विकास ज्यादै होला। राज्य औद्योगिक कार्यमा आकर्षित हुनेछ। ज्ञान र सिर्जनाहरू धेरै हुनेछन्। मन्त्री पदमा चन्द्रमा बसेको हुँदा दुग्ध पदार्थ, रस पदार्थ तथा पानीको उपयोगितामा जोड दिने प्रयास होला। मानिस तरल पदार्थको व्यवसायमा आकर्षित हुनेछन्। मेलमिलापको प्रयास प्रशस्तै हुनेछ। वैदेशिक व्यवसायमा दूरी घटाउने प्रयास हुँदाहुँदै पनि परिवर्तन आउने सम्भावना कम छ।

अतिवृष्टि तथा खण्डवृष्टिको प्रभावले भूक्षय, बाढी र खडेरीको समस्या एकैपटक देखिन सक्छ। बालीनालीको वृद्धिले जनमानसमा आशा पलाए पनि वर्ष प्रवेश लग्नलाई विचार गर्दा आशाहरू त्यति सार्थक बन्न सक्ने सम्भावना देखिँदैन, वर्ष लग्न मकर र मकरमा वृहस्पति राहुसहित बसेकाले राहुले बनाएको गुरु चण्डाल योगका कारण धर्म क्षण भै जनमानसमा नकारात्मक प्रभाव पर्न सक्छ। लग्नधिपति शनि अष्टम भयका कारण बौद्धिक व्यक्तिको बुद्धि भ्रमित हुनेछ। द्वितीयश पनि शनि अष्टममा बसेको हुँदा धनको क्षति पनि हुनेछ। द्वितीय भावमा मंगल बसेको र शनि मंगलको परस्पर दृष्टि पनि परेको हुँदा वर्षको आरम्भ नै प्रतिकूल बन्नेछ। आपसी द्वन्द्व बढ्न गै सैन्य उपयोग गर्ने प्रयास हुने सम्भावना छ। हत्या-हिंसाका साथै चोरी-डकैती बढ्ने सम्भावना छ। संवादको सम्भावना न्यून रहनेछ। विवाद चर्कनेछ। वैदेशिक सहयोग मिल्दामिल्दै पनि आर्थिक संकटमा कमी आउनेछैन। राजनीति तरल बन्दै जानेछ।

अष्टमेश सूर्य रेकायोग पारेर चतुर्थ स्थानमा बसेको हुँदा मानिसहरूमा उन्माद सिर्जना हुन सक्छ। राज्यव्यवस्थाको स्वरूप बदलिनुका साथै सत्ता परिवर्तनको सम्भावना छ। धार्मिक युद्धको सम्भावना बढ्नेछ। जाति-वर्गको विवाद बढ्नेछ। शुक्र र मंगलको संयोगले महिला-पुरुषबीच बढ्ने मतभेदले समस्या सिर्जना गर्न सक्छ। दशामेश शुक्र र मंगलको संयोगले राज्यव्यवस्था र राजनीति मजबुत बनाउने बहानामा देशी सैनिकको उपयोग र विदशी सैन्य सहयोग लिने दुष्प्रयास हुनसक्छ। ओझेलमा परेका राजनैतिक शक्तिहरू प्रबल हुने र प्रबल मानिएकाहरू कमजोर हुने योग छ। एकादशमा सप्तमेष चन्द्रमा नीच भै बसेको हुँदा मित्रराष्ट्रहरूको कृदृष्टि पर्न सक्छ। बौद्धिक तथा राजनैतिक-सामाजिक रूपले प्रतिष्ठित मानिएका अन्तर्राष्ट्रिय स्तरका व्यक्तित्वको निधनले जनमानस र राष्ट्रलाई स्तब्ध बनाउनेछ। विदेशी हस्तक्षेपको सम्भावना बढ्दै जानेछ। गैरकानुनी कार्यहरू बढ्ने क्रममा न्यायिक क्षेत्र कमजोर बन्नेछ। वैशाख अन्तिमतिरदेखि भने मेलमिलापको संकेत देखिनेछ। त्यो समयको उपयोग असार २२ गतेसम्ममा गर्नुपर्नेछ। असार २२ गतेदेखि वृष राशिमा प्रवेश गर्ने मंगल र सिंह राशिमा बसेको शनिबीच परस्पर दृष्टिले फेरि समस्या सिर्जना गर्नेछ।

साउन २८ गतेदेखि भदौ २ गतेसम्मको समय त्यति राम्रो देखिँदैन। राज्यमा समस्या उत्पन्न हुनेछ। त्यसै गरी भदौ १७, १८, १९ र २० गते पनि राजनैतिक तथा दैवी प्रकोपको पीडाले विश्वभर नै संकट सिर्जना गर्नेछ। त्यो समय पश्चिमा देशहरूका साथै भारत, पाकिस्तान आदि देशमा पनि समस्या देखा पर्नेछ। पुस ८ गतेदेखि मंगल ग्रह निचर वक्र भएको र मंगल सैन्य फरक भएको हुँदा राज्य र सुरक्षा निकायबीच तालमेल मिल्ने देखिँदैन। पुस २९ गतेदेखि शनि पनि वक्र हुने हुँदा पुस २६, २७, २८, २९, ३० र माघ १ गतेको समय प्रतिकूल रहनेछ। यो समय सारा संसारकै लागि अनिष्ट छ। नेपालमा पनि ठूलो संकट आउन सक्छ। यो समय अकस्मात् सत्ता परिवर्तन हुन सक्ने तथा लडाइँ-झगडा एवं दैवी प्रकोपको सम्भावना छ। त्यसउप्रान्त ०६६ सालभरि नै मंगल वक्र हुने हुँदा समस्या सुल्झन गाह्रो पर्ला। समस्या जेठ २२ गतेभित्रै सुल्झाउन सकिएन भने जनताले ठूलो समस्याको सामना गर्नुपर्नेछ। बौद्धिक वर्ग, राजनैतिक पक्ष, सुरक्षा पक्ष तथा धार्मिक पक्षबीच समन्वयको आवश्यकता देखिन्छ।

**साढे सात शनि तथा अढैया शनि सकिने र सुरु हुने राशिहरू**

वृष र मकर राशि हुनेहरूको शनि अढैया भदौ २० गतेदेखि सकिनेछ भने मिथुन र कुम्भमा अढैया प्रवेश गर्नेछ। त्यसैगरी कर्कटको साढे सात शनि सकिनेछ। साढे सात शनि भदौ २० गतेदेखि तुला राशिमा प्रवेश गर्नेछ। सिंहलाई अन्त्य र कन्यालाई मध्य साढे सात शनि रहनेछ। पीपलको पूजा गर्ने र कालभैरवमा शनिबारको दिन पूजा गरी दुई मिटर कालो कपडा दायाँ हातमा राखी फलामको दियोमा कालो बत्ती बाली दस कदम पछि फर्केर फेरि उता नहेरी फरक्क फर्केर हिँड्दा, शनि दोष कम हुनेछ।

## यो साताको पञ्चाङ्ग

चैत २८ गते : भक्तपुर भैरव-भद्रकाली जात्रा, वैष्णवी देवी जात्रा, ललितपुर मश्यन्द्रनाथ स्नान, ३० गते : साँखु जात्रा, ३१ गते : भक्तपुर विश्वध्वजोत्थान, वैशाख १ गते : विक्रम सम्वत् २०६६ प्रारम्भ, भक्तपुर बिस्केट जात्रा, शिखहरूको वैशाखी पर्व, २ गते भक्तपुर महाकाली-महालक्ष्मी जात्रा, ठिमी बालकुमारी जात्रा, टोखा चन्डेश्वरी रथयात्रा, ३ गते : भक्तपुर ब्रह्मायणी जात्रा।



# वि. सं. २०६६ को राशिफल



### मेष

ग्रहगोचर राम्रा छन्। वर्ष आरम्भमा चन्द्रमा प्रतिकूल भएकाले चिन्ता एवं अस्थिरता बढ्न सक्छ। गुरु अनि राहु समेत अनुकूल भएकाले उतारचढावको सामना गर्नुपर्नेछ। सफलताका मार्गहरू फेला पर्नेछन्। आर्थिक रूपले वर्ष राम्रो रहनेछ। यात्रा फलदायी देखिन्छ। वैदेशिक कार्यमा सफलता पाउनुहोला। धर्ममा रुचि बढ्नेछ। नोकरीमा सफलता पाउन मुस्किल हुनेछ। शत्रु कमजोर भए पनि आफन्तहरूको सहयोग मिल्ने देखिँदैन। सन्तानको सफलता एवं नयाँ सन्तान प्राप्ति हुने योग बलियो छ। पुस ८ गतेदेखि चतुर्थ स्थानमा नीच र वक्र हुँदै बस्ने हुँदा घरेलु समस्याले सताउनेछ। मित्रहरूबाट घात हुनसक्छ। शरीरमा चोटपटक पनि लाग्न सक्छ। असार, असोज तथा फागुन महिना शुभ रहनेछन्। मंसिर तथा चैत बाधा-व्यवधानयुक्त देखिन्छन्।

### वृष

ग्रह स्थिति मध्यम रहनेछ। वर्ष आरम्भमा चन्द्रमा वृश्चिक राशिमा तथा गुरु मकर राशिमा रहनेछन्। भाग्य एवं कर्मस्थानमा मंगल, आय स्थानमा शुक्र भएको हुँदा धनमान र प्रतिष्ठा बढ्नेछ। विदेशयात्राको सम्भावना छ। मान-प्रतिष्ठाका साथै जोस एवं जाँगर बढ्नेछ। अरूबाट सहयोग प्राप्त होला। अढैया शनिको प्रतिकूल प्रभाव भदौ २० गतेसम्म रहेकाले घर-झगडा बढ्न सक्छ। सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ। नोकरीमा सफलता पाउनुहोला। राजनीतिमा गुमेको स्थान फर्काउन सफल भइनेछ। धन आर्जन हुनेछ। वैवाहिक बन्धनमा बाँधिने सम्भावना छ। मंसिर १८ गतेदेखि अष्टममा राहु प्रवेश गर्ने हुँदा स्वास्थ्य गडबड हुनसक्छ। चिन्ता बढ्ने योग छ। साउन, कात्तिक एवं चैत महिना शुभ रहनेछन्। वैशाख र पुस महिना अनुकूल देखिँदैनन्।

### मिथुन

वर्ष मध्यम रहनेछ। वर्ष आरम्भमा गुरु शनि अनुकूल रहेकाले धार्मिक कार्यमा रुचि, भाग्य मजबुत तथा पराक्रमद्वारा धेरै काममा सफलता मिल्ने देखिन्छ। धन आर्जन हुने योग छ। नोकरीमा सुधार आउनेछ। राजनीतिमा सफलता पाइनेछ। व्यवसायमा लाभ तथा वैदेशिक कार्यमा सफलता देखिन्छ। प्रभुत्व बलियो हुनेछ। अध्ययनमा लाभ मिल्नेछ। अरूको भरोसाको पात्र बन्न सक्नुहोला। भदौ २० गतेदेखि शनि अढैयाको आरम्भ तथा भदौ ३० गतेदेखि अष्टममा गुरुको प्रवेश र राहुको प्रतिकूलताले घरेलु समस्या बढ्ने, स्वास्थ्य गडबड हुने तथा चिन्ता बढ्ने योग छ। नोकरीमा स्थान परिवर्तन हुन सक्छ। राजनीतिमा समस्या आउनेछ। महत्त्वपूर्ण कार्यलाई भदौ २० गते पहिले नै सम्पन्न गर्नुहोला। वैशाख, भदौ र मंसिर महिना शुभ रहनेछन्। जेठ र माघ फलदायी देखिँदैनन्।

### कर्कट

वर्षको आरम्भमा ग्रहगोचर प्रतिकूल रहनेछन्। द्वितीय शनि, अष्टम गुरु तथा राशिको केतु र सप्तमको राहुसमेत प्रतिकूल भएकाले विवादको सामना गर्नुपर्ला। धनमाल हराउन एवं शरीरमा चोटपटक लाग्न सक्छ। झूटा आरोप पनि खेप्नुपर्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। धार्मिक कार्यमा अरुचि बढ्नेछ। भदौ २० गतेपछि साढे सात शनिले छोड्ने तथा भदौ ३० गतेपछि गुरु अनुकूल हुने हुँदा व्यवसायमा लाभ मिल्नेछ। वैदेशिक कार्यमा सफलता प्राप्त होला। वैवाहिक बन्धनमा बाँधिने सम्भावना छ। सन्तान प्राप्तिको योग पनि छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। परिश्रम गर्नुपरे पनि नोकरी तथा राजनीतिमा सफलता पाउनुहोला। भाग्यले साथ दिनेछ। तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा पनि होला। जेठ, असोज तथा पुस महिना शुभ रहनेछन्। असार र फागुन अनुकूल देखिँदैनन्। सफलताका लागि संयम अपनाउनुहोला।

### सिंह

ग्रहगोचर मध्यम छन्। साढे सात शनि निरन्तर रहनेछ। वर्ष आरम्भमा राशिको शनि तथा सप्तम गुरु र अन्य ग्रहहरु पनि अनकूल रहनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। वैवाहिक बन्धनमा बाँधिने सम्भावना छ। वैदेशिक कार्य अनुकूल रहनेछ। ठूला व्यक्तिसितको संवाद एवं कठोर परिश्रमका कारण सफलता प्राप्त गर्न सफल हुनुहोला। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ। भदौ ३० गतेदेखि गुरु नीच भै षष्ठम भावमा, शनि द्वितीय स्थानमा, मंसिर १८ गतेदेखि पञ्चममा नीच राहु पुस ८ गतेदेखि कर्कटमा नीच मंगलसमेत प्रतिकूल हुने हुँदा स्वास्थ्य गडबड हुने, सन्तानको समस्याले सताउने तथा अध्ययनमा अवरोध आउने योग छ। असार, कात्तिक र माघ महिना शुभ छन्। साउन र चैत बाधा-व्यवधानयुक्त देखिन्छन्।

### कन्या

ग्रहगोचर मध्यम रहनेछन्। शनि गुरु र राहुको प्रतिकूल प्रभावका कारण चिन्ता बढ्नेछ। स्वास्थ्य गडबड हुनसक्छ। शत्रुले बाधा खडा गर्न खोज्नेछन्। समय खर्चिलो रहनेछ। मनमा दुविधा बढ्नेछ। व्यवसायमा उतारचढाव आउनेछ। धन आर्जन भैरहे पनि समस्याको सामना गरिरहनुपर्ला। भदौ २० गतेदेखि मञ्चमेष भै राशिमा प्रवेश गर्ने शनि र भदौ ३० गतेदेखि चतुर्थ सप्तमेष भै पञ्चममा प्रवेश गर्ने बृहस्पतिले समयलाई अनुकूल बनाउँदै लानेछ। रोकिएका कामहरू पूरा हुन थाल्नेछन्। अध्ययनमा सुधार आउनेछ। वैदेशिक कार्य एवं व्यवसायमा लाभ मिल्नेछ। सन्तान प्राप्तिको अवसर पनि जुट्नेछ। नोकरीमा सुधार आउला। बौद्धिक सम्मान पनि पाइनेछ। साउन, मंसिर तथा फागुन महिना शुभ रहनेछन्। वैशाख र भदौ कमजोर देखिन्छन्।

### तुला

गुरु शनिको अनुकूलताले सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायबाट सफलता हात लाग्नेछ। विदेश यात्रा गर्ने अवसर जुट्नेछ। ठूला व्यक्तिको सद्भावले मान-प्रतिष्ठा एवं पराक्रम बढ्नेछ, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता प्राप्त होला। सन्तान प्राप्तिको योग छ। भदौ २० गतेदेखि साढे सात शनि आरम्भ हुने तथा भदौ ३० गतेदेखि चतुर्थ स्थानमा गुरु नीच भै प्रवेश गर्ने भएकाले असोज महिना कष्टकर बन्न सक्छ। आम्दानीका दृष्टिले वर्ष अनुकूल रहे पनि संयम अपनाउनुहोला। भदौ, पुस र चैत महिना शुभ रहनेछन्। जेठ तथा असोजमा कडा परिश्रम गर्नुपर्नेछ। सफलताका लागि गोपनीयता अपनाउनुहोला।

### वृश्चिक

ग्रह स्थिति राम्रो रहे पनि विवादको सामना गर्नुपर्ला। पराक्रम बढ्नेछ भने धेरै काममा सफलता मिल्नेछ। ढिलै भए पनि आफन्तहरूले कुरा बुझ्नेछन्। धन आर्जन हुनसक्छ। घरजग्गाको बन्दोबस्त हुने सम्भावना छ। सवारी सोधन जोड्ने अवसर प्राप्त हुनेछ। अध्ययनमा रुचि बढ्नेछ। वैदेशिक कार्यमा सफलता प्राप्त होला। तपाईंको लगनशीलता एवं इमान्दारिताले अरूलाई झुक्न बाध्य तुल्याउनेछ। मंसिर १८ गतेदेखि राहु द्वितीय स्थानमा प्रवेश गर्ने हुँदा धन नाश हुन सक्छ। धार्मिक कार्यमा पनि ह्रास आउन सक्छ। वैशाख, असोज तथा माघ महिना शुभ रहनेछन्। असार र कात्तिक कष्टकर हुन सक्छन्। व्यावसायिक रूपले वर्ष अनुकूल रहे पनि सानातिना उल्झनहरू आइरहनेछन्। काम गर्दा आफ्नै प्रयास हुनु आवश्यक छ।

### धनु

समष्टिमा ग्रहगोचर राम्रो छ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। नोकरीमा सम्मान पाउनुहोला। राजनीतिमा गुमेको स्थान प्राप्त हुनेछ। ठूला व्यक्तिले प्रशंसा गर्न थाल्नेछन्। घरजग्गाको बन्दोबस्त पनि होला। सवारी साधन जोड्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता मिल्नेछ। धनमाल हराउन सक्छ। मंसिर १८ गतेपछि स्वास्थ्य गडबड हुनेछ। घरेलु समस्या पनि बढ्न सक्छ। खानपानमा विचार पुऱ्याउनुहोला। विदेश यात्रा गर्ने अवसर जुट्नेछ। जेठ, कात्तिक र फागुन महिना शुभ रहनेछन्। साउन तथा पुस बाधा-व्यवधानयुक्त देखिन्छन्। महत्त्वपूर्ण काम असारअगाडि नै गर्नुहोला।

### मकर

वर्षको सुरुमा ग्रहगोचर राम्रा भए पनि स्वास्थ्य गडबड हुनेछ। खानपानमा विचार पुऱ्याउनुहोला। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। वैदेशिक कार्यमा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। नोकरी एवं राजनीतिमा सफलता पाइनेछ। पदक प्राप्त हुनसक्छ। ठूला व्यक्तिले प्रशंसा गर्न थाल्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त होला। भदौ २० गतेपछि अढैया शनिले छाड्नेछ। प्रगतिका मार्गहरू खुल्नेछन्। वैवाहिक बन्धनमा बाँधिने सम्भावना छ। मंसिर १८ गतेदेखि बाह्रौं राहु प्रवेश गर्ने हुँदा विवाद बढ्नेछ। असार, मंसिर र चैत महिना शुभ रहनेछन्। भदौ र पुस कष्टकर हुन सक्छन्, तसर्थ महत्त्वपूर्ण काम नगर्नुहोला।


### कुम्भ

ग्रहगोचर मध्यम रहनेछन्। वर्षको आरम्भ राम्रो रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मान-सम्मान पाइने योग छ। अरूको मन जित्न सकिनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। शत्रु पराजित हुनेछन्। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। व्यवसायमा लाभ मिल्नेछ। नोकरी तथा वैदेशिक कार्यमा सफलता हात लाग्नेछ। राजनीतिमा गुमेको स्थान फर्काउन सफल हुनुहोला। भदौ २० गतेदेखि शनि अढैया र ३० गतेदेखि बाह्रौं गुरुले प्रवेश गर्ने हुँदा रोग एवं शत्रु बढ्नेछन्। खाँदा तथा बोल्दा होस पुऱ्याउनुहोला । मंसिर १८ गतेदेखि राहु एकादश स्थानमा प्रवेश गर्ने हुँदा आम्दानीको दृष्टिकोणले राम्रो रहे पनि मनमा चिन्ताले डेरा जमाउनेछ। वैशाख, साउन र पुस महिना शुभ रहनेछन्। यी महिना कामका लागि अनुकूल देखिन्छन्। असोज र माघमा संयमित रहनुहोला।

### मीन

ग्रहगोचरका दृष्टिले वर्ष राम्रो रहनेछ। धन आर्जन होला। शत्रु पराजित हुनेछन्। नयाँ काम आरम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा लाभ मिल्नेछ। घरजग्गाको बन्दोबस्त हुनसक्छ। पराक्रम बढ्नेछ। घरेलु काम पूरा हुनेछन्। नोकरी तथा राजनीतिमा सफलता पाइनेछ। ठूला व्यक्ति आकर्षित हुनेछन्। अध्ययनमा सफलता हात हात पर्नेछ। वैवाहिक बन्धनमा बाँधिने योग छ। सन्तान प्राप्तिको बलियो सम्भावना छ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त होला। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। भदौ ३० गतेसम्म बाह्रौं गुरुले चिन्ता बढाए पनि नियमित कार्यमा अवरोध आउनेछैन। मंसिर १८ गतेदेखि राहु दसौं स्थानमा प्रवेश गर्नेहुँदा नोकरी तथा राजनीतिमा विचार पुऱ्याएर काम गर्नुहोला, झूटा आरोप लगाउने प्रयास हुनसक्छ। जेठ, भदौ र माघ महिना शुभ रहनेछन्। कात्तिक र फागुन प्रतिकूल देखिन्छन्।

छोराछोरीलाई अनिवार्य स्कुल पठाऊँ




# वर्षका केही उल्लेख्य घटना

गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वकालमा नेपालमा राजतन्त्र समाप्त भयो। माओवादीप्रतिको अविश्वासका कारण नयाँ सरकार बन्न केही ढिलाइ भए पनि अन्ततः सबैभन्दा ठूलो दल माओवादीले एमालेलगायत अन्य दलसँग मिलेर सरकार चलाउने जिम्मेवारी पायो। संविधानसभाअघि सहमतिको सरकार बन्ने भनिए पनि सरकारमा कांग्रेसलगायत साना दल सहभागी भएनन्। जेठको मध्यमा बसेको संविधानसभाको बैठकले राजतन्त्र समाप्त भएको घोषणा गर्दै राजालाई नारायणहिटी राजदरबार छोड्न १५ दिने अल्टिमेटम दियो। जेठ २९ गते राजा ज्ञानेन्द्रले अन्तिम पटक पत्रकार सम्मेलन गरी नारायणहिटी छोडे र नागार्जुन दरबारमा आश्रय लिए। साउन ४ गते नेपाली जनताको प्रतिनिधित्व गर्दै नेपाली कांग्रेसका डा. रामवरण यादव राष्ट्रप्रतिमा निर्वाचित भए। साउन ३१ गते पुष्पकमल दाहाल गणतन्त्र नेपालका पहिलो प्रधानमन्त्री निर्वाचित भए, तर उनले प्रधानमन्त्रीको शपथ खाइरहेका बेला कोसी तटबन्ध फुटेर अर्बौंको जनधनको क्षति हुनुले माओवादी सरकारका निम्ति पहिलो गाँसमै ढुङ्गा लागेजस्तो भयो। माओवादी सरकार बनेपछि महत्त्वाकांक्षी बजेट प्रस्तुत गरियो। दातृनिकायमा भर परेर तथा ठूलो राजस्व संकलनको अनुमान गरेर ठूलो बजेट आएपछि अर्थविद्हरूले बजेटका कारण महँगी अकासिने अनुमान त्यतिबेलै लगाएका थिए। वर्षको अन्त्यसम्ममा आइपुग्दा राजस्व संकलनमा सरकार सफल भैसकेको छ भने दातृ निकायको सहयोग जुटाउन पनि हरसम्भव प्रयास गरिएको देखिन्छ।

राजमार्गमा सदावहार जाम र राजमार्गमा मारिने प्रत्येकले १० लाख रुपैयाँ पाउने ट्रेन्ड यो वर्ष अझ फस्टायो। त्यस्तै जुनसुकै कारणले मारिएको मानिसलाई अनिवार्य सहिद घोषणा गर्नुपर्ने मागसहितको आन्दोलन पनि वर्षभरि चलिरहयो। तराईसँग सम्बन्धित राजनैतिक दल खुल्ने र फुट्ने क्रम पनि यो वर्ष अत्यधिक रह्यो। ठूला राजनैतिक दल छोडेर मधेसी जातीय दल खोल्ने तथा स्थापित पुराना मधेसी पार्टीमा विद्रोह गरेर नयाँ पार्टी खोल्ने तथा हिंसात्मक गतिविधिका निम्ति सशस्त्र मधेशी दल खोल्ने ट्रेन्ड बस्यो।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सक्रियतामा तराईका विभिन्न विद्रोही संगठनसँग वार्ता भए पनि वार्ताबाट कुनै पनि निकास आएन। वर्षको उत्तरार्द्धतिर धार्मिक आस्थाको केन्द्रलाई पनि राजनीतिमा तान्ने प्रयास गरियो। माओवादी सरकारले पशुपतिमा विदेशी मूलभट्टको सट्टा नेपाली राख्ने निर्णय गरे पनि त्यसमा राजनैतिक नियुक्ति गरिनुले विवाद बढाएको थियो, पछि पुरानै व्यवस्थाले नियमितता पायो।

वर्षलाई एक वाक्यमा समीक्षा गर्दा वर्तमान सरकारले जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नसकेको मात्र होइन, सुशासनसमेत दिन नसकेको भन्न सकिन्छ। नागरिकले सुरक्षाको समेत अनुभूति गर्न नपाएपछि उनीहरू निराश बनेको विश्लेषकहरू बताउँछन्। ठूला राजनैतिक दलका भ्रातृ संगठनहरूको पटक-पटकको भिडन्तले सहमतिको राजनीतिलाई बिगार्ने काम गरिरह्यो। राजधानीलगायत मुख्य सहरी क्षेत्रमा खानेपानीको समस्या वर्षभरि नै विकराल बन्यो। नेपाली राजनीतिमा विदेशी शक्तिको चलखेल यो वर्ष अझ बढेजस्तो देखियो। वर्षको अन्त्यमा आइपुग्दा बेबी किङको प्रसंग पनि चर्चामा आउनुले राजतन्त्रको समाप्ति पूर्ण रूपमा भैसकेको देखिदैन। वर्षको प्रारम्भमा सेना समायोजनको कुरा चर्को रूपमा चले पनि ठोस पहल भने वर्षको अन्त्यसम्म पनि हुन सकेन। सहिद घोषणाको रमाइलो खेल, माओवादी आफैं सरकारमा पुगेर पनि बेपत्ता नागरिकको यथार्थ विवरण आउन नसक्नुले पनि सरकारको असफलता नै दर्शाउँछ।

**आन्दोलन नै आन्दोलन**

जनआन्दोलन भाग-२ ले लोकतन्त्रको स्थापना मात्र गरेन, राजतन्त्रलाई समूल नष्ट पनि गऱ्यो। जनआन्दोलनको नकारात्मक पक्षका रूपमा जथाभावी आन्दोलन गर्ने ट्रेन्डले मौलाउने अवसर पायो। यसले समाज असहिष्णु बनेको यसले प्रस्ट्याउँछ। अर्को नराम्रो पक्ष यो वर्ष आन्दोलनका क्रममा दण्डहीनताका थुप्रै श्रृंखला देख्न तथा सुन्नमा आए। बिरामी बोकेको एम्बुलेन्स तोडफोड गर्ने, अखबार जलाउने काम, सामान्य नागरिकमाथि अभद्र व्यवहार गर्ने जस्ता घटना दोहोरिइरहे। श्रमिक आन्दोलनले श्रमिकहरूको न्यूनतम तलब निर्धारण गरे पनि आन्दोलनको नाममा मनपरि व्यवहारका कारण स्थापित उद्योगहरूले श्रमिक कटौती गर्ने बाध्यता आइपऱ्यो। माओवादी सरकारले पटक-पटक प्रतिबद्धता जनाए पनि जग्गा फिर्ता गर्ने काम हालसम्म नहुनुले विस्थापितहरूको अवस्था अझै दयनीय छ।

**असुरक्षाको डरलाग्दो स्थिति**

मानिस मारिने क्रम यो वर्ष पनि जारी रह्यो। अज्ञात समूह, तराईका सशस्त्र समूह र ठूला राजनैतिक दलका भ्रातृ संगठन हत्या-हिंसाका श्रृंखलाका जिम्मेवार रहे। पत्रपत्रिकामा आएका हत्या तथा बम विस्फोटमा परेर मृत्यु हुनेहरूको यो संख्याले नेपाली जनता अझै पनि असुरक्षित छन् भन्ने कुरा नै दर्शाउँछ।

• सम्पादकीय •

# नववर्ष मंगलमय होस्

विक्रम संवत् २०६४ को आजकै दिन अर्थात् चैत २८ गते नेपाली जनताले आफ्नो सार्वभौमिक अधिकारलाई प्रयोग गर्दै नयाँ नेपाल निर्माणका लागि नयाँ संविधान लेख्न संविधानसभाको निर्वाचनमा मतदान गरिरहेका थिए। त्यसबेला नेपाली जनतामा देखिएको उत्साहलाई शब्दचित्रमा उतार्दै हामीले लेखेका थियौं– हामी नेपाली एउटा नयाँ युगको प्रतीक्षा गरिरहेका छौं। बितेको एक वर्षमा मुलुकले संविधानसभा पायो, एकदशक लामो जनयुद्धलाई समापन गरेर राजनीतिको मूल बाटोमा शान्तिपूर्ण अवतरण गरेको नेकपा माओवादीको नेतृत्वमा नयाँ सरकार पनि बन्यो। त्यस्तो अवस्थामा नेपाली जनताले आफ्ना इच्छा र आकांक्षालाई फराकिलो आकाशमा उडाउने चाहना राख्नु स्वाभाविक थियो, तर वर्ष २०६५ नेपाली जनताले सोचेजस्तो फलदायी देखिएन। मुलुकमा हत्या, हिंसा, अपहरणजस्ता आपराधिक गतिविधि, भ्रष्टाचार, ढिलासुस्ती, अकर्मण्यताजस्ता शासकीय कमजोरी, महँगी, अभाव र बेरोजगारीजस्ता समस्याहरू ज्यूँका त्यूँ रहे। त्यसो हुनुका पछाडि जनताको पछौटेपन जिम्मेवार छ वा जनतालाई नेतृत्व दिइरहेका राजनैतिक दलहरूमा देखापरेको व्यवस्थापकीय क्षमताको अभाव, यसको लेखाजोखा समयले नै गर्नेछ।

नेपाल र नेपालीका लागि नयाँ संविधान लेख्न गठन गरिएको संविधानसभा अहिले आफ्नो मध्यकालमा छ। त्यसले आफ्नो जिम्मेवारी सहजताका साथ निर्वाह गर्नेछ भन्ने आशा नेपाली जनतामा जीवितै छ। बितेका दिन जे-जस्ता राम्रा-नराम्रा भए पनि आगामी दिनहरूमा सरकार तथा राजनैतिक दलहरू देश र जनताप्रति जिम्मेवार हुनेछन्, उनीहरू आ-आफ्नो कर्तव्यपथमा अविचलित रहनेछन् भन्ने आशा गर्नु स्वाभाविक हो। हामी आशा गरौं, २०६६ सालमा नेपाली जनताले अहिलेसम्म बेहोर्दै आएका सबै किसिमका अप्ठ्याराबाट छुट्कारा पाउने नयाँ बाटोको पहिचान हुनेछ। त्यो बाटोले हामी सबैलाई सुखी र समृद्ध समाजतर्फको यात्रामा डोऱ्याउनेछ। जहाँ कुन पहाडी–कुन मधेसी, कुन उच्च जातको–कुन तल्लो जातको, कुन जनजाति–कुन आदिवासी, कुन पुरुष–कुन महिला सबै नेपालीले मानवोचित अधिकारसहितका स्वतन्त्रता र समानताका आधारमा आफूलाई एउटा नेपालीका रूपमा गर्व सक्ने वातावरण पाउनेछन्। यही विश्वासका आधारमा हामी वर्ष–२०६६ प्रवेशका अवसरमा सम्पूर्ण पाठक, विज्ञापनदाता, वितरक एवं शुभेच्छुकहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं।

वर्ष २०६६ सबै नेपालीका लागि मंगलमय रहोस्।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*


# कहिले आउला त्यो दिन ?

हामी धेरैचोटि लड्यौं, धेरै मऱ्यौं। सुन्दर भविष्यका लागि धेरै रगत बगायौं। धेरै सपना देख्यौं। तर आजसम्म हामी पुरानै काइदाको डुङ्गामा छौं। हामी क्रान्ति गर्ने बेला सबै जुट्छौं तर क्रान्तिपछि विकास गर्ने बेला सबै फुट्छौं।

क्रान्तिताका झुप्रामा भोकभोकै रात काट्ने हामी सत्ताको टाँढ चढेपछि भुइँको कथा सप्पै बिर्सन्छौं। चुनाव आएपछि टाँढवासी भुइँमा झर्ने कष्ट गर्छौं, गतिला-गतिला नारा लगाउछौं, भुइँवासीलाई ठूलाठूला सपना देखाउँछौं। चुनाव जित्ने फेरि पुरानै तालमा टाँढ चढ्छौं, भुइँ र चुनावी नारा भुल्छौं, ज्यानमा बोसो लाग्न थाल्छ। चुनाव हार्ने जित्नेको विरोध गर्न थाल्छौं, 'यो भएन त्यो भएन' भन्दै कराउन थाल्छौं, कनिका भए नि निहुँ पुग्छ हामीलाई, सडकमा उफ्रेर सरकारको 'कुरीकुरी' गर्न थाल्छौं।

हामी जे पाए त्यही बोल्छौं, सस्ता र नगदी कुरा बढी गर्छौं। कुरा नगर्दा खपिनसक्नु हुन्छ हामीलाई। आफ्नो कुरामा अरूले ताली पड्काइदिए हामी मख्ख पर्छौं, नाक फुलाउछौं। 'नयाँ नेपाल' का लामा भाषण र बहस गर्छौं तर कामको नाउँमा सिन्को भाँच्दैनौं।

हामी जहाँ पाए त्यहीं बिस्ट्याउँछौं अनि फोहोर भयो भन्दै नाक खुम्च्याउँछौं। आफ्नो आङको भैँसी नदेखी अर्काको आङको जुम्रामाथि खिसी गर्छौं।




हामी दर्शनका कुरा गर्छौं, हाम्रा भिन्न-भिन्न आस्था छन्। जे भए पनि सायद हामी कोही पनि आफ्नो देशको कुभलो चाहन्नौं। लक्ष्मीप्रसाद देवकोटाले भनेझैँ 'सुन्दर, शान्त र विशाल' नेपाल चाहिएको छ हामीलाई। हो, हामी भूगोलमा साना छौं तर इतिहासले हामीलाई सलाम गर्छ। हामी त वीर वीरङ्गानाका सन्तान, आफ्नो राष्ट्रियताको लागि हाँसीहाँसी मर्न तयार हुने पुर्खाका सन्तान। हामी भौतिक रूपले विपन्न छौं तर कति कुसंस्कारको तलाउमा पौडिरहने ?

नयाँ नेपालको समान सपना तुनेका प्रचण्ड र गिरिजाबाबु किन दुई विपरीत ध्रुवमा उभिएर ठूला आशा बोकेका जनतालाई निराशाको कुरुप तमासा देखाइरहेका छन् ?

नाइँ, अबको नेपालमा यो विकृत परम्पराको अन्त्य हुनैपर्छ। यदि साँच्चै लडाइँ गर्ने हो भने भोकको विरुद्ध लडौं, अशान्तिका विरुद्ध लडौं, गरिबीका विरुद्ध लडौं, सभ्य नेपालको लागि लडौं।

ए मेरो साथी म त सपना देखिरहेछु,

बूढा गिरिजाबाबु र अधबैँशे प्रचण्ड हातमा हात मिलाएर विकास निर्माणको नेतृत्व गर्दै छन् वाईसीएल, युथ फोर्स र तरुण दस्ताका तन्नेरीहरू फगत नेपाली युवा भएर कलम, कुटो र कोदालो चलाउँदै छन्। भोका पेटहरू भरिएका छन्, नाङ्गा जीउहरू छोपिएका छन्। हामी सबै नेपाली भएका छौं, खुसी छौं, स्वतन्त्र छौं, अनुशासित छौं। विश्वले एकतमासले हेरिरहेछ सुन्दर, शान्त र विशाल नेपाल।

ए मेरो साथी, कहिले आउला त्यो दिन ?


**–विजयमणि पौडेल**

# नयाँ संकल्पका लागि नववर्ष नै किन ?

बाल्यावास्थादेखि युवावस्था र युवावस्थादेखि वृद्धावस्थासम्म व्यक्तिको जीवनयात्रा आशा-निराशा, सफलता, सुख-दुःखको उकाली-ओराली, उज्यालो-अँध्यारोबीच निरन्तर रूपमा जारी रहन्छ। हरेक पटक नयाँ वर्ष नौलो उत्साहका साथ आगमन हुन्छ र चाँडै नै व्यतित पनि हुन्छ। कैयन्ले नयाँ संकल्प लिन्छन् भने कैयनले लिंदैनन्। कोही नाम कमाएर जान्छन् त कोही भीडमा आफ्नो पहिचानको खोजीमै हराउँछन्। आज हामी छौं भोलि नरहने सम्भावना पनि उत्तिकै छ। कैयन् संकल्पले जन्म लिन्छन्, कैयनका इच्छा पूरा हुन्छन्, कैयनका अधुरा रहन्छन्। नयाँ वर्षले केही आशा र राम्रा कुरा समेटेर आउला त केही अकल्पनीय परिणाम पनि आफूमा सँगालेको होला। यी यथार्थका बाबजुद पनि व्यक्तिको प्रयास सदैव यही रहन्छ कि ऊ स्वयं र उसको भावी पुस्ता सुख-शान्तिसँग रहन सकोस्, आराम र सफल जीवन व्यतित गर्न सकोस्।

प्रत्येक व्यक्तिको मनमा कहींकतै यो चाहना लुकेर रहेको हुन्छ कि उसले केही त्यस्तो कार्य गर्न सकोस् जसका कारण कालन्तरसम्म पनि उसको समाज र उसका वरपरका व्यक्तिले उसलाई सम्झिरहोस्। यसैका लागि ऊ जीवनभर प्रयत्नशील रहन्छ, कैयनले उपलब्धि प्राप्त गर्छन्, कैयन्ले बाटाहरू पहिल्याउँछन्। यस क्रममा व्यक्तिले अतीतका गल्तीलाई सुधार्ने प्रयास गर्छ, असफलतालाई सफलतामा बदल्ने अनेकन उपाय खोज्छ। कहिले ऊ सफलताको उत्साहमा रम्न पुग्छ त कहिले असफलताका कारण निराश हुन्छ, तथापि उसको संघर्ष रोकिंदैन। ऊ प्रतिकूल परिस्थितिसित लड्छ, चुनौतीलाई स्वीकार गर्छ र अघि बढ्ने हरसम्भव प्रयत्न गर्छ। यी सबै परिश्रमका पछाडि उसको एउटै चाहना हुन्छ हजारौं, लाखौं मानिसको भीडमा आफ्नो छुट्टै पहिचान बनाउने, सफलता हासिल गर्ने, केही सामाजिक सरोकारका साथ आफ्नो जीवनको उद्देश्य पूरा गर्ने, समाजमा आफ्नो महत्त्व र भूमिकालाई स्पष्ट पर्ने आदि।

विभिन्न उत्सव, महोत्सव, चाडपर्व, पारिवारिक, धार्मिक एवं सामाजिक आयोजना जस्तै नयाँ वर्ष पनि सुख, शान्ति, आराम, आनन्दको खोजीमा व्यक्तिले आफूमा ऊर्जा समेट्ने समय हो। व्यक्ति सदैव आत्मिक सुखको खोजीमा रहन्छ। जीवनमा केही कुरा सहज रूपमा प्राप्त हुन धेरै संघर्ष गर्नुपर्ने हुन्छ। कैयन् अवस्थामा संघर्षपश्चात् पनि व्यक्तिले



चाहना गरेअनुरूपको सफलता प्राप्त गर्छ भन्ने हुँदैन। त्यो कुरा प्राप्तिका लागि पनि व्यक्तिले नयाँ वर्षमा संकल्प गर्छ। कैयन् कुरा स्थिति-परिस्थितिका कारण पूरा गर्न सकिंदैन। ती प्रतिकूलतालाई अनुकूलतामा बदल्न पनि व्यक्तिले नयाँ वर्षमा संकल्प लिन्छ। नयाँ लक्ष एवं उद्देश्य प्राप्तिका लागि पनि संकल्प लिइन्छ। यदि वितेको वर्ष राम्रो भएन, असफल र निराशाजनक रह्यो भने आउँदा दिनहरू सुखमय हुन् भन्ने आशा एवं कामना सबैमा हुन्छ। समय अगाडि बढ्छ र हामी अतीतलाई छोडेर सुखद भविष्यको आशा एवं खोजीतर्फ उन्मुख हुन्छौं।

नयाँ वर्षको अवसर र बहानामा हामी आफ्नो आत्मचिन्तनका लागि स्वमूल्यांकनका लागि समय र अवस्था सिर्जना गर्छौं। परिवार, मित्रजन, शुभचिन्तकहरूसित शुभकामना आदान-प्रदान गरेर आफ्नो सामाजिक दायरालाई फराकिलो पार्छौं। सम्भवतः हाम्रा चाहना र सोंचाइले मूर्तरूप पाउला तर आशामै मानव जीवन अडेकाले त्यही आशाको सहारामा हामी हाम्रा लक्ष तय गर्नेतर्फ उन्मुख हुन्छौं।

नयाँ वर्ष नयाँ संकल्प। नयाँ संकल्पका लागि नयाँ वर्षको आगमन हरेक व्यक्तिका लागि आफ्नै ढंगले महत्त्व राख्छ। तथापि हरेकका संकल्पले गति लिन्छ र मूर्त रूप पाउँछ भन्ने छैन, किनकि संकल्प पूरा गर्न दृढ इच्छाशक्ति हुनु आवश्यक छ। जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै इच्छाशक्ति छ भने असम्भव केही पनि छैन। त्यो इच्छाशक्तिलाई ऊर्जाका रूपमा आफ्नो उद्देश्य प्राप्तिका लागि प्रयोग गर्न निरन्तर लगनशीलता, परिश्रम, धैर्यता एवं अनुशासनको आधारलाई पछ्याउनु पनि उत्तिकै आवश्यक छ।

नयाँ वर्ष एउटा तरिका मात्र हो, एउटा क्यालेन्डर जो हरेक घर-कार्यालयको भित्तामा वर्ष वितेसँगै परिवर्तन भैरहन्छ। जसले समयको निरन्तरताको पानामा परिवर्तनलाई सूचित गर्छ। क्यालेन्डरको पानामा पहले तरिका परिवर्तन हुन्छ, त्यसपछि दिन, महिना अनि वर्ष। यो परिवर्तनका अनेकन चक्र वितिसकेपछि एक दिन अचानक समयको ऐनाले व्यक्तिलाई उसको जीवनयात्राको अन्तिम विन्दु देखाइदिन्छ र ऊ आफूले के पाएँ के गुमाएँ भन्ने कुराको लेखाजोखा गर्न थाल्छ। यथार्थमा व्यक्तिसित गुमाउने कुरा केही पनि हुँदैन। किनकि जुन कुराले कुनै समय असफलताका सम्बन्धमा आभास दिलाउँछ त्यही कुराले केही समय व्यतित भैसक्दा वास्तवमै यो कुरा हाम्रा लागि राम्रो थिएन भन्ने ज्ञान हुन्छ। त्यसैगरी जुन सफलतामा व्यक्ति खुसीले पागल हुन्छ त्यही कुरा कालन्तरमा गएर पश्चातापका कारण समेत बन्न पुग्छ। त्यसैले सफलता र असफलता क्षणिक हुन्छ र जतिबेला त्यसको आभास हुन्छ त्यो त्यही समाजका लागि मात्र रहन्छ। सही समयमा जसले उचित निर्णय लिन सक्छ जीवनको वास्तविकता बुझ्ने क्षमता जसमा हुन्छ, उसले नयाँ संकल्प लिनका लागि नयाँ वर्षकै प्रतीक्षा गर्नुपर्छ भन्ने छैन। किनकि समय सबैभन्दा बलवान् हुन्छ र समय नै त्यो औषधी हो जसले हरेक घाउमा मल्हमको काम गर्छ। हरेक पाप, पुण्य, नीति, अनीति, उचित, अनुचित सबै कुराको हिसाब समयले नै गर्छ।

हरेक क्षण आफैमा महत्त्वपूर्ण हुन्छ, नयाँ हुन्छ एव्र जीवनमा नयाँ दिशा र दृष्टिकोण लिएर आगमन हुन्छ। कुनै पनि क्षणलाई महत्त्वहीन वा अर्थहीन मान्न सकिंदैन। हामी के हौं, को हौं, कुन दिशामा उन्मुख भैरहेका छौं, हाम्रा मूल्य मान्यता के हुन्, सामाजिक सरोकार के हो ? ती सबैलाई बुझ्नु, आत्मसात गर्न सक्नु नै सही अर्थमा नयाँ वर्षको संकल्प हो।

**–रोजिन शाक्य**

# चर्चित अनुहारहरू

विक्रम संवत् २०६५ हामीबाट बिदा हुँदैछ। पुरानो वर्ष बिदा हुनु र नयाँ वर्ष प्रारम्भ हुनु समयचक्रको नियमितता हो, तर यस्तो नियमिततामा समयले आफ्ना त्यस्ता डोबहरू छाडेर जान्छ जसलाई हामीले चाहेर पनि मेटाउन सक्दैनौं। २०६५ सालको कुरा गर्दा नेपाली समाज र राजनीतिमा प्रत्यक्ष प्रभाव पार्ने थुप्रै घटना घटे। ती घटनाहरूले हाम्रो समाजमा कतिपयलाई नायकका रूपमा र कतिपयलाई खलनायकका रूपमा स्थापित गर्‍यो। उनीहरूको सफलता वा असफलता, राम्रो वा नराम्रो कामलाई नेपाली इतिहासले सदैव स्मरण गर्ने विश्वास गरिएको छ।



नेपाल राष्ट्रको प्रारम्भ बिन्दुदेखि एकीकरण अभियान र आधुनिकतातर्फको यात्रामा अग्रपंक्तिमा रहँदै आएको शाहवंशीय राजतन्त्रको अवसान वर्षको उल्लेख्य घटना रह्यो। २०६४ चैत २८ गते सम्पन्न संविधानसभाको निर्वाचनपछि गठन भएको संविधानसभाले राजतन्त्रलाई बिदा गर्ने निर्णय गरेपछि राजा ज्ञानेन्द्र गद्दीच्युत हुन बाध्य भए। उनको बहिर्गमन सँगसँगै २ सय ४० वर्ष पुरानो नेपाली राजतन्त्र पनि इतिहासको विषय हुन पुग्यो। राजतन्त्रको बिदाइसँगै संविधानसभाले नेपाली कांग्रेसका नेता डा. रामवरण यादवलाई नेपालको पहिलो राष्ट्रपतिका रूपमा निर्वाचित गरेर राष्ट्र प्रमुखको उत्तरदायित्व निर्वाह गर्न जनताको छोरोलाई सर्वोच्च पदमा पुर्‍यायो।

सत्ताको खेलमा यो वर्ष नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला पछारिए भने नेपाली कम्युनिस्ट पार्टी (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले सत्तारोहण गरे। एकदशक लामो हिंसात्मक जनयुद्धमार्फत आफ्नो राजनैतिक नेतृत्वमा प्रचण्डले जुन सफलता पाए त्यसको चरमोत्कर्षका रूपमा उनी प्रधानमन्त्री चुनिए।

कामभन्दा कुरा बढी गर्ने नेपाली संस्कार यो वर्ष नेकपा एमालेमा देखियो। संविधानसभा निर्वाचन अघिसम्म आफूलाई सबैभन्दा ठूलो राजनैतिक दलका रूपमा दाबी गर्दै आएको नेकपा एमाले र त्यसका नेता माधवकुमार नेपाल संविधानसभा निर्वाचनमा नराम्रोसँग पछारिए। दुई निर्वाचन क्षेत्रबाट पराजित भएपछि पार्टी महासचिवबाट राजीनामा गरेका नेपालमा सत्तामोह बाँकी रहेछ भन्ने कुरा उनको संविधानसभा प्रवेशले पनि प्रमाणित गर्‍यो।

सत्ता निष्ठाको कुरा मात्र होइन, जालझेल पनि हो भन्ने कुरा नेपाली सेनाका महारथी रुक्माङ्गद कटुवाल र रक्षामन्त्री रामबहादुर थापाबीच चलेको जुहारीले पनि प्रमाणित गर्‍यो। यी दुवै व्यक्तित्व माओवादी जनसेना र नेपाली राष्ट्रिय सेनाको समायोजन, नेपाली सेनामा भर्ती प्रकरण, नेपाली सेनाका आठ जर्नेलको अवकाश र पुनर्बहाली प्रकरणमा मुछिए।

नेपालका राजनैतिक दलहरू महाधिवेशनमार्फत् अप-टु-डेट हुन नसकेको वा हुन नचाहने चर्चा चलिरहेकै बेला यसै वर्ष नेकपा एमालेले आफ्नो महाधिवेशन सम्पन्न गर्‍यो। उक्त महाधिवेशनले संस्थापक नेता झलनाथ खनाललाई अध्यक्ष निर्वाचित गर्‍यो।

फुट्ने र जुट्ने नेपाली राजनैतिक दलहरूको पुरानो रोग यो वर्ष सत्तारूढ नेकपा माओवादीमा देखा पर्‍यो। आफ्नो व्यवहारका कारण चर्चामा रहँदै आएका मातृका यादवले आफ्नो पार्टीबाट विद्रोह गरी




नेकपा (माओवादी) को पुनर्गठन गरे। यसअघि नेकपा माओवादीले नेकपा एकता केन्द्रसँग एकीकरण गरी नारायणकाजी श्रेष्ठ (प्रकाश)लाई दोस्रो स्थानको नेताका रूपमा स्वीकार गरेको कुरालाई यादवले अस्वीकार गरे। यही प्रकरणपछि प्रकाश पनि कोठे राजनीतिका माहिर खेलाडीका रूपमा स्थापित भए।

राजनीति र अपराधका बीच कुनै सम्बन्ध हुन्छ कि हुँदैन ? भन्ने बहस नेपालमा मात्र होइन, संसारभरि नै चलिरहेको छ। यो बहसलाई चिर्दै राज्यले अपराधी ठहर गरेका बबन सिंह रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारका रूपमा संविधानसभामा निर्वाचित भए। उनको निर्वाचनले सम्पूर्ण निर्वाचन प्रक्रियालाई नै कठघरामा उभ्यायो।

यसैवर्ष नेपाली समाज जातीय तथा क्षेत्रीय राजनीतिको क्रीडास्थलका रूपमा विकसित भएको संकेत देखियो। कुनै बेला नेपाली कांग्रेसको प्रभावशाली नेता मानिने महन्थ ठाकुर तराई मधेस लोकतान्त्रिक पार्टी गठन गरेर क्षेत्रीय राजनीतिमा रमाए भने नेकपा एमालेबाट आफ्नो राजनैतिक जीवन प्रारम्भ गरेका उपेन्द्र यादव नेकपा माओवादी हुँदै मधेसी जनाधिकार फोरम गठन गरेर नेपाली राजनीतिमा धुमकेतुसरह उदाए।

राजनीतिमा भाषाको कुनै स्थान हुन्छ कि हुँदैन ? यो बेग्लै बहसको विषय हुनसक्छ। यही भाषाको कुराले उपराष्ट्रपतिमा निर्वाचित भएका परमानन्द झालाई पनि यो वर्ष चर्चाको विषय बनायो। उपराष्ट्रपति निर्वाचित भएपछि हिन्दी

**बाँकी पृष्ठ २० मा**




होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर, बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर, नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि 4464720, 9841-891131, 98510-93629



होटल तालिम
नवौं बर्ष प्रवेश विशेष छुट
* अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
* थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
* स्पेशल कोर्ष पनि गराईन्छ।
कुक, वेटर, बारमेन, जापनीज कुक, सेक्यूरेटी गार्ड
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, म्हेपी जाने मोड 4352846

# विद्यार्थीको ध्यान ब्रिजकोर्समा

शिव मुखिया

भक्तपुरका अर्जुन थापा आफू एसएलसी परीक्षा उत्तीर्ण हुने कुरामा ढुक्क छन्। त्यसैले उच्च शिक्षाका लागि अहिलेदेखि नै तयारी गर्ने ध्याउन्नमा छन् उनी। 'आफूले अध्ययन गर्न चाहेको विषयका सम्बन्धमा जानकारी लिन ब्रिजकोर्सको खोजीमा छु,' साप्ताहिकसँगको भेटमा अर्जुनले भने। भक्तपुरकै आरती खड्का पनि ब्रिजकोर्स गर्ने सोचमा छिन्। एसएलसी परीक्षा राम्रोसँग दिएकाले नतिजा पनि राम्रै हुने अपेक्षासाथ उनी ब्रिजकोर्सको खोजीमा जुटेकी हुन्। 'रिजल्ट आउने समयसम्म ब्रिजकोर्स गर्ने हो,' आरती भन्छिन्। त्यसो त अर्जुन र आरती मात्र होइनन्, एसएलसी परीक्षापछि फुर्सदिला बनेका थुप्रै विद्यार्थी यतिबेला विभिन्न इन्स्टिच्युटतिर धाइरहेका छन्।

एसएलसीपछिको फुर्सदिलो समयमा पनि क्रियाशील बन्न एवं बाँकी अध्ययनको लक्ष्य पहिल्याउन उनीहरू ब्रिजकोर्सको खोजीमा इन्स्टिच्युटको ढोका ढकढक्याउन पुगेका हुन्। एसएलसीपछि र कलेज प्रवेश गर्नुअघिको खाली समय फलदायी बनाउन विद्यार्थीहरूले इन्स्टिच्युट धाउने गरेको पाइन्छ। बानेश्वरका धीरज कार्की भन्छन्– 'फुर्सदलाई फलदायी बनाउन ब्रिजकोर्स गरिन्छ।' उनी पनि ब्रिजकोर्स अध्ययन गर्ने उपयुक्त इन्स्टिच्युटको खोजीमा छन्।

विज्ञ प्राध्यापक एवं शिक्षकको समूहले बनाएका पाठ्यक्रमका आधारमा सञ्चालन हुँदै आएको ब्रिजकोर्स यतिबेला थुप्रै विद्यार्थीको रोजाइ बन्न थालेको छ। खासगरी एसएलसीपछि पनि पढ्ने बानीलाई निरन्तरता दिन र उच्च शिक्षाका लागि पूर्वतयारी गर्न ब्रिजकोर्स भरपर्दो माध्यम बनेको छ। 'एसएलसीपछिको रिक्त समय पूर्ति गर्न ब्रिजकोर्स आवश्यक छ,' अल्फाबिटा इन्स्टिच्युटका द्विराज शर्माले भने- 'यसले विद्यार्थीहरूको अध्ययनलाई निरन्तरता दिन्छ।' ब्रिजकोर्सले विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि कुन विषय पढ्ने भन्ने स्पष्ट मार्गनिर्देश गर्ने शर्माको भनाइ छ। राम्रो कलेजको प्रवेश परीक्षा उत्तीर्ण गर्न पनि ब्रिजकोर्सको महत्त्व बढ्दै गएको उनी बताउँछन्।

विद्यार्थीहरू मात्र होइनन् अभिभावकले समेत आफ्ना छोराछोरीलाई एसएलसीपछि ब्रिजकोर्सका लागि प्रेरित गर्ने गरेका छन्। कपनका फुर्वा शेर्पा आफ्नी छोरीका लागि ब्रिजकोर्स गर्ने इन्स्टिच्युटको खोजीमा लागेका छन्। 'खाली समय त्यसै राख्यो भने बिग्रने डर हुन्छ,' शेर्पा भन्छन्- 'त्यसैले पढाइमा तल्लीन राख्न ब्रिजकोर्स गराउने हो।' एसएलसीपछि फुर्सदिला बनेका छोराछोरीहरूले अभिभावकलाई पिरोल्ने गरेको शेर्पा बताउँछन्। 'कुलतमा फस्ने बेला यही हो,' शेर्पा भन्छन्- 'त्यही भएर उनीहरूलाई व्यस्त राख्नुपर्छ।'

स्कुले जीवनमा कडा अनुशासन र नियमभित्र बाँधिएका विद्यार्थीहरू एसएलसीपछि आफूलाई खुला एवं स्वतन्त्र महसुस गरेर फुर्सदको दुरुपयोग गर्ने भय रहन्छ। त्यसैले उनीहरूलाई खुला रूपमा छाडा छोड्नुभन्दा पढाइमा निरन्तर लगाउन ब्रिजकोर्स राम्रो माध्यम बनेको अभिभावकहरूको धारणा छ। कौशलटारका पूर्ण श्रेष्ठ भन्छन्- 'एसएलसीपछिको फुर्सदमा ब्रिजकोर्स गराउनु राम्रो हो।' श्रेष्ठका अनुसार ब्रिजकोर्सले छोराछोरीको पढ्ने बानीलाई निरन्तरता दिनुका साथै, उच्च शिक्षा अध्ययनका लागिसमेत सहज वातावरण बनाउँछ।

ख्वप इन्जिनियरिङ कलेज, भक्तपुरमा अध्ययनरत संगीता श्रेष्ठको अनुभवमा ब्रिजकोर्सले कलेज तहमा प्रवेश गर्न निकै सहज भूमिका खेल्ने गरेका छन्। संगीता भन्छिन्– 'ब्रिजकोर्स गरे कलेज तहको अध्ययन गर्न धेरै सजिलो हुन्छ।' स्कुलबाट कलेजको वातावरणमा घुलमिल हुन एवं अध्ययन गर्ने विषयका सम्बन्धमा जानकारी लिन ब्रिजकोर्स महत्त्वपूर्ण रहेको उनी बताउँछिन्।

यस वर्ष एसएलसी दिएका ४ लाखभन्दा बढी विद्यार्थी फुर्सदमा छन्। फुर्सदको समय कसरी बिताउने भन्ने कुराले पनि धेरै विद्यार्थीलाई सताइरहेको हुनसक्छ। यसबेला भ्रमण, मनोरञ्जन, खेलकुदमा लाग्ने योजना पनि धेरैले बुनेका होलान्, तर समय कटाउने बहानामा कुलतमा फस्ने डर पनि यही बेला हुन्छ। त्यसैले यो समयमा अभिभावकहरूले छोराछोरीलाई शैक्षिक स्तर वृद्धि गर्ने क्रियाकलापमा सरिक गराउनु उपयुक्त हुने अल्फाबिटाका शर्माले बताए।

ब्रिजकोर्सअन्तर्गत विभिन्न विषयका सम्बन्धमा पूर्वतयारी गराइन्छ। उच्च शिक्षामा कस्तो विषय छनौट गर्ने भन्ने अन्यौल हटाउन पनि ब्रिजकोर्स अपरिहार्य बन्दै गएको विज्ञहरू बताउँछन्। साइन्सअन्तर्गत बायोलोजी, फिजिक्स, म्याथ, अंग्रेजी र जीके पढाइन्छ। त्यस्तै नर्सिङमा स्टाफ नर्स, एचए, ल्याब, रेडियोलोजी, फार्मेसी, फिजिक्स, केमेस्ट्री, म्याथ, अंग्रेजी र जीके अध्ययन गराइन्छ।

एसएलसीपछि ब्रिजकोर्स अध्ययन गर्नु उपयुक्त हुने कोरोना इन्स्टिच्युटका विकास दाहाल बताउँछन्। 'कलेज र स्कुलबीचको दूरी घटाउन पनि ब्रिजकोर्स अपरिहार्य बनेको छ,' दाहाल भन्छन्- 'स्कुले जीवनबाट कलेज जानुअघिको पुल हो ब्रिजकोर्स।' विद्यालय र कलेजको पाठ्यक्रमबीच असन्तुलन भएको विज्ञहरूको धारणा छ। यस्तो असन्तुलन हटाउन ब्रिजकोर्सको आवश्यकता बढ्दै गएको हो। 'कक्षा दसका पाठ्यक्रम पढेका विद्यार्थीलाई प्रवीणता तहको एवं प्लस टुको पाठ्यक्रमसँग तालमेल मिलाउन निकै गाह्रो हुन्छ,' क्याम्ब्रिज इन्स्टिच्युटका गोपाल भण्डारी भन्छन्- 'दुई तहबीचको पाठ्यक्रममा सन्तुलन मिलाउन ब्रिजकोर्सको आवश्यकता भएको हो।'

विद्यालय जीवन पार गरेर कलेजमा भर्ना हुन गएका विद्यार्थीहरू विषय छनौटदेखि विविध समस्यमा अल्झिरहेका हुन्छन्। परिवार एवं समाजको दबाबमा विषय छनौट गर्न बाध्य हुने ती विद्यार्थीहरू आफ्नो लक्ष्यबाटै विचलित पनि हुने गरेका छन्। यही समस्याको समधान खोज्न ब्रिजकोर्सको अपरिहार्यता बढ्दै गएको भण्डारी बताउँछन्।

'शिक्षा निरन्तर प्रक्रिया हो,' भण्डारी भन्छन्- 'यसलाई बीचमा ग्याप राख्नु राम्रो होइन।' कुनै पनि वस्तुलाई नचलाई राख्दा खिया लागेझैं मस्तिष्कलाई निष्क्रिय राख्न नहुने भण्डारीको तर्क छ। एसएलसीपछि पनि विद्यार्थीको मस्तिष्कलाई सक्रिय राख्न ब्रिजकोर्स गर्नु आवश्यक रहेको भण्डारीको तर्क छ।

ब्रिजकोर्सका सकारात्मक पक्ष मात्र छैनन्। ब्रिजकोर्सको नाममा इन्स्टिच्युटहरूले व्यापार गरिरहेको आरोप कतिपयको छ। एसएलसी परीक्षा दिइरहेका विद्यार्थीलाई ढोकामै आएर ब्रिजकोर्सको निम्तो दिने कतिपय इन्स्टिच्युटले शिक्षाको आडमा व्यापार गरिरहको पाइन्छ। राम्रो क्याम्पसमा प्रवेश परीक्षा उत्तीर्ण गर्न ब्रिजकोर्सले दिने तयारी कक्षा खासै प्रभावकारी नहुने विनोद सुब्बाको तर्क छ। 'दक्ष विद्यार्थीलाई ब्रिजकोर्सको आवश्यक्ता छैन' सुब्बा भन्छन्। स्कुल र कलेजबीचको खाडल पुर्ने काम ब्रिजकोर्सले गर्ने भनिए पनि ब्रिजकोर्सबाट विद्यार्थीले त्यस्तो उपलब्धि हासिल गर्न नसकेको गुनासो कतिपय अभिभावकको छ।

"विगत वर्षहरुमा उत्कृष्ट नतिजा ल्याउन सफल"
प्राइभेट TEST/SLC-066
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास / फेल र Test/SLC फेल भएर स्कूल जान नसकेका विधार्थीहरुको लागि अध्यायन गर्ने सुवर्ण अवसर...............................
कक्षा समय: विहान, दिउसो, बेलुका/माध्यम: नेपाली, अंग्रेजी दुबै
NIOS +2 १ बर्षमै पास गर्न चाहनुहुन्छ ?
SLC पास भई कम्तीमा १ बर्ष ग्याप भए १ बर्षमै +2 गर्न सकिने ।
विस्तृत जानकारीको लागि
कोसेट इन्टरनेशनल ओपन स्कूल
लाजिम्पाट (प्रहरी विट संगै), फोन: ४१६०७३६,९८४१२६४५१४

# एसएलसीपछिको समय

रामचन्द्र अधिकारी

यस वर्षको एसएलसी परीक्षा सकिएको छ। परीक्षा दिइसक्नेहरूलाई लामो र रमाइलो फुर्सद मिलेको छ। यी विद्यार्थीहरू जीवनमा पहिलो पटक यस्तो लामो र खुला समयमा छन्। सामुदायिक विद्यालयमा पढेकालाई दस वर्षमा र संस्थागतबाट आउनेहरूलाई झन्डै १३ वर्षमा मात्र यो सुनौलो समयमा रम्ने मौका मिल्छ।

एसएलसीपछि र क्याम्पस प्रवेशअघिको खुला अवधि जति रमाइलो छ त्यतिकै महत्त्वपूर्ण पनि। भविष्य निर्माणको आधार अवधि हो यो। किनभने यो अवधिको पर्याप्त उपयोग गर्न र फाइदा उठाउन सके भविष्य उज्ज्वल बनाउन नसक्ने कुरै छैन। अब प्रश्न आउँछ अहिलेको खाली समय केमा र कसरी प्रयोग गर्ने ?



यो समयको फाइदा उठाउने बाटा अनेक छन्। विद्यार्थीले सर्वप्रथम् आफूले कुन बाटो रोज्ने भनेर निर्यण गर्नुपर्छ। विज्ञान विषयमा उच्चशिक्षा लिन चाहनेहरूले ब्रिजकोर्स पढ्न सुरु गरे हुन्छ। विद्यालय र क्याम्पस तहको कोर्स तथा पढाइको शैली आकाश-पातालको फरक छ। ब्रिजकोर्सले यी दुई आकाश र पाताललाई जोड्ने काम गर्छ। कक्षा ११ होस् वा आईएस्सी दुवैमा विज्ञानका गहन सिद्धान्त तथा समस्याहरू हुन्छन्। एकैचोटि त्यस्तो पढाइमा पुग्दा विद्यार्थीहरू अलमलमा पर्छन्। विद्यालय तहको विज्ञान अति सामान्य छ। यसले उच्चशिक्षालाई काँध हाल्न सक्दैन। पढाइको लाइन टिप्न नसक्दा विज्ञान संकायमा बीचैमा ड्रपआउट गर्नेहरूको संख्या उल्लेख्य छ। पढाइ पूरा गरे पनि राम्रो स्कोर ल्याउन नसकेर गन्तव्यविहीन यात्रामा भौंतारिइरहेकाहरू प्रशस्तै देखिएका छन्। ब्रिजकोर्स गर्ने हो भने यस प्रकारका समस्याको सम्भावना घटेर जान्छ। सहरमा जताततै ब्रिजकोर्स गराउने संस्थाहरू खुलेका छन्। सहरिया विद्यार्थीलाई यस मामिलामा कुनै जटिलता छैन, तर ग्रामिण क्षेत्रमा भने समस्या छ। जसरी भए पनि विज्ञानमा उच्चशिक्षा लिन चाहनेहरूले ब्रिजकोर्स गर्नु आवश्यक देखिन्छ, तर ख्याल गर्नुपर्ने कुरा के हो भने ब्रिजकोर्समा प्रवेशपरीक्षाको तयारी होइन, उच्चशिक्षाकै कोर्स पढाउनुपर्छ। विज्ञानको उच्चशिक्षामा भाषाको समस्या पनि उत्तिकै छ। सबै विषय अंग्रेजीमा पढ्नु र लेख्नुपर्ने भएकाले नेपाली माध्यमबाट आउनेहरूलाई यस्तो समस्याले च्याप्छ। यसबाट मुक्ति पाउन पनि ब्रिजकोर्स आवश्यक देखिन्छ। कम्तीमा पनि यस अवधिमा बुझ्ने बानीको विकास हुन्छ।

एसएलसीपछिको समय प्रयोग गर्ने अर्को ठाउँ पनि छ- इन्जिनियरिङ अध्ययन तयारी कक्षा। इन्जिनियरिङ पढ्ने इच्छा हुनेहरूले यो खाली समयमा तत्सम्बन्धी आधारभूत ज्ञान हासिल गरेर फाइदा उठाउन सक्छन्। विल्कुलै प्राविधिक विषय भएकाले सम्बन्धित विषयका ज्ञाताहरूबाट मात्र यो कोर्स गराउनुपर्छ। पढ्ने विद्यार्थीले यो कुरा ख्याल गर्नु आवश्यक छ।

आजकाल विज्ञानबाहेक व्यवस्थापन र अन्य विषयकासमेत ब्रिजकोर्स गराउने संस्था खुलेका छन्, तसर्थ यी विषयमा चासो राख्नेहरूले पनि ब्रिजकोर्स गरे बेस हुन्छ।

एसएलसी पछिको खाली समय स्टाफनर्सको तयारी गरेर बिताउन सकिन्छ। पछिल्ला वर्षहरूमा स्टाफनर्समा आकर्षण बढेको छ। प्रवेश परीक्षामा सफल हुनकै लागि धमाधम तयारी कक्षाहरू भैरहेका छन्। धेरै छात्राले स्टाफनर्समै जीवन देख्छन्। अध्ययन पूरा गरेपछि जागिरको ग्यारेन्टी भएकाले यो विषयमा प्रवेश पाउन कडा प्रतिस्पर्धा हुन्छ।

उच्चशिक्षाका अनेकनमध्ये एक विधामा पाइला राख्ने निर्णय लिने मौका यही हो। मूलतः प्राविधिक फाँटका रेडियोलोजी, एचए, ओभरसियर, फार्मेसी आदि विषयमा भर्ना हुने अवसर प्राप्त गर्न अहिलेको रिक्त समयको जतिसक्दो बढी उपयोग गरौं। इच्छाबमोजिमका विषय छान्न विद्यार्थी आफैं अग्रसर हुनुपर्छ।

आधुनिक युगको पर्याय एवं पहिचान र जुनसुकै क्षेत्रमा अनिवार्य मानिएको कम्प्युटर कोर्स वाञ्छनीय छ। माथि चर्चा गरिएका जुनसुकै पढाइसँग कम्प्युटर पनि सिक्न नसकिने कुरै हुँदैन। समयको मागअनुरूप प्रत्येक मानिसलाई कम्प्युटर ज्ञान आवश्यक छ। सावाँ अक्षर चिन्नु जतिकै अनिवार्य छ कम्प्युटर। यस दृष्टिले हेर्दा नयाँ पुस्तालाई आधुनिक प्रविधिका आधार कम्प्युटर शरीरको अंग सावित भएको छ। एसएलसीपछिको ग्यापलाई यो ज्ञान आर्जन गर्नमा प्रयोग गर्न सकिन्छ।

विश्वमा अहिले एउटा शब्द बारम्बार दोहोरिएर आउँछ र जहातहीं प्रयोग गरेको सुनिन्छ– विश्वव्यापीकरण। व्यापार, पढाइ, तालिम, वातावरण, भाषा आदि जेमा होस् यो शब्द प्यारो छ। विश्वव्यापीकरणमा हामी सबै होमिएका छौं। यसमा फिट हुनलाई सबैभन्दा ठूलो र विश्वव्यापी भाषा अंग्रेजी जान्नु आवश्यक छ। यही उमेर र समयमा यो भाषाको ज्ञान लिएर आफूलाई पृथ्वीको जुनसुकै कुनामा बाँच्न सक्ने बनाऔं। यसपालि एसएलसी दिएका ४ लाख १३ हजार विद्यार्थीले खेलेर, डुलेर वा घरमै बसेर बिताउनुभन्दा केही न केही ज्ञान वा सीप हासिल गर्न सके घर, परिवार, समाज एवं देशलाई पनि फाइदा पुग्छ।

## ब्रिजकोर्स नै किन ?

महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ विभिन्न किसिमको तालिमका साथै पेन्टिङ्ग, ब्याग, फूल, पुतली बनाउन सिकाईन्छ।
१. सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. बुनाई ५. प्याचवर्क ६. इम्ब्राइडरी
बिदेस जानेहरूकोलागि विशेष तालिम दिइन्छ।
SLC दिएर बसेका विद्यार्थीहरुको लागि २५% छुट दिइन्छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ फोन: ४२३१०३० (खुल्ने समय: विहान ७ बजेदेखि साँझ ५ बजेसम्म।)

Study Abroad
USA / Australia / Canada
Poland / Cyprus / UK / Japan
GMAT / GRE / SAT / IELTS / TOEFL
Language Classes / Computer Classes
Personality Development Courses
Free Processing for Aus / Cyprus / Poland
Educational Directions (P) Ltd.
Kalimati-13, Near by Chandi Complex) KTM
Tel.: 01-4284190, 9841316944
G.P.O. Box: 23232
Email: educationaldirections@mail.org

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple (Rose Sunscream Free)
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार No Side effect 100% Guaranteed
शरीरको weight घटाउने Easyway
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → (Soap Free)
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

तु–आवश्यकता
Emami Company(UK) को सहयोगमा सञ्चालित यस International Organization लाई थप कर्मचारी आवश्यकता।
योग्यता: SLC or PCL Above
संख्या: 5 ladies & Gents
तलब: 8500 Fixed + अन्य सुविधा
Contact होस्टल सहित
01-6637290
9803143940, 9841574773
लोकेशन: नयाँ ठिमी संखधर चोक भक्तपुर
Note: बुझ्न आउँदा Document अनिवार्य छ।

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदिछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

थाहै नदिई
जाँड-रक्सी छुटाउन
यौन शक्ति शीघ्र स्खलन रोकी, उत्तेजना बढाउने Imported Japani Oil
• मोटोपना घटाउन/तौल बढाउन १२ Kg सम्म
• अनुहारको चाँया-पोतो, Pimples साथै Wrinkles को ग्यारेण्टी उपचार
Height Plus @ 1350/-
डेलिभरि सुविधा
0% Side Effect, 100 % effective
4442133, 4438630
चितवन: 9845159169, 061-240234

# फुर्सदको सदुपयोग गरौं

एसएलसी परीक्षाको समाप्तिसँगै विद्यार्थीहरू फुर्सदिला बनेका छन्। विद्याथीहरूले यो फुर्सदलाई मनोरञ्जन, अध्ययन एवं कुनै नयाँ काम गरेर बिताउने सोच बनाएका होलान्। परीक्षाको तनावबाट मुक्त भएका छात्रछात्राहरू यतिवेला आफूलाई निकै स्वतन्त्र भएको महसुस गर्छन्। परीक्षाको समयमा उनीहरू आफ्नो पढाइमा यति तल्लीन भएका हुन्छन् कि हरक्षण विषयगत अध्ययनबाहेक अरू कुरा सोच्नसमेत भ्याउँदैनन्। यसर्थ परीक्षा सकिनासाथ उनीहरूले आफूलाई परीक्षाको बोझबाट मुक्त भएको मान्छन्। परीक्षा कुनै बोझिलो कुरा होइन र यसलाई त्यसरी अर्थ्याउनु पनि राम्रो होइन। अधिकांश विद्यार्थीले परीक्षाको समय आफ्नो मस्तिष्कमा बोझ थपिएको महसुस गर्छन्, किनकि उनीहरूको मस्तिष्क अरू समयभन्दा यसबेला बढी सक्रिय हुन्छ। अतः परीक्षाको समाप्तिसँगै विद्यार्थीहरू स्वतन्त्र एवं खुला भएको महसुस गर्छन्। भनिन्छ, 'खाली मस्तिष्कमा गलत सोचले बास गर्छ।' यो भनाइलाई बुझ्नु आवश्यक छ, किनभने यो फुर्सदमा युवा विद्यार्थीहरू नकारात्मक बाटोतर्फ समेत अग्रसर हुन सक्छन् वा उनीहरूको मस्तिष्कमा यस्तो सोचाइ आउन सक्छ। तसर्थ यस विषयमा बेलैमा सचेत हुनुपर्छ, जसले गर्दा यो छोटो फुर्सदिला क्षणले सारा जीवनको लक्ष्य नै तहस-नहस नबनोस्। त्यसो भए कसरी गर्ने त फुर्सदको सदुपयोग ?

**लक्ष्य निर्धारण गरौं**

एसएलसी उत्तीर्ण भएपछि के पढ्ने ? कस्तो विषय पढ्दा राम्रो हुन्छ ? कुन विषय आफ्नो आर्थिक एवं बौद्धिक क्षमताअनुकूल हुनसक्छ ? समयमै आफू पक्का भए धेरै अन्यौल खेपिरहनुपर्दैन। उच्च शिक्षा अध्ययनका क्रममा धेरै विद्यार्थी के पढ्ने ? कहाँ पढ्ने भन्ने अन्यौलमा हुन्छन्, जसले उनीहरूको समय त्यत्तिकै नष्ट गरिदिन्छ। उच्च शिक्षाबाटै विद्यार्थीको क्यारियर विकास हुने हुँदा यही बेला आफ्नो लक्ष्य निर्धारण गर्नुपर्छ। परीक्षामा अनुत्तीर्ण भए पनि यसरी लिएको लक्ष्य खेर जादैन।

**सिर्जनात्मक काममा लागौं**

सिर्जनात्मक एवं रचनात्मक कामले विद्यार्थीको मन-मस्तिष्कलाई सन्तुलित राख्न मद्दत गर्छ। त्यसैले परीक्षापछिको फुर्सदिलो क्षणलाई सिर्जनात्मक काममा लगाउनु उत्तम हुन्छ। साहित्य लेख्ने-पढ्ने, चित्र कोर्ने, जीवनोपयोगी पुस्तकहरू अध्ययन गर्ने, सामाजिक सेवाको क्षेत्रमा जागरूक हुने, नृत्य-गायनमा सहभागी हुने जस्ता सिर्जनात्मक कार्यहरू गरेर फुर्सदको सदुपयोग गर्न सकिन्छ।

**स्वस्थ्य मनोरञ्जनमा रमाऔं**

आफ्ना साथीहरूसँग नयाँ ठाउँको भ्रमण गर्ने, खेलकुदमा सहभागी हुने र राम्रा चलचित्र हेर्नेजस्ता कामबाट स्वस्थ मनोरञ्जन लिन सकिन्छ। स्वस्थ्य मनोरञ्जनले मस्तिष्कलाई ताजा एवं शरीरलाई फुर्तिलो बनाउँछ।

**शैक्षिक स्तर बढाऔं**

परीक्षापछि आफूले अध्ययन गर्न चाहेको विषयका सम्बन्धमा आधारभूत जानकारी लिन सकिन्छ। विभिन्न भाषा, कम्प्युटरसम्बन्धी ज्ञान हासिल गरेर पनि यो फुर्सदिलो समयलाई उपलब्धिमूलक बनाउन सकिन्छ। राम्रा इन्स्टिच्युट एवं शिक्षकमार्फत भाषा, कम्प्युटरजस्ता विषयमा दक्षता हासिल गर्न सकिन्छ।

**सीप विकास गरौं**

फुर्सदको समयमा कुनै नयाँ सीप पनि सिक्न सकिन्छ। आफूमा सीप विकास गरेपछि जीवन जिउनका लागि सहज बन्न सक्छ। विभिन्न संघ-संस्थाले सीप विकाससम्बन्धी तालिमहरू दिइरहेका हुन्छन्। यी तालिमहरूबाट पनि आफूलाई दक्ष बनाउन सकिन्छ। साथै आफ्नै प्रयासमा विभिन्न किसिमका सिपहरू सिक्न सकिन्छ।

**समाजसेवामा लागौं**

हामी सामाजिक प्राणी भएकाले समाज हाम्रो जीवनको आधार हो। तसर्थ समाजका लागि केही गरेर बाँच्नु राम्रो हो। फुर्सदिलो समयलाई सामाजिक सेवाको क्षेत्रमा लगाउनु निकै राम्रो हुन्छ। यसले समाजलाई मात्र फाइदा पुग्दैन, आफ्नो व्यक्तिगत जीवनमा समेत सकारात्मक प्रभाव पार्छ। समाजसेवामा लाग्दा आफैंलाई सन्तुष्टि मिल्छ।

**घरायसी काममा सहयोग गरौं**

फुर्सदको समय आफ्ना घरपरिवारलाई सहयोग गरेर बिताउन सकिन्छ। आफ्ना बाबा-आमा एवं अभिभावकले सम्हालेका पेसा-व्यवसायमा सहयोगी बन्नु राम्रो हो। यसबाट परिवारका सदस्यहरूमा जिम्मेवारी बोध मात्र हुँदैन, आफूले थुप्रै अनुभव पनि ग्रहण गर्न सकिन्छ।

# एसएलसीपछिका दिनहरूमा

**सागर शर्मा**

प्रवेशिका परीक्षापछि विद्यार्थीहरू तीन महिनाजति खाली नै हुन्छन्। यो उनीहरूको भविष्य बनाउने समय हो। असल बाटो अँगाल्ने तथा खराब बाटो पहिल्याउने समय पनि यही नै हो। मेहनत गर्ने हो भने अलि कमजोर विद्यार्थी पनि सबल बन्न सक्छन् भने समय खेर फालेर अल्छी गरे राम्रो पढ्ने विद्यार्थीले पनि आफ्नो लक्ष्य प्राप्त गर्न नसक्ने अवस्था आउन सक्छ। वास्तवमा मेहनत नै सबथोक हो। मेहनत गरे जस्तोसुकै कठिन कार्य पनि सम्पन्न गर्न सकिन्छ, तसर्थ स्कुले जीवनबाट टाढिए पनि भविष्यका बारेमा सोचेर खाली समय उपयोगी कार्यमा व्यतित गर्नु आवश्यक छ।

यो खाली समयमा विभिन्न किसिमका तालिम लिई फुर्सदको सदुपयोग गर्न सकिन्छ। अहिलेको समयमा अत्यधिक संख्यामा खुलेका ब्रिजकोर्स इन्स्टिच्युटहरूमा गई अध्ययन गरेर पछि उच्च माध्यमिक तह तथा प्रवीणता तहमा सजिलै अध्ययन गर्ने वातावरण मिलाउन सकिन्छ। त्यस्तै ब्रिजकोर्स नगरे पनि घरमा पढ्ने बानी भने छाड्नु हुँदैन, फलस्वरूप पछिको समयमा आफूलाई कठिनाइ उत्पन्न हुँदैन। त्यस्तै कम्प्युटर, भाषाजस्ता तालिम लिएर पछि त्यसलाई व्यावहारिक जीवनमा अवलम्बन गर्न सकिन्छ। जे जसरी हुन्छ, तीनमहिने फुर्सदलाई उपयोगी कार्यमा सदुपयोग गर्नु आवश्यक छ।

शिक्षाविद् एवं समाजशास्त्री रामकृष्ण शर्माका अनुसार सक्षम हुन मानिसमा पाँच गुण अनिवार्य रूपमा हुनुपर्छ–

१. कुनै निश्चित विषयमा स्नातकोत्तरसम्मको अध्ययन।
२. मातृभाषा, राष्ट्रभाषा र अन्तर्राष्ट्रिय भाषा (अंग्रेजी) को ज्ञान।
३. कम्प्युटर दक्षता।
४. जीवनोपयोगी सीप।
५. नृत्य, गायन, संगीत आदिको ज्ञान।

यति कुराले युक्त मानिस संसारको जुनसुकै ठाउँमा पनि निर्धक्कसँग बाँच्न सक्छ।

यो फुर्सदको समयमा सबै विद्यार्थी उल्लेखित पाँच कुरालाई मनन गर्दै तिनलाई हात पार्न सक्रिय रहनु आवश्यक छ। फलस्वरूप फुर्सदको समयको उपयोग हुनुका साथै भविष्यमा योग्य मानिस बन्न सकिन्छ। यो तीन महिनाको समयलाई व्यर्थमा खेर नफाली उपयोगी काममा व्यतित गर्दै राम्रो नतिजाको पर्खाइमा बस्नु उपयुक्त हुन्छ।


कोरियनसँग बिहेवारी

कोरियन पुरुषसँग वास्तविक (निःशुल्क) विवाह गर्न चाहनुहुन्छ भने आफू र आफ्नो अभिभावकको मन्जुरीका साथै तुरुन्त सम्पर्क राख्नुहोला।

नेपाल इसोल इन्टरनेशनल
वेडिङ कम्पनी प्रा.लि.,
ठमेल, काठमाडौं
९८४१८२८७८१, ९८०३६२६७१०

तु. आवश्यकता

NGO को सहयोगमा सञ्चालित एक संस्थाका लागि मिहिनेति महिला/पुरुष कर्मचारीहरु तु. चाहियो।

| आवश्यकता | संख्या | पारिश्रमीक |
| --- | --- | --- |
| महिला | २१ | ७५००/- |
| पुरुष | ११ | ७५००/- |

सुविधाः घरमै बसि काम गर्न सकिने
प्राथमिक्ताः गृहिणी महिला तथा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरु
सम्पर्कः ४४९५२८२/२०७२७६६
नोटः शनिबार कार्यालय खुला रहनेछ।

भर्ना खुल्यो
प्राइभेट Test/S.L.C.
कक्षा ८ पास ९, १० र SLC पास वा फेल भई स्कूल जान छोडेकाहरुलाई १ वर्षे विशेष कक्षा
ब्राइट फ्यूचर Morning & Day shift
चावहिल, चुच्चेपाटी
(NCC बैंकको ठीक अगाडि)
फोनः४४६३०७३, ९८५१००२८०४

प्राइभेट Test / SLC

विगत ६ बर्ष देखि निरन्तर Private Test/ S. L. C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६५ सालको लागि नयाँ भर्ना खुल्यो।

- अनुभवी तथा दक्ष शिक्षक-शिक्षिकाद्वारा पढाइने।
- अंग्रेजी र नेपाली दुबै माध्यमबाट पढाइने।
- कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था गरिने।
- Weekly तथा Terminal परीक्षा लिइने।
- पुस्तकालय र प्रयोगशालाको व्यवस्था।
- Audio तथा Visual को व्यवस्था।
- जेहेन्दार तथा गरिब विद्यार्थीहरुका लागि छात्रबृत्तिको व्यवस्था।

शुरुमा भर्ना हुने १५ विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था!

Model Educational Institute
बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

OLC Institute सम्बन्धि जरुरी सुचना!



बिगत १२ बर्ष देखि Language Trainer/Book Writer Prem Swoveet द्वारा संचालित O'seas Language Centre (OLC) संग मिल्दोजुल्दो नाम राखी काठमाण्डौ उपत्यका तथा उपत्यका बाहिरका बिभिन्न स्थानहरुमा Institutes खोली OLC को नाम लिई विद्यार्थीहरुलाई भ्रममा पार्ने गरेको पाईएकोले Prem Swoveet द्वारा संचालित O'seas Language Centre (OLC) Head Office, बाग बजार (रत्नपार्क नजिकै) र यसको शाखा OLC, जमल-कमलाक्षीमा मात्र भएको र अन्य स्थानमा रहेका OLC तथा ओसिज जस्तै नाम गरेका institutes संग भ्रममा नपर्न हाम्रा सबै विद्यार्थी तथा शुभ-चिन्तकहरुलाई जानकारी गराउछौं। - OLC, 4-268945, 4-247897

WANTED
SLC दिएर बसेका लाई शुवर्ण अवसर
बल्खु स्थित एक International Project को लागि केहि कर्मचारी आवश्यकता
संख्याः 10 Gents / Ladies
तलबः 9000+अन्य
योग्यताः SLC Above
सम्पर्कः 01-4288512, 9841881312, 9849115602
बल्खु चोक

तु-आवश्यकता
American Company को लागि कर्मचारी चाहियो
योग्यताः Test, SLC or Above
संख्या : 10 Ladies & Gents
तलबः 7500+ संञ्चय कोष
गोंगबु चोकबाट सामाखुसि चोक तर्फ बायाँ Nepal SBI बैंक संगैको घरमा (Cosmic Int.)
01-6226529
नोटः आफ्नो योग्यताको प्रमाणपत्र र २ PP Photo आवश्यकता

तु-आवश्यकता
International Project को लागि थप कर्मचारी आवश्यकता
योग्यताः Test, SLC or Above
संख्याः 10 Gents & Ladies
सुविधाः 9000+अन्य
5532447, 9803437476
9849195511
Unique Shine
नख्खु दोबाटो ललितपुर
SLC दिएर बसेका लाई विशेष गाह्रयता
Note : बुझ्न आउदा Document अनिवार्य छ।

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

30% Discount & Free DVD, Pendrive
- Basic / Office Course
- Graphic Designing
- Web Page Designing
- TALLY / FACT
- C & C++, Auto CAD
- PHP & MYSQL
- Hardware Networking
- English Language

Microsoft Educational Institute
Bagbazar Opp. Bhaktapur Buspark
9841-217893 9841-322577
4-256303

# वर्षका चर्चित सांगीतिक अनुहार

**अञ्जु पन्त :** करिब दस वर्षको सांगीतिक क्यारियरमै गायिका अञ्जु पन्तले १ सयभन्दा बढी चलचित्रमा स्वर प्रदान गरिसकेकी छिन्। वर्ष २०६५ मै पनि उनले गाएका एक दर्जनभन्दा बढी चलचित्र प्रदर्शन भए। आधुनिक तथा गजल गायनमा पनि उनी उत्कृष्ट ठहरिन्। यस वर्ष उनले गाएको गजल 'न बिर्सें तिमीलाई...' लोकप्रिय भयो। अघिल्लो वर्ष उनले गाएको रिमिक्स गीत 'माइतीघर...' ले पनि सफलता पाएको थियो। यस वर्ष उनले गाएका चलचित्र 'किस्मत' को 'दिल मेरो...' तथा चलचित्र 'सपूत' को 'भुन भुन भमरा...' पनि लोकप्रिय भयो।

**डम्बर नेपाली :** 'तर अन्तिम पटक भेट्न आऊ....' गीतका कारण गायक डम्बर नेपाली यो वर्ष चर्चित रहे। अधिकांश एफ.एम. तथा टेलिभिजन च्यानलहरूमा डम्बर नेपालीको यो गीत वर्षको उत्तरार्धमा निकै बज्यो। आधुनिक शैलीको यो गीत काउन्टडाउनमा पनि लामो समयसम्म पहिलो स्थानमा रह्यो।

**सुरेश अधिकारी :** संगीतकार सुरेश अधिकारी वर्ष २०६५ कै सर्वाधिक व्यस्त संगीतकार बने। उनले संगीतबद्ध गरेका चलचित्रका गीतमात्र होइन आधुनिक गीत पनि लोकप्रिय भए। यसै वर्ष वितरण गरिएका केही पुरस्कार पनि सुरेशकै नाममा रहे।

**नरेन्द्र प्यासी :** 'तिमीबिनाको जीवन...' गीतका कारण पुराना गायक नरेन्द्र प्यासी यो वर्ष चर्चामा रहे। दीपकराज गिरीको टेलिश्रृंखला 'तीतो सत्य' का केही श्रृंखलामा समेत समावेश गरिएको यो गीतले कल ब्याक रिङ टोनमा पनि कीर्तिमान कायम गर्‍यो।

**आलोकश्री :** आधुनिक संगीतको क्षेत्रमा संगीतकार आलोकश्रीका प्रतिद्वन्द्वी निकै कम छन्। उनले संगीतबद्ध गरेको पछिल्लो गीतिसंग्रह 'उपमा' को बिक्री उल्लेख्य रह्यो। उनले संगीतबद्ध गरेको 'उपमा' मै समावेश गरिएको गीत 'लाजको लाली...' यो वर्षकै सफल गीतमध्ये एक मानियो।

**राजेशपायल राई :** यसै वर्षको प्रारम्भमा बिरामी भएर थलिएका गायक राजेशपायल राईले बिरामी भएर उठेपछि आ□नो पुरानो लोकप्रियतालाई पुनः हासिल गरे। स्वदेश तथा विदेशका कार्यक्रममा समेत व्यस्त गायक राईको 'दर्शन नमस्ते' गीत लोकप्रिय रह्यो। यसबाहेक चलचित्रका हरेक नायकसँग मिल्ने उनको आवाजका कारण उनी पुनः पार्श्व गायनमा समेत व्यस्त भए। यसै वर्ष वसन्त सापकोटाको सङ्गीतमा राजेशपायलले गाएको चलचित्र सिलसिलाको 'सागरसरि चोखो माया...' गीतले उक्त चलचित्रलाई नै सफलता दिलाएपछि राजेशले एक दिनमै तीनवटासम्म गीत गाउनुपर्ने स्थिति आयो।


**दीपक लिम्बू :** नेपाली तारा गायक दीपक लिम्बु चलचित्रको पार्श्व गायनमा व्यस्त भए। उनले गाएको चलचित्र 'हिम्मत' को 'मैले त्यही भएर मन परा'को...' गीत लोकप्रिय भयो। उनी स्वदेशी कार्यक्रममा पनि उत्तिकै व्यस्त रहे।


**निमा रुम्बा :** यसै वर्षको मध्यताका पप गायक निमा रुम्बाले अमेरिकाको भिसा नपाएर निराश हुनुपरे पनि उनको सांगीतिक क्यारियरमा कुनै प्रभाव परेन। अस्ट्रेलिया, इजरायल आदि देशमा आयोजित सांगीतिक कार्यक्रममा नियमित रूपमा सहभागी भएका गायक रुम्बाले अभिनय गरेको पहिलो चलचित्र 'कागबेनी' दर्शकले रुचाए। वर्षको अन्त्यमा आएर उनले चलचित्र निर्माणमा पनि हात हाले। निमा छायांकनका क्रममा रहेको चलचित्र 'रंगीन मनसाय' का निर्माता हुन्। यसबीच उनी कोकाकोलाको ब्रान्ड एम्बेस्डरका रूपमा पनि चर्चित रहे।

**मुक्ति एन्ड रिभाइवल :** यसै वर्षको मध्यताका वितरण गरिएको हिट्स एफ.एम.म्युजिक एवार्डमा रक सांगीतिक समूह मुक्ति एन्ड रिभाइवलले सर्वाधिक चारवटा एवार्ड जितेर सांगीतिक क्षेत्रमा आफ्नो लोकप्रियतालाई प्रमाणित गर्‍यो। यो समूह रक कम्पोजिसन, रक गायन, समूह गायन तथा पप/रक एल्बम गरी चारवटा विधामा उत्कृष्ट ठहरियो।

**सुगम पोखरेल :** हिट्स एफ.एम. एवार्डमा पप संगीतकार तथा पुरुष पप गायनको उपाधि जितेर चर्चामा आएका गायक सुगम पोखरेलका दुई नयाँ गीत श्रोताले अत्यधिक रुचाए। 'स्कुल पाठशाला...' तथा 'झिल्के...' गीतसँगै उनले आफ्नो लोकप्रियता कायम राखे।

**सौर्यजित बाँस्कोटा :** संगीतकार शम्भुजित बाँस्कोटाका छोरा सौर्यजित बाँस्कोटा सांगीतिक क्षेत्रमा यसै वर्षदेखि चर्चामा आएका छन्। प्रदर्शनको तयारीमा रहेको चलचित्र 'कुसुमे रुमाल' मा संगीत दिएर एकाएक चर्चामा आएका सौर्यजित मुम्बईमा संगीतको अध्ययन गरिरहेका छन्। कुसुमे रुमालको संगीतकार बनिसकेपछि उनले केही समयअघि मात्र बेलायतमा बस्ने पञ्जाबीहरूले तयार गर्न लागेको एउटा पञ्जाबी एल्बमको काम सकेका छन्। यसअघि पनि उनले अन्य दुईवटा पञ्जाबी एल्बममा संगीत दिइसकेका छन्। आदित्यनारायण झाले स्वर दिएका दुइटा गीतमा समेत सौर्यजितले संगीत दिएको हुनाले 'कुसुमे रुमाल-२' को गीत-संगीत टिनएजरहरूले मन पराइरहेका छन्।





● रोजिन शाक्य

# वर्ष २०६५ का हिट मोडलहरू

वर्ष २०६५ मा व्यावसायिक ऱ्याम्प मोडलिङले खासै उपलब्धि हासिल गर्न सकेन। यद्यपि म्युजिक भिडियो र विज्ञापन मोडलिङको व्यावसायिक पक्ष भने सबल देखियो। दृश्य मोडलिङका यी दुई विधाबाट नयाँ एवं स्थापित नामहरूले व्यावसायिक सफलतासँगै चर्चा र प्रसिद्धि बटुले।

निरन्तरता, चर्चा र सफलतासँगै शालीन सौन्दर्य एवं आकर्षक मुहारकी धनी नम्रता श्रेष्ठ दृश्य मोडलिङतर्फ सबैभन्दा अग्रस्थानमा रहिन्। श्रेष्ठद्वारा अभिनीत संगीतकार आलोकश्रीको संगीतमा गायक उदितनारायणको स्वरको 'लाजको लाली बोकी आइदेऊ...' म्युजिक भिडियोले लोकप्रियता पायो। नम्रता अभिनीत धीरज गुरुङको 'आँखामा तिमी...', मनि श्रेष्ठको 'माया सरर...' अन्तरा एल्बमको 'कोही मलाई फूल...' गीतका भिडियोले उनलाई थप चर्चा दिलायो। यसबाहेक रोशन पराजुली, सुरेन्द्रमान महर्जन, विष्णु चेम्जोङ आदि गायक-गायिकाका करिव एक दर्जन भिडियोमा नम्रताले अभिनय गर्न भ्याइन्।

साप्ताहिक आई.ई.सी. डिजाइनर कन्टेस्टमा सेलिब्रिटी मोडलिङका रूपमा क्याटवाकको अनुभव सँगालेकी नम्रताको सौन्दर्यले नारी मासिक तथा वेभ म्यागजिनको मुखपृष्ठको शोभा पनि बढायो। म्युजिक भिडियोकी नायिकाका रूपमा चिनिएकी नम्रता श्रेष्ठ 'सानो संसार' बाट ठूलो पर्दाकी नायिकाका रूपमा पनि चिनिइन्। सानो संसारको सफलतासँगै चलचित्र 'मेरो एउटा साथी छ' तथा एड्ससम्बन्धी लघु चलचित्र 'वशमा छैन मेरो मन' बाट २०६५ मा नम्रताको अभिनय क्यारियरको गति बढेको देखियो।

मोडल, नायिका एवं भिजे निशा अधिकारीको व्यस्तता र चर्चा पनि उत्तिकै रह्यो, वर्ष २०६५ मा। मिस इन्टरनेसनल नेपाल २००५ को मुकुट पहिरिएकी निशाको ठूलो पर्दाको यात्रा जहाँ 'मिसन पैसा' नामक चलचित्रले प्रारम्भ गरेको थियो, त्यही वर्ष २०६५ मा विराज भट्टको जोडीका रूपमा चलचित्र 'नैना रेशम' बाट निशाले आफ्नो अभिनय क्यारियरलाई अघि बढाएकी छिन्। साप्ताहिक आइइसी डिजाइनर कन्टेस्टमा सेलिब्रेटी मोडलका रूपमा ऱ्याम्पमा उत्रिएकी निशाले सूर्य रिदम नाइट्स कन्सर्टको उद्घोषिकाका रूपमा दर्शक-श्रोतालाई मोहित तुल्याइन्। केही विज्ञापनका अतिरिक्त उनको ग्ल्यामर र अभिनय क्षमता विभिन्न म्युजिक भिडियोमा पनि कैद भयो यो वर्ष। यस अवधिमा गायक सुगम पोखरेलको 'झिल्के..., इथोज ब्यान्डको नक्कली मैयाँ.... जस्ता भिडियोले उनलाई विशेष चर्चा दिलाए भने राहुल वैद्यको तिमीले भन्थ्यौ... गीतमा उनले आफ्नो अभिनय क्षमता प्रदर्शन गरिन्। पछिल्लो समयमा उनी नेपाल टेलिभिजन २ मा प्ले इट अन नामक लाइभ सांगीतिक कार्यक्रमसित सञ्चालिकाका रूपमा पनि आबद्ध रहिन्।

म्युजिक भिडियो मोडलिङबाट परिचय बनाएकी मोडल विनीता बरालको व्यस्तता पनि उत्तिकै रह्यो। द ऱ्याम्पबाट प्रशिक्षण लिएकी विनीतालाई भूषण दाहाल निर्देशित गायिका पुष्पा पौड्यालको 'सानी सानी... गीतको भिडियोले बढी चर्चा दिलायो। वर्ष २०६५ मा विनीताले एक दर्जनजति म्युजिक भिडियोमा अभिनय गर्न भ्याइन्। नाट्यकर्मी अनुप बरालको एक्टर्स स्टुडियोबाट अभिनयको प्रशिक्षण लिएकी विनीताले यो वर्ष अनिल सिंहको हाँसिरहनु सधैं..., किसन गुरुङको पात गाँस्ने टपरी..., पूर्ण राईको पहिलो भेटैमा..., हेमन्त कार्कीको सन्चो छैन मैयाँलाई.... आदि भिडियोमा अभिनय गरिन्।

कान्तिपुर टेलिभिजनको भविष्य दर्पण कार्यक्रमकी सञ्चालिका सिम्पल खनालको पनि राम्रै उपस्थिति रह्यो म्युजिक भिडियोहरूमा। जगदम्बा स्टिल,



गोल्डेन कुकिजको टेलिविज्ञापनमा मोडलका रूपमा फिचर भएकी सिम्पल खनाल यो वर्ष शिव परियारको अलिकति नजर, लोकेन्द्र

पृष्ठ २१ मा जारी



# यो वर्ष पनि बदलिएन धार

**सुव्रत आचार्य**

'तपाईं चलचित्र बनाउँदै हुनहुन्छ ?..नायक को छ ?..हैन, राजेश हमाल, विराज भट्ट वा निखिल उप्रेती छैनन् ?..त्यसो हो भने चलचित्र चल्दैन ?' -चलचित्र क्षेत्रका केही सल्लाहकारले त्यसो भनिदिँदा ०६४ सालमा अत्याधुनिक चलचित्र बनाउन तम्सिएकी २२ वर्षीया निर्मात्री कृषा चौलागाईंले चलिरहेकै धारमा चलचित्र बनाउनुपर्‍यो । निर्मातालाई डुब्नबाट बचाउने चलचित्र बनाउन खप्पिस सोभित बस्नेत उनका निर्देशक भए, नायक भए राजेश हमाल र निखिल उप्रेती, नायिका झरना थापा र रेजिना उप्रेती । त्यतिले गर्दा निर्माण हुँदाहुँदै वितरकले चलचित्र किने र चलचित्र चल्यो पनि । चलचित्रको शीर्षक पुरानो हिन्दी चलचित्रसँग मिल्दोजुल्दो थियो- 'इन्साफ' । वर्ष ०६५ को वैशाख १ गते सेन्सर भै केही समयपछि प्रदर्शनमा आएको यो चलचित्रले दर्शक बटुल्न सकेको र आफ्नो लगानी फिर्ता भएको कृषा बताउँछिन् ।

निर्माता सुशील पोखरेलले यो वर्ष एउटा चलचित्र प्रदर्शनमा ल्याए र चलचित्रको शीर्षक राखे- 'जय शिव शंकर' । यो चलचित्रमा चल्तीका नायक राजेश हमाल, निखिल उप्रेती मात्र होइनन्, अर्का चल्तीका नायक विराज भट्ट पनि अतिथि नायकका रूपमा देखिए । पोखरेल मान्न तयार छन् कि चलचित्रले त्यही कारणले सफलता पाएको हो । चलचित्र हेर्दा दर्शकले ठाउँ-ठाउँमा ताली र सिट्ठी बजाउन पाउनुपर्छ । यो उनको धारणा हो, जसलाई चलचित्र लेखक विकास आचार्य पनि मान्न तयार छन् । यसै वर्ष उनले पनि चलचित्र निर्देशन गरी प्रदर्शन गरे ।

निर्माण हुन्जेल शीर्षक हिन्दी चलचित्रसँग मिल्दो राखे- 'नसिब' । सेन्सरले हिन्दी शब्दलाई शीर्षक बनाउन नपाइने बताएपछि उनले त्यसमा थपे 'आफ्नो' र चलचित्रको शीर्षक भयो 'नसिब आफ्नो', जसलाई आचार्यले फेरि 'नशिव आफ्नो' बनाए । 'नेपाली दर्शकलाई हिन्दी चलचित्रको बानी परिसकेको छ, उनीहरू त्यही स्वादको चलचित्र खोज्छन् । भलै हिन्दी चलचित्र अहिले स्तरीयता र प्रस्तुतिमा धेरै अगाडि बढिसकेको छ । यद्यपि यहाँ हलसम्म गएर नेपाली चलचित्र हेर्ने दर्शकका लागि भने मसलेदार चलचित्र नै बनाउनुपर्छ ।'

नायकले आफ्नो शरीरमाथि गाडी कुदाएको र दुई हातले मोटरसाइकल उचालेको चलचित्र 'जिन्दगी' गत साता प्रदर्शनमा आयो । पहिलो साता चित्तबुझ्दो व्यवसाय गरेकोमा उक्त चलचित्रका निर्माता दयाराम पुडासैनी प्रसन्न छन् । पोखराबाट टेलिफोन गर्दै उनले भने- 'फिल्म त बम्पर गयो नि ।' फिल्मी भाषामा बम्पर भनेको राम्रोसँग चल्नु हो । 'मसला नहाली चलचित्र बनाउन सकिएला, चलाउन सकिँदैन ।' -चलचित्रका निर्देशक राजु अर्याल भन्छन् ।

०६५ को अन्त्यसम्ममा प्रदर्शनमा आएका २४ वटा सेल्युलाइड चलचित्रमध्ये एक-दुईवटालाई छाडेर बाँकी सबै मसलेदार चलचित्र नै थिए । त्यसैले यो वर्ष पनि नेपाली चलचित्रको प्रस्तुतिमा कुनै उल्लेखनीय परिवर्तन आएन । ७० वा ८० को दशकका हिन्दी चलचित्रकै नक्कलमा चलचित्र बन्ने क्रम रोकिएन । १६ एमएमबाट ३५ एमएममा ब्लोअप गरिने प्रविधि चलि नै रह्यो ।

यद्यपि फरक धारका चलचित्र बनाउनुपर्छ भन्ने आवाज उठिरह्यो, कुरा चलिरहे । केहीले प्रयत्न पनि गरे । जसको परिणाम ०६६ मा देखिनेछ । सिमोस सुनुवारले 'हाइटेक' चलचित्र 'मिसन पैसा' यही वर्ष पूरा गरेका छन् । यो चलचित्र ०६६ को वैशाखमा प्रदर्शनमा आउँदैछ । निरक पौडेलले २५ वर्षअघिको रजत जयन्ती मनाएको चलचित्र 'कुसुमे रुमाल'को सिक्वेल बनाएका छन् । यो पनि ०६६मा प्रदर्शन हुने भएको छ । मैना हत्याकाण्डमा आधारित रहेर निर्देशक केपी पाठकले यथार्थवादी चलचित्र 'मैना' बनाएका छन् र प्रथम प्रदर्शन भए पनि यो चलचित्र ०६६ मै सार्वजनिक गर्ने लक्ष्य छ ।

डिजिटल वा भिडियो फर्म्याटमा बनाइएका केही चलचित्रमा भने धार परिवर्तन गर्न खोजियो । सर्ट फिल्म बनाउनेहरू धेरै आए । राजधानीमा सर्ट फिल्म फेस्टिभल पनि भयो । दीपक रौनियारले चलचित्र 'चौखट'बाट सर्वोत्कृटताको पुरस्कार पनि थापे । अन्तर्राष्ट्रिय चलचित्र महोत्सव 'क्यान्स'मा यो चलचित्रले नेपालको प्रतिनिधित्व गर्दै छनौट भएको खबरले धेरैलाई उत्साहित बनाएको छ । जनजाति भाषामा बनाइएका चलचित्रहरूको 'आदिवासी चलचित्र महोत्सव', 'काठमाडौं माउन्टेन फिल्म फेस्टिभल' जस्ता चलचित्र उत्सव/महोत्सवले सहभागिताका लागि चलचित्र बनाउन धेरैलाई उत्प्रेरित गर्‍यो, तर मूलधारका चलचित्र बनाउनेहरूमा भने त्यस्ता रुचि जागेको छैन ।

**प्रदर्शनको पालो**

यो वर्षको अन्त्यतिर वर्षकै सर्वाधिक व्यस्त एवं चर्चित नायिकाद्वय रेखा थापा र झरना थापाले बनाएका चलचित्र क्रमशः हिम्मत र तकदिर काठमाडौंमा चल्ने कुरा सुनियो । निर्माताहरू प्रचार-प्रसारमा लागे । ०६३ मा सेन्सर भै त्यही वर्ष मोफसलका प्रायः सहरहरूमा प्रदर्शन भैसकेका यी चलचित्र काठमाडौं उपत्यकाका दर्शकले हेर्न पाएका थिएनन् । मोफसलमा व्यावसायिक सफलता पाएका यी दुई चलचित्रलाई उपत्यकामा चलाउन गाह्रो परिरहेको थियो । कारण एउटै हो, प्रदर्शनको अवैज्ञानिक नियम । चार-पाँचवटा प्रिन्ट निकालेर क्षेत्रीय रूपमा चलचित्र प्रदर्शन गर्न निर्माता बाध्य छन् । उपत्यकाबाहिर एकपटक र उपत्यकामा अर्को पटक अथवा उपत्यकामा एकपटक र उपत्यकाबाहिर अर्को पटक पालो पर्खंदै चलचित्र चलाउने नियम वर्षौंदेखि ज्यूँका त्यूँ छ । युएफओ प्रविधिबाट सबैतिर एकैपटक चलचित्र चलाउने सुविधा पाएपछि त्यसको प्रयोग गरेर ढुक्क भएकाहरू पनि छन् । यद्यपि उक्त प्रविधिबाट लाभान्वित हुनेहरूको संख्या बढेन । त्यही किसिमको प्रविधि क्युबबाट चलचित्र सबैतिर एकैपटक चलाउने सुविधा आइसकेको छ । यद्यपि ०६४ सालमा उपत्यकाबाहिर प्रदर्शन भै उपत्यकामा प्रदर्शन हुन बाँकी चलचित्रको सूचीमा १६ वटा चलचित्र छन् । ती कहिलेसम्म उपत्यकामा चल्लान् ? पर्खिनुको विकल्प छैन ।

**चैत २८ गतेदेखि उपत्यकामा प्रदर्शन हुँदैछ**








# सेलिब्रिटी विवाह प्रसंग ०६५

वर्ष २०६५ का विविध पक्षको स्मरण गर्ने क्रममा सेलिब्रिटी विवाह प्रसंगको छुट्टै महत्त्व देखिन्छ। वर्ष २०६५ मा अभिनय, सञ्चार, फेसन, संगीत आदि क्षेत्रका करिब दुई दर्जन चिरपरिचित अनुहारले आफ्नो वैवाहिक जीवनयात्रा प्रारम्भ गरे। वैशाख महिनाको लगनको साइतलाई सदुपयोग गर्दै वैशाख महिनाको पहिलो शुक्रबार नायिका विपना थापाको विवाह भारतको मथुरामा भव्यतासाथ सम्पन्न भयो। भारतीय डा. आशुतोष भारद्वाजसँगको लामो प्रेम प्रसंगलाई सुखद् अन्त्य गरी नायिका विपना विवाह बन्धनमा बाँधिएकी हुन्।

वैशाख महिनाको लगनमा झ्याइँ पार्नेमा राजनैतिक व्यक्तित्व गगन थापा पनि रहे। नेपाल विद्यार्थी संघका पूर्व-अध्यक्ष तथा नेपाली कांग्रेसका युवा नेता गगन थापाको विवाह नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह के.सी.की माइली छोरी डा. अञ्जना के.सी.सित सम्पन्न भएको थियो। गगन र अञ्जनाको प्रेमविवाह थियो।



नेपाली, अंग्रेजी, हिन्दी, मैथिली, भोजपुरी, थारू, मुसहर गरी सातवटा भाषामा गीत रेकर्ड गराइसकेका पूर्वेली गायक प्रबलदीप विश्वास (राजवंशी) ले पनि गत वैशाखमै वैवाहिक जीवन प्रारम्भ गरे। विराटनगर निवासी प्रबलदीपले विराटनगरकै पूजा राजवंशीसित मागीविवाह गरेका हुन्।

वर्ष २०६५ को विवाह वातावरणमा नायिका मेलिना मानन्धर पनि विवाह-बन्धनमा बाँधिइन्। वर्षको पूर्वार्द्धतिरै वैवाहिक जीवनमा प्रवेश गरेको खबर सञ्चारमाध्यममा छाए पनि त्यसको औपचारिक पुष्टि भने असोज महिनाको १४ गते मात्र भएको थियो जब उनले नक्सालस्थित अनमोल पार्टी प्यालेसमा सबैलाई विवाहको भोज ख्वाइन्।

झ्याइँ पार्ने मौसमका रूपमा परिचित मंसिरको लगनमा हास्य टेलिशृङ्खला 'मेरी बास्सै' का चर्चित जोडी धुर्मुस अर्थात् सीताराम कट्टेल र सुन्तली अर्थात् कुञ्जना घिमिरे वैवाहिक जीवनमा प्रवेश गरे। यो सुपरहिट जोडीको वैवाहिक समारोह ख्यातिप्राप्त कलाकारहरूको जमघटका कारण महोत्सवजस्तै देखिएको थियो।



दरबार हत्याकाण्डमा धर्मपत्नी अर्थात् तत्कालीन अधिराजकुमारी श्रुतिलाई गुमाएका गोरखशमशेर जबरा पुनः विवाह-बन्धनमा बाँधिए। गोरखका निकट मित्रजन तथा परिवारको आग्रहपछि बल्लतल्ल विवाह गर्न तयार भएका गोरखले पूर्व-प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका कान्छा भाइ कृष्णबहादुरकी माइली छोरी दिप्तीसँग मागीविवाह गरेका हुन्।

राष्ट्रिय क्रिकेट टिमका कप्तान अनि अलराउन्डर क्रिकेटर विनोद दासले गत मंसिर महिनामा आफ्नो जीवनको दोस्रो इनिङ प्रारम्भ गरे। एक एयरलाइन्समा कार्यरत करुणा के.सी.सितको करिब ४ वर्ष लामो प्रेम प्रसंगलाई विवाहमा परिणत गरी दासले आफ्नो जीवनको दोस्रो इनिङ प्रारम्भ गरेका हुन्।

वर्ष २०६५ मा वैवाहिक सूत्रमा बाँधिएका धेरैजसो सेलिब्रिटीले आफ्नो प्रेमसम्बन्धलाई विवाहमा परिणत गरेको देखिन्छ। यसै क्रममा गायक क्रान्ति आले गत फागुन ७ गते विवाह-बन्धनमा बाँधिए। तीन वर्षअघि लन्डनमा कार्यक्रम गर्न गएका बखत भेट भएकी लन्डन निवासी रेणुका वाङ्देल लामासित क्रान्तिको विवाह भएको हो।



वर्षको उत्तरार्द्धतिर लगनगाँठो कस्ने सेलिब्रिटीहरूमा कान्तिपुर टेलिभिजनका कार्यक्रम निर्माता-निर्देशक, अभिनेता एवं प्रस्तोता नवराज आचार्य तथा हास्य अभिनेता दमन रूपाखेती रहे। कान्तिपुर टेलिभिजनबाट प्रसारित 'घरबेटी बा' शृङ्खलाका 'जेम्स' र 'कलेज' का अध्यापक नवराजले कलाक्षेत्रमै संलग्न सञ्जिता कोइरालासितको ५ वर्षको प्रेम सम्बन्धलाई विवाहमा ह्याप्पी इन्डिङ गरेका थिए भने नेपाल टेलिभिजनबाट प्रसारणमा रहेको 'झ्याइँकुटी झ्याइँ' नामक शृङ्खलाका निर्देशक एवं हास्य अभिनेता दमन रूपाखेतीले सोही शृङ्खलाकी ७५ औं शृङ्खलासँगै रहेकी दमयन्ता लामिछानेसित झ्याइँ पारेका हुन्। यसैगरी ग्यालेक्सी मोडलिङ एजेन्सीका सञ्चालक एवं कोरियोग्राफर धीरज तण्डुकारले रत्ना प्रजापतिसित लगनगाँठो कसे।

वर्ष २०६५ मा लगनगाँठो कस्ने सेलिब्रिटीको सूचीमा फेसन डिजाइनर संयुक्ता श्रेष्ठ, ग्ल्यामर फोटोग्राफर विक्रम गुरुङ, कान्तिपुर आजका प्रस्तोता एवं सञ्चारकर्मी प्रदीप निरौला, गायक भीमसेन लामा, इमेज च्यानलकी कार्यक्रम निर्मात्री शैलजा सिंह, इमज एफ.एम. तथा इमेज च्यानलका प्रस्तोता सुरज श्रेष्ठ पनि छन्। यसैगरी द एरो मोडलिङ एजेन्सीका सञ्चालक सिद्धान्त घिमिरेको रीमा ढकालसित, कोरियोग्राफर अनिला श्रेष्ठको इभेन्ट म्यानेजर प्रवीण लाकौलसित, मोडल रमणी जोशीको विनयमान श्रेष्ठसित तथा इभेन्ट म्यानेजर दीपक घिमिरेको प्रियंका सिटौलासित विवाह भएको छ। वर्षको मध्यतिर इन्गेजमेन्ट रिङ साटासाट गरेका गायिका प्राश्ना शाक्य र गायक अराज केशव पनि वर्षको अन्ततिर विवाह सूत्रमा बाँधिएका छन्।





# डिजिटलको साथ

● सुव्रत आचार्य

छायाँकार कृष्ण श्रेष्ठले चलचित्र 'कसम हजुरको' खिच्ने भए। निर्मात्री कृषा चौलागाईं र निर्देशक रामराजा दाहालले त्यो चलचित्र १६ एमएममै खिचेर ३५ एमएममा ब्लोअप गर्ने गरी निर्माण गर्ने योजना बुन्दै थिए। चलचित्रका एक नायक थिए, विराज भट्ट। वर्षको पहिलो सफल चलचित्र प्रदर्शन गरेकी कृषा र भर्खरै मुम्बईबाट झिकाइएको नौलो क्यामेराबाट चलचित्र 'गुरु दक्षिणा' को छायांकन सकेका निर्देशक दाहालले छायांकन थाल्नु एक महिनाअघि 'कसम हजुरको'लाई 'टु के' क्यामेराबाट खिच्ने निधो गरे। त्यतिन्जेल नायक भट्ट व्यस्तताका कारण उक्त चलचित्रबाट अलग भैसकेका थिए। उनको स्थानमा राजबल्लभ कोइराला आइसकेका थिए। राज, जीवन लुइँटेल, रेखा थापा र ऋचा घिमिरेको समूह अनि टु के क्यामेरा। १६ एमएमको सेकेन्डह्याण्ड क्यामेरा चलाएर दर्जनौं चलचित्र खिचेका अनुभवी छायांकार कृष्ण श्रेष्ठमा पनि युवा जोस जाग्यो। केही दिन 'टु के' क्यामेराको प्रशिक्षण लिएपछि हाल उनी उक्त चलचित्रको छायांकन गरिरहेका छन्। कस्तो खिचियो भनेर मोनिटरमा हेर्दै क्यामेरा चलाउन पाइने सुविधाले उनलाई भविष्यमा पनि त्यहीं क्यामेरा नै चलाइरहन पाइयोस् भन्ने चाहना छ, श्रेष्ठ भन्छन्-'यसरी नौला प्रविधिलाई अँगालेर अघि बढ्न सकियो भने मात्र नेपाली चलचित्रले फड्को मार्छ।'

## टु केपछि फोर के

डिजिटल र एनालगको विवाद चलिरहँदा डिजिटलले नेपाली चलचित्रका निर्माता तथा निर्देशकहरूलाई गाँजिसकेको छ। ०६४ मा सार्वजनिक भूषण दाहालद्वारा निर्देशित 'कागबेनी'ले भित्र्याएको 'टु के' क्यामेराको प्रविधि र हार्डडिस्कमा खिचेर सीधै सम्पादन गर्न पाइने सुविधाले धेरैलाई आकर्षित गरिसकेको थियो। ०६५मा प्रदर्शित आलोक नेम्वाङद्वारा निर्देशित 'सानो संसार'को विषयवस्तु एवं प्रस्तुतिले त यहाँका धेरै चलचित्र निर्माता एवं निर्देशकहरूलाई एकपटक सोच्न बाध्य तुल्यायो। निर्मात्री एवं नायिका रेखा थापाले आफ्नो पछिल्लो चलचित्र 'हिफाजत' यही प्रविधिमा खिचाइन् भने आगामी चलचित्र पनि यही प्रविधिमा खिच्ने घोषणा नै गरिसकिन्। 'घातक' र 'राज्य' लाई १६ एमएममा बनाएका प्रभुशमशेर राणाले आफ्नो तेस्रो चलचित्र 'मेरो एउटा साथी छ'लाई टु केमै तयार पारिरहेका छन्। एकथरी निर्माता भन्दैछन्, अबका दिनमा चलचित्र कि त ३५ एमएम सिनेमास्कोपमा बनाउनुपर्छ कि त डिजिटलमा, त्यसमा पनि सकेसम्म टु केमा। त्यसो त ०६६मा छायांकन थाल्ने भनी निर्माता तथा निर्देशक आकाश अधिकारीले रेड क्यामेरा जसलाई फोर के पनि भनिएको छ, ल्याइसकेका छन्। यो वर्ष 'एचडी' क्यामेराबाट पनि धेरै चलचित्र बनेका छन्।

## युएफओ वा क्युब

१६ एमएममा खिचेर ३५ एमएममा ब्लोअप गरिएको मौसमी मल्लद्वारा निर्मित चलचित्र 'गिरफ्तार' हेरेपछि एक जना प्राविधिकले भने- '१६ एमएममा बनाइएको चलचित्र यतिको सफा कसरी देखियो ?' वास्तवमा उक्त चलचित्रलाई 'युएफओ' प्रविधिबाट सार्वजनिक गरिएको थियो। क्वेस्ट इन्टरटेन्मेन्टले ०६४मा कागबेनीलाई त्यही प्रविधिमा सार्वजनिक गरेको थियो। ०६५ मा सानो संसारपछि भुवन केसीको 'म तिमीविना मरिहाल्छु' लाई उक्त प्रविधिबाट सार्वजनिक गरियो। गोपीकृष्ण मुभिजले पनि त्यस्तै खालको प्रविधि 'क्युव' भित्र्याइसकेको छ। स्याटलाइटसँग लिंकअप गरी कोडनम्बर मार्फत एकै स्थानबाट अनेकौं चलचित्र भवनमा एउटै चलचित्र देखाउन मिल्ने यो प्रविधितर्फ नेपाली चलचित्रको एउटा जमात लागिसेकेको छ।

## फाइभ प्वाइन्ट वान साउन्ड

वैशाखमा आउने भनिएको निर्देशक सिमोस सुनुवारको 'हाइटेक' चलचित्र 'मिसन पैसा'लाई 'फाइभ प्वाइन्ट वान सराउन्ड साउन्ड'को स्वादमा हेर्न पाइनेछ। यो वर्ष सार्वजनिक भएको 'सानो संसार' र गत वर्ष प्रदर्शित 'कागबेनी' हेरेका दर्शकलाई थाहा छ कि ती चलचित्रका दृश्य मात्र होइन, ध्वनिको स्वादमा पनि स्तरीयता छ। निर्माता तथा निर्देशक उकेश दाहाल आ□नो चलचित्र 'पलपलमा'को साउन्ड मिक्सिङ फाइभ प्वाइन्ट वान सराउन्डिङ साउन्डमा गरेर युएफओबाट सार्वजनिक गर्दैछन्।

## डिजिटल चलचित्र

डिजिटल भिडियो टेपमा खिचिने क्यामेरा प्रयोग गरी वा सीधै हार्डडिस्कमा खिचिएर कम्प्युटरमा सम्पादन गरी तयार हुने चलचित्रलाई सामान्यतया 'डिजिटल चलचित्र' भनिने गरेको छ। त्यसमा पनि अधिकांश चलचित्रकर्मी भिडियो टेपमा खिचिएका चलचित्रलाई भिडियो चलचित्र हुँदाहुँदै पनि त्यसो नभनेर डिजिटल वा एलसीडी फर्म्याटमा बनेको चलचित्र भन्न रुचाउँछन्। त्यस्ता चलचित्र बन्ने क्रम ०६५ सालमा पनि कायम रह्यो। चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रियका अनुसार राजधानी तथा मोफसलमा बन्ने धेरैजसो चलचित्र बिनासेन्सर पनि प्रदर्शनमा आउने गरेका छन्। ५ लाखजतिको लगानीमा बन्ने त्यस्ता चलचित्रका लागि काठमाडौं पुगेर सेन्सर गर्नु वा त्यसबापत दस्तुर तिर्नु झन्झटिलो काम हो। तराई वा पहाडी भेकतिर पनि स्थानीय भाषामा यो वर्ष निकै चलचित्र बने र तीमध्ये कतिपयले सेन्सर नै गराएनन्।' डिजिटल चलचित्रको निर्माणमा बाढी आउने संकेत देखेरै शान्तिप्रियले आफ्नो पत्रिका 'छायाँछवि'को आयोजनामा यही वैशाखको अन्त्यतिर 'डिजिटल चलचित्र महोत्सव तथा एवार्ड'को आयोजना गर्दैछन्।



# रेडियो जक्की बनिन् मिस तामाङ



• कृष्ण भट्टराई

काठमाडौं– 'यदि मैले मिस तामाङको उपाधि जितें भने तामाङ समुदायको अधिकारका लागि वकालत गर्नेछु र शिक्षामा पछि परेका तामाङ महिलाहरूको आवाज बुलन्द पार्नेछु। साथै पुरुषसरहको अवसर प्राप्तिका लागि उनीहरूमा आत्मविश्वास जगाउनेछु।' डब्लूएलसी कलेजमा मिडिया स्टडिजमा स्नातक दोस्रो तहमा अध्ययनरत ललितपुरकी २० वर्षीया उपाली तामाङ (ग्याबक) ले निर्णायक चरणमा सोधिएको एक प्रश्नमा यही जवाफ दिएकी थिइन्, जसले उनलाई दोस्रो संस्करणको 'मिस तामाङ २००९' को मुकुट पहिरायो। पहिलो मिस तामाङकी विजेता तथा चर्चित मोडल जेनिशा मोक्तानले उनलाई मुकुट पहिराइदिएकी थिइन्।

भविष्यमा सफल सञ्चारकर्मी बन्ने लक्ष्य लिएकी ५ फिट अग्ली उपाली पछिल्ला दुई महिनादेखि कान्तिपुर एफ.एम.मा रेडियो जक्कीका रूपमा पनि कार्यरत छिन्। उनलाई कान्तिपुर एफ.एम.का स्रोताले रिक्वेस्ट जोन, फेन्टास्टिक फिमेल तथा वाइल्ड वाइल्ड वेस्टमा सुनिरहेका छन्। मिस तामाङको उपाधिसँगै नगद २५ हजार रुपैयाँसमेत जितेकी उपालीले यो रकम साथीहरूलाई ट्रिट दिंदैमा खर्च हुने बताइन्। करिब पाँच वर्षअघि एसएलसी दिएलगत्तै एउटा म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी उपालीले यो प्रतियोगितामा मिस ट्यालेन्टको शीर्षक उपाधि पनि जितिन्। ट्यालेन्ट शोमा उनले गिटार बजाउँदै एउटा पप गीत गाएकी थिइन्।

नेपाल तामाङ कला तथा सांस्कृतिक केन्द्रले गत शनिबार काठमाडौंमा आयोजना गरेको प्रतियोगितामा १९ जना सुन्दरीलाई पछि पार्दै उपालीले यो सफलता हासिल गरेकी हुन्। प्रतियोगितामा धादिङकी हेलेन तामाङ ब्लोन फस्ट रनरअप तथा काभ्रेकी स्मिथु तामाङ घिसिङ सेकेन्ड रनरअप भएका छन्। मिस तामाङकै लागि तयार पारिएको तामाङ गीतमा २० जना सुन्दरीको सामूहिक नृत्यबाट प्रारम्भ भएको प्रतियोगिता सुन्दरीहरूको परिचयात्मक चरण हुँदै अघि बढेको थियो। परिचयात्मक चरणपछि सुन्दरीहरूले आ–आ□नो रोजाइका पहिरनमा क्याटवाक गरे। त्यसक्रममा अधिकांश सहभागीले आकर्षक इभिनिङ गाउन प्रदर्शन गरेका थिए। इम्ब्रोइडरी गरिएका गाउनमा सहभागी सुन्दरीहरू आकर्षक देखिएका थिए। बेस्ट ड्रेसको चरणपछि निर्णायकले उत्कृष्ट १० सुन्दरी छनौट गरे। टप टेनमा छनौट भएका सुन्दरीहरूलाई निर्णायकले विभिन्न प्रश्न राखेका थिए। प्रतिस्पर्धीहरूले दिएको जवाफका आधारमा निर्णायक चरणका लागि अन्तिम ५ जना सुन्दरी छनौट गरियो। 'मिस तामाङ जिते तामाङ समाजका लागि के योगदान दिनुहुन्छ ? भन्ने निर्णायक प्रश्नको जवाफका आधारमा सञ्चारकर्मी उपाली मिस तामाङको मुकुट पहिरिन सफल भएकी हुन्।

चलचित्र निर्देशक युवराज लामा, गायक निमा रुम्बालगायतका व्यक्तिहरू सहभागी निर्णायक समूहले शीर्षक उपाधिका लागिसमेत मूल्यांकन गरेका थिए। जसअनुसार स्मिथु घिसिङले मिस डिसिप्लिन, सेलिना मोक्तानले मिस पर्सनालिटी, आइरिना तामाङले मिस क्याटवाक, कृतिका तामाङले मिस फ्रेन्डसिप, सोनिया गोलेले मिस बेष्ट स्माइल, नीलम तामाङले बेस्ट ड्रेस, डोल्मा पाखिनले मिस ब्युटिफुल हेयर, उपाली लामाले मिस ट्यालेन्ट, हेलेन तामाङले मिस भ्यूअर्स च्वाइस तथा आइरिना तामाङले मिस फोटोजेनिकको शीर्षक उपाधि आफ्नो पोल्टामा पारे। प्रभा अमात्यको कोरियोग्राफीमा नेपाल तामाङ कला तथा सांस्कृतिक केन्द्रले आयोजना गरेको प्रतियोगितामा गायक विजय लामा, रोज मोक्तान तथा अविनाश घिसिङले गीत प्रस्तुत गरी दर्शकहरूलाई सांगीतिक मनोरञ्जन गराएका थिए। कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रमको सञ्चालन दिनेश डिसी तथा प्रभा अमात्यले संयुक्त रुपमा गरेका थिए।

## छोटो मीठो उपालीसँग

**कुन कुराले तपाईंलाई मिस तामाङको उपाधि दिलायो ?**

मेरो आत्मविश्वास, बोल्न सक्ने क्षमता तथा प्रतिभाले।

**कत्तिको सुन्दर छु जस्तो लाग्छ ?**

सुन्दर नै छु जस्तो लाग्छ तर सुन्दर भन्दा पनि मेरो मन सफा छ।

**भविष्यको योजना के छ ?**

अहिले म कान्तिपुर एफ.एम.मा रेडियो जक्कीका रूपमा कार्यरत छु। भविष्यमा पनि सफल मिडियो पर्सनालिटी बन्ने योजना छ।

**अभिनय तथा मोडलिङमा जाने कत्तिको सम्भावना छ ?**

राम्रो प्रोजेक्टबाट प्रस्ताव आयो भने विज्ञापन तथा म्युजिक भिडियोहरूमा काम गर्छु।

**फुर्सदमा के गर्नुहुन्छ ?**

चलचित्र हेर्छु। मलाई कोरियन चलचित्र असाध्यै मन पर्छन्।

# नयाँ वर्षका लागि रमाइला कार्यक्रम

**साप्ताहिक समाचार**

काठमाडौँ– आगामी सोमबार न्यू इयर इभ अर्थात् वर्ष २०६५ को अन्तिम दिन □ राजधानीलगायत देशका प्रमुख सहर तथा नेपालीहरू बसोबास गर्ने विदेशका विभिन्न स्थानमा नयाँ वर्ष २०६६ लाई स्वागत गर्न विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू हुँदैछन्।

गायक सञ्जय खड्गीले दरबारमार्गमा सञ्चालन गर्न लागेको क्रिस्टल फुड ल्यान्डको उद्घाटन न्यू इयर इभकै दिन गर्दैछन्। उक्त अवसरमा नाम चलेका गायक-गायिकाहरू भेला हुँदैछन्। सञ्जयले साप्ताहिकसँग भने– 'विदेशी नयाँ वर्षभन्दा नेपाली नयाँ वर्षको स्वागत विशेष रूपले गरौं भन्ने उद्देश्यले नौलो प्रकारको सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको हुँ।'

नेपाल टेलिभिजनले पनि न्यू इयर इभकै दिन 'शुभकामना साँझ २०६६' शीर्षकको मनोरञ्जनात्मक कार्यक्रम गर्दैछ। सुन्धारास्थित आर्मी अफिसर्स क्लबबाट राति साढे नौ बजेदेखि मध्यरात साढे १२ बजेसम्म प्रसारण हुनेछ। कार्यक्रममा शास्त्रीय सांगीतिक समूह 'सुरसुधा' ले गीत-संगीत प्रस्तुत गर्दैछ। कार्यक्रममा अभया एन्ड स्टिम इन्जन्सको लाइभ कन्सर्ट पनि समावेश छ। रेनशा राई, बबु तथा भावनाको कोरियोग्राफीमा नायिकात्रय अरुणिमा लम्साल, नन्दिता केसी र पूजा लामाले आकर्षक नृत्य प्रस्तुत गर्नेछन्। कार्यक्रमलाई मनोरञ्जक बनाउन 'तीतो सत्य' का दीपकराज तथा दीपा र 'जीरे-खुर्सानी' का जितु नेपाललाई उद्घोषक बनाउन लागिएको छ। उनीहरूले उद्घोषणमार्फत नै हास्यव्यंग्य प्रस्तुत गर्नेछन्।

होटल हिमालयमा आयोजना गरिने न्यू इयर इभ कार्यक्रममा गायक ओमविक्रम विष्टले आफ्ना कर्णप्रिय गीत प्रस्तुत गर्दैछन्। चैत ३१ गते साँझ ७ बजे प्रारम्भ हुने सांगीतिक कार्यक्रममा गायिका शोभा बर्मा पनि सहभागी हुँदैछिन्। डिजे विटलको डिजे सेसनले उपस्थित युवा-युवतीलाई नचाउने अनुमान गरिएको उक्त कार्यक्रममा हिमालयन होटलकै रकर्स समूहले पनि गीत-संगीत प्रस्तुत गर्नेछ।

गोकर्ण फरेस्ट रिसोर्टमा 'न्यू इयर इभ २०६६' शीर्षकको कार्यक्रम हुँदैछ। सोमबार साँझ ७:३० बजेदेखि प्रारम्भ हुने उक्त कार्यक्रममा गायक निमा रुम्बा प्रमुख आकर्षण हुनेछन्। कार्यक्रममा चर्चित सांगीतिक समूह 'मुक्ति एन्ड रिभाइवल' ले लाइभ कन्सर्ट प्रस्तुत गर्नेछ। सांगीतिक कार्यक्रमपछि डिजे राजुको सेसन प्रारम्भ हुनेछ।

पुतलीसडकमा भने नयाँ वर्षको पहिलो दिन 'पुतलीसडक स्ट्रिट फेस्टिबल' को आयोजना गरिदैछ। कालिका महावीर स्पोर्ट्स क्लब तथा पुतलीसडक क्लबले संयुक्त रूपमा आयोजना गर्न लागेको सडक महोत्सवमा आधा दर्जनजति डिजेले गीत-संगीत घन्काएर सडकलाई नै डान्स फ्लोर बनाउँदैछन्। 'फुड मेला' समेत समावेश गरिने यो महोत्सवमा डिजे एनके, डिजे साकार, डिजे पीएच लेभल, डिजे भेक्स, डिजे अलि तथा डिजे नेवाले छनौट गरेका अत्याधुनिक गीत-संगीतमा युवा-युवतीहरू झुम्नेछन्।

विदेशका कार्यक्रम

आयरल्यान्डको राजधानी डब्लिनमा नयाँ वर्षको उपलक्ष्यमा आयोजना गरिने सांस्कृतिक कार्यक्रममा नेपालबाट मनोज गजुरेल सहभागी हुनेछन्। सो अवसरमा गजुरेलले आफ्ना विभिन्न प्रस्तुतिमार्फत त्यहाँ रहेका नेपालीहरूलाई हँसाउनेछन्। कार्यक्रममा डब्लिनमै रहेका नेपाली कलाकारले गीत तथा नृत्य प्रदर्शन गर्ने नेपाल-आयरल्यान्ड समाजले जनाएको छ।

नववर्षकै अवसर पारेर शनिबार अस्ट्रेलियामा 'म्युजिक नाइट' शीर्षकको सांगीतिक कार्यक्रम गरिदैछ। कार्यक्रममा सुनिल बर्देवा, दीपक बज्राचार्य, सुरेन्द्रमान सिंहले गीत-संगीत प्रस्तुत गर्नेछन्। सोही कार्यक्रममा डिजे एलले डिजे सेसन सञ्चालन गर्नेछन्।

नववर्ष २०६६ को अवसर पारेर कतारमा 'मनोरञ्जन साँझ-२०६६' को आयोजना गरिँदैछ। आगामी शुक्रबार कतारको अलखोरस्थित अलमिनाद क्याम्पको प्राङ्गणमा हुने उक्त कार्यक्रममा जयबहादुर आलेमगर तथा फुर्वा योञ्जनको निर्देशनमा स्थानीय कलाकारहरूको विशेष सक्रियतामा लोक, आधुनिक, पप, कमेडी, भोजपुरीका साथै दोहोरी गीत-संगीत प्रस्तुत गरिनेछ। कार्यक्रममा केही एकांकी नाटक पनि मञ्चन हुनेछन्।

नयाँ वर्षकै अवसरमा इटालीको रोम सहरमा सोमबार नेपाली समाज रोमको आयोजनामा रमाइलो कार्यक्रम गरिदैछ। उक्त कार्यक्रममा नेपाली गीत-संगीतको रमझम, डिजे साँझ तथा पप गायक राजु लामाका साथमा लाइभ संगीतको कार्यक्रम गरिनेछ। अमेरिकाका विभिन्न सहरमा पनि नयाँ वर्षलाई स्वागत गर्ने मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजित गरिदैछन्।

**हङकङमा नयाँ वर्षका कार्यक्रम**

नयाँ वर्षका अवसरमा यसपटक हङकङमा झन्डै आधा दर्जन कार्यक्रम हुँदैछन्। पर्सि आइतबार याउ मा तेईस्थित हेनरी जी ल्योङ हलमा मूलवाटो साँझ हुँदैछ। उक्त कार्यक्रममा गायक राजेश पायल राई स्थानीय गायकहरू कमल राई, रोसा लिम्बू, टोपराज लामा, अन्तिम राई, सुनिता प्रधान सँगै प्रस्तुत हुनेछन्। गायक राजेशपायल करिब दुई वर्षपछि हङकङेली दर्शकमाझ प्रस्तुत हुन लागेका हुन्। आइतबारै दिउँसो गुल्मी समाज हङकङले ताइतोङ डाडा यङलुङमा नाचगानसहितको शुभकामना तथा भेटघाट कार्यक्रमको आयोजना गरेको छ।

नववर्षको पहिलो दिन मंगलबार एनआरएन हङकङ र नेपाल च्याम्बर अफ कमर्सको संयुक्त आयोजनामा चिम सा चोयस्थित मरिना क्लबमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमसहित नयाँ वर्षलाई स्वागत गर्ने कार्यक्रम छ। आइतबारै राति दस बजेदेखि वानचाईस्थित बुलडग डिस्कोमा 'न्यू इयर डान्स पार्टी' राखिएको छ। यसै अवसरमा वैशाख ६ का दिन फियोना हङकङले मंकी हिलमा ५१ हजार रुपैयाँ पुरस्कार र ट्रफीसहितको नेपाली डान्स आइडल आयोजित गर्दैछ।

**–निर्मल श्रेष्ठ**

**सल्लाघारीमा नयाँ वर्ष उत्सव**

राजतन्त्रको अन्त्यसँगै राष्ट्रियकरण गरिएको भक्तपुर सल्लाघारीको १ सय ८ रोपनी क्षेत्रफलमा फैलिएको चौर अहिले बेवारिसे अवस्थामा छ। उक्त चौर नेपालको दोस्रो भृकुटीमण्डप बन्न सक्ने सम्भावना देखेर चौधरी ग्रुपले नयाँ वर्ष तथा बिस्केट जात्राका अवसरमा तीनदिने उत्सव गर्ने भएको छ। स्थानीय बाराही युवा समाजको व्यवस्थापनमा हुन लागेको उत्सव बिस्केट जात्राका दर्शकहरूलाई थप मनोरञ्जन दिन आयोजित गर्न लागिएको उत्सव व्यवस्थापन समितिका सदस्य सुरेन्द्र श्रेष्ठले बताए।

उत्सवमा विभिन्न ५० वटा स्टल राखिनेछ। भक्तपुरबाट उत्पादन हुने भादगाउँले टोपी, काष्ठकलाका सामग्री, हस्तकलाका सामानहरू प्रदर्शनका लागि राखिनेछ। त्यसै गरी स्वदेशी-विदेशी परिकारसहितका स्टल पनि रहनेछन्। नेपालका विभिन्न स्थानमा उत्पादन गरिएका जडिबुटीजन्य वस्तु तथा जडिबुटी पनि प्रदर्शन कक्षहरूमा हेर्ने अवसर पाइनेछ। करिब १० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको उत्सवको पहिलो दिन स्थानीय कलाकारद्वारा सांस्कृतिक कार्यक्रम देखाउने कार्यक्रम तय भएको छ। त्यसै गरी नयाँ वर्षको पहिलो दिन वैशाख १ गते गायक रविन तामाङको लाइभ कन्सर्ट हुनेछ।

**भृकुटीमण्डपमा कृषि मेला**

चौथो पटक आयोजना गर्न लागिएको बृहत् कृषि मेला चैत २८ गते देखि वैशाख १ गतेसम्म भृकुटीमण्डपको प्रदर्शनी हलमा हुने भएको छ। हाल निर्वाहमुखी मात्र भैरहेको कृषि पेसालाई व्यवसायीकरण गर्ने उद्देश्यले मेला प्रत्येक दुई वर्षको अन्तरालमा हुँदै आएको छ।

मेलामा कृषिजन्य औद्योगिक उत्पादन, वैकल्पिक ऊर्जासम्बन्धी उत्पादनका साथै फूलहरू प्रदर्शन गरिनेछ। यसबाहेक चिया, कफी, दुग्ध पदार्थ, मासुका उत्पादनहरू, जीवित पशुपन्छी, मह, फलफूल, तरकारी, माछा, बीउ-बिजन तथा रेसम पनि मेलामा हेर्न पाइनेछ। मेलामा कृषिमा आधारित मौलिक परिकारहरूको प्रदर्शनी विशेष आकर्षणका रूपमा राखिएको छ। पाँचदिने मेलामा करिब ५० हजार अवलोकनकर्ता उपस्थित हुने आयोजकहरूको अनुमान छ।

**नयाँ वर्षमा क्यालेन्डर मेला**

सूचना तपाईंको अधिकार, क्यालेन्डर पर्यटनको आधार भन्ने नाराका साथ नववर्ष २०६६ सालको उपलक्ष्यमा मेला हुने भएको छ। क्यालेन्डर मेला शीर्षकको यो मेला यही चैत ३१ र वैशाख १ गते भक्तपुरमा हुनेछ। नयाँ वर्षमा नयाँ जोस-जाँगरका लागि विभिन्न कार्यक्रम र वार्षिक योजनासहितका क्यालेन्डरहरू एकसाथ प्रदर्शन गर्न भक्तपुरका युवाहरूले मेलाको आयोजना गर्न लागेका हुन्।

नववर्षको अवसरमा मनाइँदै आएको परम्परागत बिस्केट जात्राका दर्शकहरूलाई नयाँ स्वाद दिने उद्देश्यका साथ यो मेला गर्न लागिएको हो। यस वर्ष बिस्केट जात्रा हेर्न आउने दर्शकहरूलाई नौलो किसिमका क्यालेन्डर, डायरीसहितका वस्तुहरू प्रदर्शन गरेर वर्षभरि हुने पर्यटकीय गतिविधिहरूको सूचना आदानप्रदान गर्ने कार्यक्रम तय गरिएको छ।

क्यालेन्डरहरूमा छापिएका मनमोहक दृश्यबाट दर्शकले आनन्द प्राप्त गर्छन्। पर्यटकीय महत्त्व भएका स्थलका तस्बिरहरू राखिएका क्यालेन्डर विशेष रूपमा प्रदर्शन गर्दा पर्यटन प्रबर्द्धन हुने विश्वास आयोजकहरूले गरेका छन्। सन् २०११ मा हुन लागेको नेपाल पर्यटन वर्षका लागि आधार तयार पार्ने पर्यटन गतिविधिको प्रचार गर्न क्यालेन्डर उपयोगी माध्यम हो।

**–रविन राचलिका**

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल परिपट्टी, काठमाडौं

WHAT AFTER EXAM ???
उद्घोषण
Anchoring (VJ/RJ/Stage)
Public Speaking
Speech Art
Personality Development
Career Counselling
Confidence Development
Videography & Camera
Leadership Development
News Reading/Reporting
With: Mahima (Image TV), Bhuwan (ImageTV), Kala (Hits FM), Kusum (Gorkha FM), Raj (Star FM), Nirajan (Star FM), Dipak Samir (Gorkha FM) Gyanendra (Star FM), Krishna (STV), Sabina (ATV) Shyam (Image FM), Puskar (NNTV), Hira (VOY FM) and top media personalities from Nepal and India.
Rs. 1000/- Discount
No.1 Media Station
THE MEDIA'S COLLECTION
Bagbazar (Opp. to Petrol Pump)
Ph. No. 4233042
Pokhara: 061-530569 also in Banepa & Ithari
Job Guarantee

पुनम, हेप्पी वर्थ डे । पूरा हुन नसकेका कामनाहरू यो जन्म दिनले पूरा गरोस् । यी भौतिक शरीर जति टाढा भए पनि आत्मियताको नाता कहिल्यै टाढा नहोस् । तिम्रो हृदयमा सधैं सकारात्मक सोच एवं विचारहरूले बास पाउन् अनि तिम्रो पाइला-पाइलामा सफलता मिलोस्– हार्दिक शुभकामना ।

**राजकुमार**

शारदा, चाह त मैले भित्री मनदेखि नै गरेको थिएँ तर तिमीले बुझ्ने प्रयास गरिनौ । यो जुनी त के हो र ? आउने सयौं जुनी पनि म तिम्रै यादमा बिताउनेछु । नयाँ वर्षले तिम्रो सोचमा परिवर्तन ल्याओस्– शुभकामना ।

**नौटंकी**

मेरा सम्पूर्ण परिवार, साथी-सहेली तथा प्यारी बहिनी कृपालाई नववर्षको हार्दिक शुभकामना ।

**सुशील देवकोटा**

मेरो परिवार साथै समस्त इष्टमित्रहरूमा नववर्षको हार्दिक शुभकामना, साथै उत्तरोत्तर प्रगतिको कामना ।

**प्रेम श्रेष्ठ**

सुनिता, तिमीले दिएको ०५९ सालको ग्रिटिङ कार्ड कहिल्यै भुल्नेछैन । त्यो कार्ड अझै पनि साथमै छ, कुनै पनि वर्ष केही दिन सकिएन, आज दिइरहेछु– ०६६ सालको शुभकामना । क्षितिजझैं उज्यालो रहोस् तिम्रो मुहार, यही नै मेरो कामना ।

**भक्त**

आत्मीय मित्रहरू दुर्गा, रीता, राममाया, गोमा, मञ्जु, खड्का एवं राजुलगायत सबैलाई सुमधुर सम्झना, विगतका वर्षझैं यो वर्ष पनि सुख, शान्ति एवं उमंगका साथ बितोस् । तपाईंहरूका हरेक चाहना पूरा हुन् । नयाँ वर्षको यात्रा सुखद रहोस् । प्रगतिको पाइलामा टेक्दै जानुहोस्– मंगलमय शुभकामना ।

**राजेन्द्र**

ज्योति, सिमरन, काजी, प्रति, सचिता, आकाश, उद्धव, सुनिल, मीन, सुरज अनि मेरा प्यारा साथीहरूलाई नववर्षको धेरै-धेरै शुभकामनाका साथै समधुर सम्झना ।

**खुश्बु**

विक्रम, नववर्षको हार्दिक शुभकामना । नयाँ वर्षको आगमनसँगै तिम्रा सम्पूर्ण चाहना पूरा हुन् । मबाट टाढा गए पनि म तिमीलाई सधैं सम्झिरहनेछु । तिमीसँग बिताएका पलहरू कहिल्यै भुल्नेछैन ।

**खुश्बु**

आत्मीय पत्रमित्रहरूलाई न्यानो मायाका साथै अविरल सम्झना । मित्रताको पवित्र साइनो अक्षुण राखौं । तपाईंहरू जो-जो जहाँ-जहाँ जे-जे गरिरहनुभएको छ, सबैको उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्यको कामनाका साथ नववर्षको हार्दिक शुभकामना ।

**अरदीप मोक्तान**

साथीहरू कल्पना, निश्मा, अस्मिता, अनिता, निजुलगायत स्वदेश तथा विदेशमा बस्ने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा नववर्षको हार्दिक शुभकामना ।

**सविन आरोही राई**

साथीहरू नवीन, मदन, सुरराज, विष्णुहरि, बहादुर, राजु, रमेश, छवि, सुरेन्द्र, रूपक, त्रिचन्द्र, दिनेश, अमृत, अजित, कुमार, सुरथ, विनोदलगायत मलाई चिन्ने सबैलाई नववर्षको हार्दिक शुभकामना ।

**अच्युत आचार्य**

सुनसरी क्याम्पस, इनरुवाका साथीहरू सागर, गोविन्द, लक्ष्मण, अमर, दीपक, नीरज, रितेश, श्रीनिवास, वसन्त, इमरान, लक्ष्मी, सम्झना दिदी, मुना, सन्ध्यालगायत सबैलाई नववर्षको मंगलमय शुभकामना ।

**विनोद खतिवडा**

आत्मीय मित्रहरू इन्दिरा, कल्पना, उषा, सीमा, तारा, रचना, खेम, नरेश, अजय, सरिना, उमा, इन्द्र, गोमा दुःखी, दिलु, टिष्टा, चन्द्रा, सुजना, निर्मला, प्रतिमा, गंगा, लक्की, यशोदा, सिर्जना, सविना, भुवन, गणेश, जुनु, विमला, सीता, अर्चना, अनुजा, असीम, शर्मिला, रीना, निशान, दिया, रिजना, पदम, उमेश, लक्ष्मी, कमला, सुजाता, विजया, विना, अञ्जुला, रञ्जिता, आशा, पूजा, मधु, प्रेम, पवित्रा, दीपक, पदम, शालविया, डम्बर, पूनम, विमल, हेमन, प्रदीप, राजन, संगीता, रञ्जु, कुशुम, सिन्धु, मनु, विराज, ज्वाला, रजिता, प्रीति, तारा, सविता, सिर्जना, सन्तोष साइमन, सरिता, दिनेश तथा सन्तोषलाई नववर्षको हार्दिक शुभकामना ।

**कल्पना साम्पाङ**

रामेछाप थिरपानीका घरपरिवार, छरछिमेकी, काठमाडौंका दाजुभाइहरू रामकृष्ण, नैन, कुमार, नुच्छेलाल, शम्भु, भुवन, चित्र, सन्तोष, मञ्जित, गणेश, कुल, भिनाजु निरबहादुर, धनकुमार, बुद्धिमान, बहिनी सलिना, त्यसैगरी सहयात्री मित्रहरू कोपिला, मनोज, शान्ति, श्यामप्रसाद, उमा, रेखा सबैलाई सुखशान्ति मिलोस्, हरेक कार्य सफल बनोस्, सधैं सफलताले पछ्याइरहोस्– नववर्षको हार्दिक शुभकामना ।

**दुर्गाबहादुर माझी**

सुजना, इन्द्र, कल्पना, उषा, दिलु, टिष्टा, चन्द्र, दीपक, रञ्जित, पदम, इन्दिरा, आशा, रोशन, रचना, रञ्जिता, अजय, खेम, नरेश, पूनम, हेमन, शर्मिला, मधु, पूजा, तारा, सिर्जना, गोमा, यशोदा, मिला, प्रेम, धनुष, तीर्थ, सुमन, सन्देश, राजकुमार, मित्रकुमारी, निर्मला, असीम, लक्की, संगम, विमल, सन्तोष, सरिता, प्रदीप, तुलसी, सविता, प्रीति, अभागी तारा, टीका, मोना, सविना, अर्चना, जुनुप्यारी, कमला, महिमा, सरिना, उमा, अञ्जुला, प्रतिमा, लक्ष्मी, सिन्धु तथा विनालाई नववर्षको मंगलमय शुभकामना ।

**कल्पना साम्पाङ**


साथीहरू सुनिता, विनोद, गंगा, भुवन, विनोद, मञ्जु, रोमन, लक्ष्मी, एस, हिमा, निर्मला, रामहरि, भुवन, दीपक, प्रश्ना, जीवन, शान्ति, राजीव, रेखा, निरञ्जन, शेखर, रञ्जन, खेमराज, प्रदीप, सरस्वती, रविना, बहिनीहरू विनु, जून, रुकु, सिर्जना, नीरा तथा सजितामा लाखौंलाख शुभकामना ।

**दुर्गाबहादुर माझी**

पृथ्वीनारायण क्याम्पस, पोखराका आत्मीय साथीहरू, बैनीहरू कमला, लीला, प्रतिमा, सुस्मिता अनि काठमाडौंमा रहेका सम्पूर्ण साथीहरू, विशेष गरी भाइ सागर र सरगमलाई नववर्षमा सफलता नै सफलता प्राप्त होस्– हार्दिक शुभकामना ।

**पुन माया**

साथीहरू निश्मा, कल्पना, गीता तथा हिमालयन डान्स मुभी कला केन्द्र बौद्ध, कान्तिभैरव मोटर



● सन्देश ●

डाइभिङ सेन्टर चाबहिल, साँग्रिला होटल ट्रेनिङ सेन्टर नयाँ बानेश्वर, नेपाल उसु क्वान त्रिपुरेश्वर र कपनका सम्पूर्ण गुरुवर्ग साथै प्रशिक्षार्थी साथीहरूलगायत नेपाल तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा नववर्षको हार्दिक शुभकामना ।

**सविन आरोही राई**

चिरपरिचित मित्रहरूमा आरामै रहेको जानकारी गराउँदै नववर्षको शुभकामना । विशेष गरी गंगा, अर्जिता, सुलोचना, सुनिता, उर्मिला, देवी, भूमिक्षालाई ।

**नरबहादुर हाडा**

प्यारा साथीहरू मूलमान, कमान, मूल, बीरमान, रमेश, नैनसिंह, रेग, कुलमान, मनीषा, जानुका तथा बज्रमानमा सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना ।

**नरेश**

साथीहरू दीपक, केशव, उपासना, अभि, रीता, विश्वास, मेनुका, गुजा, जितेन्द्र, दिदी तमन्ना, रञ्जिता, काली, भाउजूहरू, आन्टीहरू, भाइबहिनीहरू धनमाया, सुषमा, निकेश, निशा, मोहन, मदन, रेणुका, कल्पना, गंगालगायत तमाम मित्रहरूलाई उत्तरोत्तर प्रगति, सुस्वास्थ्य एवं दीर्घायुको कामना । जीवनमा सुख, शान्ति एवं समृद्धि छाओस्– नववर्षको हार्दिक शुभकामना ।

**रविन**

प्यारी श्रीमती सुनितालगायत सालीहरू, नाङ्लेभारे बस्नुहुने बुबा-आमा, भाइबहिनीलगायत सिन्धुपाल्चोक लागर्चे लएसेनिवासी मेरा दिदी-भिनाजुलगायत साथीहरू नरहरि, दिनेश, राजन, चित्र, रञ्जिता, देव, गणेश, भक्त, नोख, कृष्ण, सुमन, सुस्मिता, सुजिता, रेखा, गीता, रितु, ज्ञान, अर्जना, गंगा, सन्तोषी, सिर्जना, सुनिता, प्रकाश, रमेश, अर्जुन, टेक, आदिलाई नववर्षको हार्दिक शुभकामना ।

**भीमसेन आचार्य**

पूजनीय ड्याडी, ममी एवं दिदीका साथै मेरा सम्पूर्ण साथी एवं आफन्तजनमा नववर्षको हार्दिक शुभकामना ।

**मिलन बुढाथोकी**

प्रतिभा, तिमी कहाँ छौ ? फोन नम्बर त लग्यौ तर कल गरिनौ । मीठो सम्झनासहित जन्मदिनको मंगलमय शुभकामना ।

**रमेश**

बाल्यकालका साथीहरू रामशरण, मनोज, राम, ईश्वर, वसन्त, अमृत, हरि, राजन, राजु, विक्रम, रमेश, साजन, उमेश, सोनाम, माधव, भान्जाहरू कैलाश, विकास, ईश्वर, उज्वल, सागर, विजय एवं देवेन्द्रलाई नववर्षको धेरै-धेरै शुभकामना ।

**कृष्ण कुँवर**

साउदी अरबमा कार्यरत मामा भरत, भाइ रामचन्द्र, दाइ पुष्प, कतारमा कार्यरत अंकल राजन, मामाहरू रामजी, आनन्द, महेन्द्र, भिनाजु सुदीपका साथै देश-विदेशमा रहेका सबैलाई नववर्षको मंगलमय शुभकामना ।

**प्रकाश डिसी**

पाटन संयुक्त क्याम्पसमा सुनौलो भविष्यको कल्पना गर्दै आएका विद्यार्थीलाई मार्गनिर्देशन गर्ने गुरुवर्ग, विद्यार्थी साथीहरू र १४ अञ्चल ७५ जिल्लाभरि छरिएका नेपालीहरूलाई वर्ष २०६६ मा कुनै पनि पक्षबाट कुनै समस्या भोग्नु नपरोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**प्रकाश डल्लाकोटी**

धादिङ जोगीमारा बस्ने घरपरिवार, रामेछापको हिलेदेवी बस्ने आमाबुबा, मलेसियामा कार्यरत अंकल सहित सबैलाई नववर्षको हार्दिक शुभकामना ।

**भावना खड्का**

मेरा शुभचिन्तकहरू शारदा, सरिता, दुर्गा, राम, रामशरण, सुदीप, प्रदीप, दिग्विजय, रामकृष्ण, सदानन्द, सुरेश, राजकुमार, सीता, निसा, मीना, सरस्वती, सत्यदेवी, जानुका, कल्पना, विश्वास, विद्या, भीमसेन, ललितका साथै कालीमाटी प्रहरीबिटका सम्पूर्ण सदस्यसहित आफन्तहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**विदुर हुमागाई**

साथी ज्योति र अमृतालाई नववर्षको हार्दिक शुभकामना ।

**विनोद भेटवाल**

सजना, भनिन्छ प्रेम गर्न जति सजिलो हुन्छ त्यसलाई कायम र ख्न पनि उत्तिकै कठिन । आखिर यो भनाइ चरितार्थ भयो । तिम्रो निर्दयी व्यवहारका कारण हाम्रो माया टुट्न पुग्यो । साथ छुटा हृदयको वेदना बिसाउने चौतारी थिएँ । अहिले हाम्रो माया टुटे पनि मेरो शीतलता नबिर्सनु, अहिले तिमी जहाँ जुन अवस्थामा भए पनि हाँसीखुसी जीवन बिताउनु । तिमीलाई यो दुःखीको तर्फबाट नववर्षको लाखौं लाख शुभकामना ।

**समिर**

भाग्य, तिमी र तिम्रो घर-परिवारलाई नववर्षको धेरै-धेरै शुभकामना । नववर्षदेखि तिम्रो नयाँ जीवनको प्रारम्भ होस् । तिमीलाई हरेक मोडमा भगवान्ले साथ दिऊन् ।

**राजकुमार**

डियर बाबु, नववर्षको धेरै-धेरै शुभकामना । तपाईंले चालेका हरेक पाइलाले सफलताको शिखर चुमुन् । तपाईंको ओंठमा सधैं मुस्कान देख्न पाऊँ । साँच्चै नै सजायँ मैले भोग्नु नै पर्छ विश्वास गर्नाले पर ईलाई आफन्त मानी मुटुमा राख्नाले, म तपाईंलाई धेरै नै चाहन्थें तर थाहा थिएन तपाईं त पराई हनुहुँदोरहेछ । छाड्नुस् यी कुराहरू बिर्सनुपर्छ । घाममा धेरै नबस्नुस्, आफ्नो स्वास्थ्यको ख्याल गर्नुस् र कहिलेकाहीं यो नानुलाई पनि सम्झनुस् ।

**नानु**

इन्द्र, माया, सोनु, सविता, जमुना, सविना, मैयाँ, शान्ति, ममी, जमुना, राज्य, लक्ष्मी, कृष्णलाई सुस्वास्थ्य तथा दीघायुको कामना सहित नववर्षको मंगलमय शुभकामना ।

**रामजी**



# नेपाली टेलिभिजन : च्यानल बढे, दर्शक घटे

कृष्ण भट्टराई

काठमाडौं– एक दशकअघि सम्म जम्मा एउटा नेपाल टेलिभिजन हेरेर रमाइरहेका नेपाली दर्शकले वर्ष २०६५ सम्म आइपुग्दा झन्डै एक दर्जन नेपाली भाषाका टेलिभिजन च्यानलको स्वाद चाख्न पाएका छन्। यो दृष्टिकोणबाट हेर्ने हो भने यो वर्ष नेपाली टेलिभिजन च्यानलकै इतिहासमा सबैभन्दा सुखद वर्ष सावित भयो। प्रसारणको तयारीमा रहेका च्यानलको संख्यासमेत जोड्ने हो भने आगामी वर्ष नेपालमा नेपाली भाषाका टेलिभिजन च्यानलको संख्या डेढ दर्जन पुग्न सक्छ। पछिल्लो समयमा वीरगन्जबाट प्रसारण प्रारम्भ भएको तराई टेलिभिजनसहित अहिले नेपालमा नेपाल टेलिभिजन, नेपाल टेलिभिजन टु, कान्तिपुर टेलिभिजन, इमेज च्यानल, च्यानल नेपाल, एबीसी टेलिभिजन, सगरमाथा टेलिभिजन, एभिन्यूज टेलिभिजन तथा भारतबाट प्रसारण हुने नेपाल वान गरी दसवटा टेलिभिजन च्यानलका तरंग नेपाली आकाशमा उपलब्ध छन्।

संख्यात्मक हिसाबले यस वर्ष नेपाली च्यानलले इतिहास बनाए पनि दर्शक सहभागिताको दृष्टिकोणले यो वर्ष सबैभन्दा कम दर्शकले यी च्यानलबाट प्रसारण हुने कार्यक्रम हेरेको अनुमान गर्न सकिन्छ। कारण एउटै छ, १६ घण्टासम्मको लोडसेडिङ। लोडसेडिङकै कारण प्रसारण भएका स्तरीय कार्यक्रमसमेत दर्शकहरूले हेर्न पाएनन्। लक्षित वर्गले कार्यक्रम हेर्न नपाएपछि कार्यक्रम निर्माता-निर्देशकहरू निराश हुनु स्वाभाविक हो। दर्शक सहभागिता कम भएपछि कार्यक्रमलाई प्रायोजन गर्ने विज्ञापन एजेन्सीको रुचि पनि स्वतः घट्न पुग्यो। फलस्वरूप यो वर्ष सानो पर्दाबाटै आर्थिक रूपले सम्पन्न बनेका कतिपय टेलिभिजनकर्मीको कमाइ घट्यो।

**समाचारमूलक च्यानलको वर्चस्व**

वर्ष २०६५ मा नेपालमा समाचारमूलक टेलिभिजन च्यानलको संख्या ह्वात्तै बढ्यो।

करिब एकै समयमा प्रसारण प्रारम्भ भएका सगरमाथा र एभिन्यूज तथा यसै वर्षदेखि प्रसारण प्रारम्भ भएको एबीसी टेलिभिजनले समाचारलाई नै मुख्य विषय बनाए। यसबाहेक कान्तिपुर टेलिभिजन, नेपाल टेलिभिजन तथा नेपाल वानले पनि घण्टैपिच्छे समाचार बुलेटिन प्रसारण गर्न थालेपछि नेपाली टेलिभिजनमा दर्शकले समाचार तथा समाचारमूलक कार्यक्रम मात्र रुचाउँछन् भन्ने अनुभव पनि गरियो। चौबीसै घण्टा प्रसारण हुने यी च्यानलले दर्शकलाई सुसूचित गर्ने सक्दो प्रयास गरिरहेका छन्। बन्द, हड्तालका समाचारहरू ब्रेकिङ न्यूजका रूपमा उपलब्ध हुन थालेपछि कामकाजी व्यक्तिहरू बिहान एकपटक यी च्यानल नहेरी घरबाट हिंड्दैनन्। यस अर्थमा समाचार मात्र प्रसारण गर्ने टेलिभिजन च्यानलको लोकप्रियता बढेको देखिन्छ।

**लोडसेडिङको मार**

लोडसेडिङकै कारण विद्युत् अभाव भएपछि पाँचवटा निजी टेलिभिजन च्यानलले आफ्नो प्रसारणको पाँच घण्टा प्रसारण रोके। कान्तिपुर टेलिभिजन, इमेज च्यानल, एबीसी टेलिभिजन, एभिन्यूज टेलिभिजन तथा सगरमाथा टेलिभिजनले प्रसारण अवधि घटाएका हुन्। यी च्यानलले राति १२ बजेदेखि बिहान ५ बजेसम्मको प्रसारण रोकेका हुन्। टेलिभिजन ब्रोडकास्टर्स नेपालले पत्रकार सम्मेलनमार्फत नै यो घोषणा गरेको हो। टेलिभिजन सञ्चालकहरूले लोककल्याणकारी विज्ञापन निजी टेलिभिजन च्यानललाई पनि दिनु पर्ने माग गरेका थिए। यसबीच इमेज च्यानलका अध्यक्ष आरके मानन्धरको अध्यक्षतामा टेलिभिजन ब्रोडकास्टर्स अफ नेपाल (टीबीएन) स्थापना भयो। टीबीएनले प्रसारण नियमित राख्न टेलिभिजनलाई नियमित विद्युत् उपलब्ध गराउने व्यवस्था मिलाउन माग गर्नुका साथै प्रसारण संकटकाल घोषणा गर्नुपरेको अवस्थामा विज्ञापनदातालाई सहुलियत दिने निर्णयसमेत गरेको थियो।

लोडसेडिङको प्रत्यक्ष प्रभाव अघिल्लो वर्ष अत्यधिक चर्चामा रहेका तीतो सत्य, मेरी बास्सै, जीरे खुर्सानीजस्ता हास्य टेलिश्रृंखलाहरूमा पर्‍यो। तीतो सत्यका निर्देशक तथा मुख्य कलाकार दीपकराज गिरीको गुनासो थियो– 'पहिलेजस्तो मेहनत गर्न सकिएको छैन। दर्शक संख्या आधा घटेकाले पनि जाँगर मरेको छ।' उनको इसारा लोडसेडिङतर्फ इंगित छ। टेलिश्रृंखला 'झ्याइँकुटी झ्याइँ' छोटो समयमै दर्शकमाझ लोकप्रिय भए पनि यसका निर्देशक तथा कलाकार दमन रूपाखेती खुशी छैनन्। रूपाखेती भन्छन्– 'मेहनत गरेअनुसारको फल पाइएको छैन।' लोडसेडिङकै कारण इमेज च्यानलका



दुई लोकप्रिय कार्यक्रम 'चलचित्र' तथा 'फ्रेस बाइट' को प्रसारण रोकिएको छ। 'चलचित्र' का प्रस्तोता नरेश भट्टराई भन्छन्– '९० प्रतिशत दर्शकका लागि निर्माण गरिएको कार्यक्रम १० प्रतिशतले पनि हेर्न नपाएपछि बन्द गर्नु नै उपयुक्त लाग्यो।' कान्तिपुर टेलिभिजनकै टेलिश्रृंखला 'कलेज' का नयाँ श्रृंखला निर्माण नभएको दुई महिना भैसकेको छ। प्रसारणका लागि तयार भएर बसेका आधा दर्जनभन्दा बढी टेलिश्रृंखला लोडसेडिङका कारण रोकिएपछि अहिले कान्तिपुरबाट यसअघि नै प्रसारण भैरहेका पुराना श्रृंखलाहरू प्रसारण भैरहेको छ।

**लाइभ सोको लोकप्रियता**

समाचारमूलक कार्यक्रम हेरेर दिक्क भएका दर्शकलाई केही टेलिभिजन च्यानलले दर्शकहरूको प्रत्यक्ष सहभागिता रहने 'फोन-इन' शैलीका कार्यक्रमले राहत दियो। कान्तिपुर टेलिभिजनको कल कान्तिपुर, इमेज च्यानलको 'म्युजिक अफ योर च्वाइस', नेपाल वानको 'हेलो नेपाल', नेपाल टेलिभिजन टुको 'प्लेट इट अन' जस्ता कार्यक्रममा दर्शक सहभागिता उल्लेख्य रह्यो। यद्यपि यी कार्यक्रम एकै समयमा प्रसारण हुने भएकाले दर्शक बाँडिएको अनुभव कार्यक्रम प्रस्तोताहरूको छ। एकै समयमा प्रसारण भए पनि यी कार्यक्रमबाट दर्शकले भने प्रशस्त मनोरञ्जन लिने अवसर प्राप्त गरे। सबै च्यानलका लाइभ सो साँझ ५ बजेदेखि प्रसारण हुने भएकाले दर्शकले आफूलाई मन परेका म्युजिक भिडियो प्रसारण हुने च्यानल छानी-छानी हेर्न पाए। दर्शकसँग टेलिफोनमार्फत प्रत्यक्ष कुराकानी गर्दै उनीहरूलाई नै मन परेका म्युजिक भिडियो प्रसारण गर्ने यस्ता कार्यक्रममध्ये 'कल कान्तिपुर' दर्शकको रोजाइमा पर्‍यो। कार्यक्रम प्रस्तोतासँग वार्तालाप गरेपछि भाग्यशाली दर्शकले मोटरसाइकल नै पुरस्कार पाउने योजना अघि सारेपछि कल कान्तिपुरले सफलता पाएको हो।

**अभाव रियालिटी सोको**

छिमेकी मुलुक भारतबाट प्रसारण हुने प्रायः सबै च्यानलले रियालिटी सो प्रसारण गर्न थालेपछि नेपाली दर्शकले पनि यस्ता कार्यक्रमप्रति रुचि देखाए। इन्डियन आइडल, भ्वाइस अफ इन्डिया, डान्स इन्डिया डान्सजस्ता कार्यक्रम हेरिरहेका नेपाली दर्शकले यस्तै स्वभावका नेपाली कार्यक्रम हेर्न चाहे, तर केही वर्षअघि आयोजना भएको 'नेपाली तारा' ले नै निरन्तरता पाउन नसकेपछि नेपाली दर्शकहरू निराश हुनु स्वाभाविकै हो। यद्यपि यो वर्षको प्रारम्भमा कान्तिपुर टेलिभिजनले आयोजना गरेको ब्यान्ड च्यालेन्ज तथा वर्षको मध्यताका इमेज च्यानलले आयोजना गरेको मेगा मोडल च्यालेन्जले दर्शकलाई केही हदसम्म राहत दियो।

यसबीच वर्ष २०६५ को अन्त्यमा आएर तराई टेलिभिजनले ठूलो बजेटको एउटा रियालिटी सो गर्ने घोषणा गरेको छ। 'सारेगम स्टार' शीर्षक भएको उक्त कार्यक्रम आगामी वैशाखदेखि प्रसारण हुनेछ। पूर्व धरानदेखि पश्चिम धनगढीसम्म पुगेर अडिसनमार्फत छनौट भएका २० जना प्रतिस्पर्धीलाई काठमाडौं ल्याएर सांगीतिक भिडन्त गराउने योजनामा रहेको तराई टेलिभिजनले यो प्रतिस्पर्धाबाट 'सारेगम स्टार' को उपाधि जित्ने प्रतिभालाई नगद ११ लाख रुपैयाँ प्रदान गर्ने घोषणाले पनि यो कार्यक्रम स्तरीय हुने अनुमान गरिएको छ। यो कार्यक्रमको निर्णायक प्रतिस्पर्धा आगामी मंसिर १९ गते हुने कुरा बताइएको छ।

त्यसो त वर्षको अन्त्यतिर नै इमेज च्यानलले सांगीतिक प्रतिस्पर्धाको कार्यक्रम 'पप आइकन' प्रसारण गर्ने अनौपचारिक जानकारी सार्वजनिक भएको छ। गायक सुगम पोखरेल तथा अनिल सिंह भिडियो जक्कीका रूपमा प्रस्तुत हुने यो कार्यक्रमको स्वरूप पनि यी दुवै गायकले बनाएका हुन्। पप संगीतमा नयाँ प्रतिभाको खोजी गर्ने उद्देश्यले आयोजना गर्न लागिएको यो कार्यक्रमको अघिल्ला श्रृंखलाहरूमा विभिन्न कलेज गएर सांगीतिक प्रतिभाहरूको खोजी गरिनेछ। कलेजहरूबाट खोजिएका २० जना प्रतिस्पर्धीलाई १०-१० जनाको दुई समूहमा विभाजन गरिनेछ, जसलाई सुगम तथा अनिलको समूहमा राखिनेछ। त्यसपछि मात्र वास्तविक प्रतिस्पर्धा प्रारम्भ हुनेछ। प्रतिस्पर्धाको निर्णायकमा कुन्ती मोक्तान, नवीन के भट्टराई तथा एड्रियन प्रधान रहनेछन्। कार्यक्रमको प्रसारण मिति भने तोकिएको छैन।

दिनेश डिसीले सञ्चालन गरिरहेको गेम सो 'क्लिक क्लिक...' मा प्रसस्त उपहारहरू समावेश गरिएकाले यो कार्यक्रममा दर्शक सहभागिता ह्वात्तै बढ्यो। कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको 'क्विज' कार्यक्रम चलचित्र अभिनेता राजेश हमालका कारण विद्यार्थीवर्गमा लोकप्रिय रह्यो।

**अन्त्यमा,**

यो वर्ष टेलिभिजन च्यानलबाट पारिवारिक विषयवस्तुमा आधारित टेलिश्रृंखलाको संख्या घट्यो। हास्यश्रृंखलाले दर्शक आकर्षित गर्न थालेपछि सासू-बुहारीको द्वन्द्वमा आधारित श्रृंखलाको संख्या घटेको हो। म्युजिक भिडियोको निर्माणमा तीव्रता आएपछि अधिकांश टेलिभिजन च्यानलले म्युजिक भिडियो प्रसारण गर्ने सांगीतिक कार्यक्रमको निर्माणमा बढी जोड दिए। म्युजिक भिडियो निर्देशनको क्षेत्रमा टेलिभिजन कार्यक्रम निर्माता तथा प्रस्तोताहरू नै अग्रपंक्तिमा रहे। टेलिभिजन च्यानलको संख्या बढेपछि टेलिभिजनकर्मीहरू एउटा च्यानलबाट अर्को च्यानलमा जाने क्रम पनि बढ्यो। अन्त्यमा, कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने लोकप्रिय कार्यक्रम प्रस्तोता इन्द्र लोहनीको गत माघ १६ गते हृदयाघातका कारण निधन भएकोमा नेपाली टेलिभिजन क्षेत्रले एक जना होनहार व्यक्तित्वलाई गुमाउनुपर्‍यो। लोहनी 'टक सो' कार्यक्रमका आकर्षक प्रस्तोताका रूपमा चिनिन्थे।


के तपाईमा यौन सम्बन्धी समस्या छ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।
सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४८७८७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२



कोरीयनसँग विहेवारी
कोरीयन पुरुष सँग वास्तविक विवाह गर्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस्।
पिसफुल इन्टरनेशनल म्यारिज ब्युरो प्रा. लि.
फोन : ०१२२९९९९४, ९८०८०३३१४६



उद्घोषण
6 Years Excellence
विगत ६ वर्षदेखि निरन्तर सञ्चार माध्यममा फरक पहिचानकासाथ RJ/VJ/MC पत्रकारिता, Personality Devlopment, Radio Technician course Since 2060
प्रशिक्षकहरु
कुसुम बज्राचार्य (Rajdhani)
शिरोमणी दवाडी (NNTV)
नरेश भट्टराई (IMAGE)
महिमा भट्टराई (IMAGE)
राज श्रेष्ठ (STARFM)
रुपेश श्रेष्ठ (KTV)
दयाराम पाण्डे (FILMY FM)
निराजन भण्डारी (STARFM)
सञ्जय बराल (IMAGE)
पारश पौडेल (FILMY FM)
विनोद खड्का
दिनेश दलाल
साथमा थुप्रै RJ/VJहरु
SLC दिएर बसेकालाई विशेष छुट र सुवर्ण अवसरसहित धमाधम कक्षा सञ्चालन भईरहेको छ।
RJ/VJ/MC/News Reader रु.१०००/- छुट
छिटो गर्नुहोस्........ नेपालको पहिलो Anchoring Training Center
आफ्नै FM station भएको एकमात्र Training Center, सयौं उत्कृष्ट प्रशिक्षार्थीहरु धेरै media मा काम सफल अब पालो तपाईको........
AXIS Media Artist Promoters Center & Ent.(Pvt.) Ltd.
bagbazar, near buddha stupa
Ph:- 2331656



प्राईभेट Test/SLC
ग्रुपमा आउनेलाई विशेष छुट
Free Computer & Tuition
समय : बिहान, दिउँसो, बेलुकी
माध्यम : नेपाली, अंग्रेजी
कक्षा 8 पास र 9, 10, Test/SLC फेल भएकाहरुका लागि।
जिल्ला शिक्षा तथा EIA बाट मान्यता प्राप्त
किङ्गस एकेडेमी प्रा.लि.
कोटेश्वर-35
4600245, 9841744996



सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान जाँड रक्सी छुटाउने - 1500/-
Body Slim Cream र Sauna Belt - 3000/-
- 750/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
Ph. 2290871, Mob. 9841506134



The Flying Institute announces Admission open for Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

# परिवर्तन खोजिरहेको समाज

पृष्ठ १ बाट जारी

प्रतिनिधिसभाले ६ सय १ लाई थेग्न नसक्ने भएकाले नयाँ बानेश्वरस्थित अन्तराष्ट्रिय सम्मेलन केन्द्रलाई संविधानसभा बैठक थलो बनाइयो। यो पनि नौलो कुरा थियो। वर्षको प्रारम्भमा आएको जनमतले नेपाली राजनीतिको शक्तिकेन्द्रको स्वरूप पनि परिवर्तन गऱ्यो। राष्ट्राध्यक्ष तथा संविधानसभा अध्यक्षको निर्वाचनमा कांग्रेस-एमाले गठबन्धन बने पनि सत्ता सञ्चालनमा माओवादी-एमालेबीच गठबन्धन भयो। यसले राजनैतिक प्रतिस्पर्धालाई नयाँ ढंगले चित्रण गऱ्यो।

'आमनेपाली जनताका तर्फबाट मूल्यांकन गर्ने हो भने यो वर्षलाई नीरस मान्नुपर्छ,' नेपाली कांग्रेसका युवा नेता गगन थापाले साप्ताहिकसँग भने- 'वर्षको प्रारम्भमा धेरै मत पाएको राजनैतिक दलप्रति जनताको जति विश्वास थियो, त्यो विश्वास क्रमशः घट्दै गएको छ।' यो कुरा सत्ता सम्हालिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले पनि केही दिनअघि स्वीकार गरेका थिए। केही गरेर देखाउने अठोटका साथ सक्रिय भए पनि उपलब्धि हासिल नभएको उनको स्वीकारोक्ति थियो। एकातर्फ भ्यागुतो उफ्रिएसरि रातारात आर्थिक चमत्कार गरेर देखाइदिने वचन दिएर सत्तारोहण भएका प्रधानमन्त्री आफैं थाक्नु, अर्कातर्फ थुप्रै सपना साकार होला भनेर माओवादीलाई सत्ता सम्हाल्ने अवसर दिने जनताको सत्ताप्रतिको विश्वास घट्नुले मुलुकलाई थप अन्यौलतर्फ धकेल्दै लगेको छ।

'राजनीति विभाजित भएको छ, एक-अर्कामा घृणा र प्रतिशोध घट्नुपर्नेमा बढ्दै गएको छ, अधिनायकवाद हावी छ, महत्त्वपूर्ण निर्णय लिनुपर्ने कुरामा कम चासो देखिएको छ, तर यसो भन्दै सबैथोक बिग्रिसकेको छ भन्ने होइन,' युवा नेता थापा भन्छन्- 'हाम्रा अगाडि चुनौतीको ठेली ठडिएको छ, आउँदो वर्ष हामीले महत्त्वपूर्ण राजनैतिक निर्णय लिन सकेनौं र समयसीमाभित्र संविधान निर्माण गर्न सकेनौं भने दल मात्र होइन व्यवस्थाप्रति नै जनताको विश्वास नराम्ररी टुट्नेछ।' सरकारमै सामेल नेकपा एमाले पनि जनताले अपेक्षा गरेअनुरूप प्रतिफल नपाएको र महँगी बढेको स्वीकारेको छ। 'नेपाली राजनीतिमा विद्यमान हिंसा, त्रास र अन्यौललाई आधार बनाएर एमाले समीक्षा गर्दैछ,' एमाले नेता रघु पन्तले भने- 'देशलाई सही मार्गदर्शन गर्ने संविधान निर्माण हुन्छ र देश उन्नति एवं विकासको बाटोमा अग्रसर हुन्छ भन्ने जनताको अपेक्षा पूरा नभएको महसुस गरेर नै समीक्षा गर्न लागिएको हो। नेता पन्तका अनुसार सेना, कर्मचारीतन्त्र, अदालत तथा प्रेसमा हस्तक्षेपको राजनीति बढ्नुले राजनैतिक दलहरूबीचको सम्बन्ध चिसिँदै गएको हो।

आर्थिक पक्षमा हेर्ने हो भने सम्पन्न र विपन्नबीचको दूरी बढ्ने काम यो वर्ष अधिक रह्यो। सानो धनी समूह अझ सम्पन्न बन्ने र ठूलो गरिब समूह अझ विपन्न बन्नुले असमानता देखियो। 'हाम्रो अनुसन्धानमा जनता समानताको पक्षपाती छन् भन्ने देखिएको छ,' समाजशास्त्री सुधीन्द्र शर्मा भन्छन्- 'आर्थिक क्षेत्रमा देखिएको असमानताले पिरोलिएका बहुसंख्यक जनताले मुलुकको सँगै आफ्नो पनि समृद्धिको अपेक्षा राखेका छन् तर उनीहरूलाई अब यो सरकारबाट त्यो अपेक्षा पूरा नहुने लागिसकेको छ।' असमानता बढेपछि समानताको अपेक्षा राख्ने जनतामा तीव्र वितृष्णा बढ्ने सम्भावना देखिएको शर्मा औंल्याउँछन्। 'एउटा राजा गए पनि थुप्रै टाउके राजाहरू जन्मिए,' सर्वसाधारणले पटकपटक यो वाक्य दोहोराउनुले असन्तुष्टितर्फ नै संकेत गर्छ।

**आफैं फस्यो माओवादी**

जंगलमा रहुन्जेल असमानताका कुरा उठाएर जनतालाई समानताका निम्ति लडेको बताउने माओवादी त्यही नाराका कारण सत्ता सञ्चालनमा असफल भएको विश्लेषकहरू बताउँछन्। गरिबी, बेरोजगारी, खाद्यान्न अभाव, जातीयता, संघीयताजस्ता कुरा उठाएर सत्तासम्म पुगेको माओवादी द्वन्द्वमा जानुको पछाडि सत्ता प्राप्तिको चाहना मात्र थियो भन्ने कुरा बुझेपछि जनतामा उनीहरूप्रति वितृष्णा बढेको हो। समाजशास्त्री शर्मा भन्छन्- 'आमजनताको सरोकार भनेको गरिबी, बेराजगारी, खाद्यान्न अभाव (सुदूर पश्चिममा) र विकास-निर्माणसँग छ, त्यसैका लागि उनीहरूले माओवादीलाई अपेक्षासहितको भोट दिएका थिए।' सरकार असफल हुनुको पछाडि सबै क्षेत्रमा दातृनिकायको पर्याप्त सहयोग नहुनु पनि हो। एकथरी विज्ञहरूले द्वन्द्व सकियो, शान्ति आयो, अब हामी सफल भयौं भनेर दातृनिकायले उत्साहवर्धक सहयोग गर्नुपर्छ, त्यसपछि नेपाल अकासिन्छ भनेर तर्क गरेको पाइए पनि अहिलेको यथार्थ द्वन्द्वपछिको अन्यौलता रहेको समाजशास्त्री शर्मा बताउँछन्। शर्माका अनुसार द्वन्द्वले ल्याएका थुप्रै विकृतिले समाजलाई अन्यौलतातर्फ धकेलेको छ।

**क्यापिटल फ्लाई**

अन्यौलताकै कारण पुँजी बिदेसिने (क्यापिटल फ्लाई) क्रम पनि बढ्दो छ। वर्षको प्रारम्भमा व्यापारीहरूले निर्धक्क लगानी गर्ने वातावरण सिर्जना होलाजस्तो भए पनि त्यसले सार्थकता पाएन। जसका कारण ठूला व्यापारीहरूको पुँजी स्वदेशमा नभै विदेशमा लगानी भएको हो। विद्युत् आपूर्ति नियमित नहुनु, बन्द-हड्तालका कारण उत्पादनको मूल्य बढ्नु र अनावश्यक रूपमा श्रमिक आन्दोलन चर्किनु पनि लगानीका लागि बाधक बनेका छन्। सरकारले पनि ठूलो पुँजी संकलन गरेर दीर्घकालीन योजनामा लगानी गर्ने वातावरण बनेन। वाणिज्य बैंकहरूको उपस्थिति ह्वात्तै बढे पनि बैंकहरूले पनि दीर्घकालीन योजनामा लगानी गरेका छैनन्। एक अर्थविद्का अनुसार जोखिमपूर्ण रियल स्टेट र उपभोक्तासँग सम्बन्धित सेवाका निम्ति बैंकहरू लगानी गरिरहेका छन्। वर्षको प्रारम्भमा उद्योगधन्दामा सक्रिय आप्रवासी नेपालीहरूले स्वदेशमा लगानी गर्ने कुराले चासो पाए पनि उनीहरू पनि अन्यौलताकै कारण सुस्त भए। नेपालमा शैक्षिक संस्थाहरू प्रशस्त भए पनि अध्ययनका लागि बिदेसिने विद्यार्थीको संख्याले पनि रेकर्ड कायम गऱ्यो। एक अध्ययनअनुसार १० अर्बभन्दा बढी रकम वैदेशिक अध्ययनका क्रममा बिदेसियो। विश्व आर्थिक मन्दीका कारण रेमिटान्सको घट्दो स्थिति पनि वर्षको उत्तरार्द्धमा देखियो। विदेश काम गर्न गएका नेपालीहरूको स्वदेश फिर्तीले वैदेशिक रोजगारी पनि जोखिममा परेको देखायो।

**नयाँ नेपाल नारामै सिमित**

नेपाली समाजको परिवर्तनका लागि नयाँ नेपालको नारा दिँदै आएको माओवादीको यो नाराको वास्तविकता जनताले वर्षको अन्त्यसम्म आइपुग्दा बुझिसकेका छन्। नयाँ नेपालमा यस्तै हुन्छ ? बन्द-हड्ताल र विरोधका क्रियाकलाप दिनहुँ भोग्ने जनताले भन्ने गरेको वाक्य हो। समाजशास्त्री सुधीन्द्र शर्माका अनुसार दुई-तीन वर्ष अघिसम्म नयाँ नेपाल यस्तो हुन्छ, त्यस्तो हुन्छ भनेर गफ गर्नेहरू र त्यसमा रमाउनेहरूले आज आएर नयाँ नेपालको यथार्थ थाहा पाएका छन्।

**मनोरञ्जनका कुरा**

शान्ति र समृद्धिको चाहनाले मूर्त रूप लिन नसके पनि अझै पनि नेपालीहरू त्यो दिन आउला र जीवनलाई रंगीन बनाउँला भन्ने कल्पनामा बाँचिरहेका छन्। यो वर्ष टेलिभिजन च्यानलहरूको संख्या बढे पनि लोडसेडिङका कारण दर्शकले त्यसबाट पाउने सूचना तथा मनोरञ्जनबाट वञ्चित रहनुपऱ्यो। तुलनात्मक रूपमा सहरी जनजीवन ग्रामीण जीवनभन्दा बढी मनोरञ्जनात्मक गतिविधिमा अग्रसर हुन पायो। प्रविधिसँग सम्बद्ध उपकरणहरूको प्रयोगमा पनि नेपाली जनताको पहुँच बढ्दै गयो। पछिल्ला संस्करणका कम्प्युटर, ल्यापटप, मोबाइल, डिभिडी प्लेयर, आईपड, डिजिटल क्यामेरा, ह्याण्डिक्यामजस्ता उपकरण तथा तिनीहरूसँग सम्बन्धित सफ्टवेयरहरूको प्रयोगमा पनि अभ्यस्त बने।

नेपाली चलचित्र उद्योगमा नयाँ पूस्ताको आगमन तथा डिजिटल प्रविधिको प्रयोगले नयाँ सम्भावनालाई अझ बलियो बनाएको छ। कमसेकम आमदर्शकले मन पराउने चलचित्र कसरी बनाउन सकिन्छ भनेर बहस सुरु भएको छ। एकातर्फ नयाँ पुस्ताका लागि राम्रा र फरकधारका चलचित्र बनाउनुपर्ने बाध्यता छ भने अर्कातर्फ पुरानो पुस्ताले नयाँ पुस्ताको चुनौती खेप्न स्तरीय चलचित्र निर्माणमा लाग्नुपर्ने बाध्यता बनेको छ।

नेपालीहरू फेसन कन्सियस छन् भन्ने उदाहरण त थुप्रै देखिए। विश्वबजारमा लोकप्रिय ब्रान्डका नेपाली पारखीहरूको संख्या यो वर्ष अझ बढ्यो। नेपाली बजारमा मौसम र परिवेशअनुसार कस्तो फेसनलाई पछ्याउने भन्ने कुरामा नौला प्रयोग पनि प्रशस्तै देखियो।

प्रविधिका कुरामा मोबाइल उपभोक्ताको संख्या १५ देखि २० लाखसम्म बढ्यो। यद्यपि नेपाल टेलिकमको मोबाइल सेवा स्तरीय नभएकाले उपभोक्ताहरू वर्षभरि नै यसको मारमा परिरहे।

# चर्चित अनुहारहरू

पृष्ठ ५ बाट जारी

भाषामा शपथग्रहण गर्ने र सार्वजनिक समारोहमा धोती-कुर्तामा देखा पर्ने झालाई यही कुराले चर्चामा ल्यायो।

जातीय चिनारी मानिसका लागि जीवन-मरणको प्रश्न हुनसक्छ



भन्ने कुरा माओवादीबाट चोटिएका थारू समुदायका नेता रोशन थारूले प्रमाणित गरे। राज्यले थारू समुदायलाई मधेसीका रूपमा व्याख्या गरेको विरोधमा थारू समुदायमा जुन आक्रोश देखा पऱ्यो त्यसलाई सफलतापूर्वक जनआन्दोलनमा परिणत गरेर रोशन थारू आफू पनि स्थापित भए।

वर्षको अन्त्य हुँदा-नहुँदै पूर्वयुवराज पारस शाहले २०५८ सालको दरबार हत्याकाण्डको विषयमा एउटा विदेशी अखबारलाई अन्तर्वार्ता दिएर नेपाली समाजलाई तरंगित गर्ने प्रयास गरे। यद्यपि उनका कुरा पत्याउन नेपाली समाज तयार देखिएन।

समाज राजनीतिबाट निर्देशित हुन्छ, तर राजनीति नै सबै कुरा होइन। केही नागरिक यस्ता हुन्छन् जसले चुपचाप आफ्नो कर्ममार्फत समाज र राष्ट्रलाई प्रेरित गरिरहेका हुन्छन्। यसरी नेपाली समाजलाई प्रेरित गर्ने कुरामा पोखराका कमल नेपाली, काठमाडौंका विकास पराजुली र महेन्द्रनगरका राजेन्द्र भट्ट अग्रपंक्तिमा रहे। सेतीको खोचमा खसेकी एक बालिकाको उद्धार गरेर १४ वर्षीय कमल नेपाली चर्चामा आए भने विकास पराजुलीले आफ्ना साथीहरूको सहयोगमा नेपाली स्रोत र साधनबाट बनेको डाँफे नामक विमान उडाएर देखाए। उता अमेरिकाको साउथ डेकोटा युनिभर्सिटीमा छात्रवृत्ति पाएका राजेन्द्र भट्टले संसारभरिकै वैज्ञानिकहरूको सपना मानिने अमेरिकाको अन्तरिक्ष अनुसन्धान केन्द्र (नासा) मा प्रवेश पाएर सबैलाई चकित पारे।

यो वर्ष दीपक मनाङ्गे भनिने राजीव गुरुङले नेपाली कानुनलाई मजाले घुमाए र चर्चा पनि पाए। पक्राउ नपर्दासम्म दीपक मनाङ्गे भनिने अनि पक्राउ परेपछि म राजीव गुरुङ हुँ भन्दै छुट्ने मनाङ्गेले नेपाली कानुनमा रहेको ठूलै भ्वाङ देखाए। यसो भन्दैमा अपराधीहरू मात्रै बाठा हुन्छन् भन्ने होइन। अपराध अनुसन्धानमा संलग्न जनशक्ति पनि योग्य छन् भन्ने कुरा नेपाल प्रहरीका अनुसन्धान अधिकृत केशवप्रसाद कोइरालाले प्रमाणित गरे। बितेका केही समयमा नेपाली समाजमा देखा परेको अपहरण जस्तो गम्भीर अपराधमा संलग्न अधिकांश अपराधीहरूलाई कानुनको दायरामा ल्याउन कोइरालाले अथक मेहनत गरे र त्यसको जस पनि पाए।

परम्परामा विश्वास गर्ने नेपाली समाज खुलापन र आधुनिकताका विषयमा धेरै अघि बढिसकेको छ भन्ने कुरा प्रमाणित गरिन निहिता विश्वासले। जीवनको दुई दशक मात्र काटेकी यौवना निहिताले आफ्ना जीवनसाथीका रूपमा आफूभन्दा तेब्बर उमेरका र जेल सजाय भोगिरहेका अन्तर्राष्ट्रिय अपराधी चार्ल्स शोभराजलाई चुनेर नेपाली समाजलाई चकित पारिन।



**र अन्तमा,**

धार्मिक सद्भावनाले ओतप्रोत मानिने नेपाली समाजमा एउटा नयाँ तरंग ल्याए, श्री पशुपतिनाथका मूलभट्ट श्री महावलेश्वर भट्टले। नेकपा माओवादीले सरकार गठन गरेपछि पशुनाथको पूजा नेपालीले नै गर्न पाउनुपर्छ भन्दै शताब्दियौं लामो परम्परामा उत्तर आधुनिक ढंगले प्रहार गरेपछि भट्टले आफ्नो पदबाट राजीनामा गरे। मूलभट्टको राजीनामापछि नेपालमा जुन किसिमको धार्मिक तथा सांस्कृतिक तरंग देखा पऱ्यो, अन्ततः त्यसले सरकारलाई झुक्न बाध्य बनायो।

# शिक्षाका लागि निर्णयको गीत

**शिव मुखिया**

काठमाडौं– गायक निर्णय श्रेष्ठले मेचीदेखि महाकाली हामी नेपाली, आमा तिमी, म नेपालीजस्ता राष्ट्रिय भावनाका गीतहरू गाउँदा थुप्रै बालबालिका स्टेजमा उक्लिए। स्वरमा स्वर मिलाउँदै उनीहरू गायक निर्णय श्रेष्ठसँगै गाउन थाले। गएको शनिबार बत्तीसपुतलीस्थित देश तिलक हाईस्कुलको प्राङ्गण सांगीतिक तामझामले रंगीन बनेको थियो।

'निर्णय दा एनएसके टुर फर एजुकेसन-२००९' को अभियानअन्तर्गत आयोजित उक्त सांगीतिक कार्यक्रममा निर्णयलाई आधा दर्जन कलाकारले साथ दिएका थिए। 'सहरी क्षेत्रका विद्यालयबाट शैक्षिक सामग्री संकलन गर्ने लक्ष्य हो,' निर्णयले आफ्नो अभियानका सम्बन्धमा भने- 'जम्मा भएका सामग्री दुर्गम भेगका विद्यार्थीलाई दिनेछौं।' सन् २००६ बाट उनले शैक्षिक जागरणको यो अभियान थालेका हुन्। हालसम्म मुलुकभरका १० प्रमुख सहरमा उनले 'टुर फर एजुकेसन' अन्तर्गत सांगीतिक कार्यक्रम गरिसकेका छन्।

मध्याह्न सुरु भएको कार्यक्रममा एकातिर कापी, कलमलगायत स्टेसनरी सामग्रीहरू संकलन हुँदै थिए भने अर्कातिर सांगीतिक मनोरञ्जन पनि चालू थियो। कार्यक्रम हेर्न आउने दर्शक एवं अभिभावकहरू हातमा कपी, कलम बोकेर आइरहेका थिए। युथ फर युथले संयोजन गरेको कार्यक्रममा मौसमी गुरुङले 'चोरेर लग्यौ', 'होई च्याङ्बा' गाइन्। प्राश्ना शाक्यले निर्णयसँग युगल गीतमा स्वर दिइन्। उनले आफ्नो नयाँ गीत 'ए जूनकीरी', 'पलपल' गाएर सांगीतिक वातावरणमा रौनक थपिन्। नयाँ कलाकारहरू शवन कुमार र जमुना थापाको हिन्दी गीतले पनि उपस्थित दर्शकहरूलाई नचाएको थियो। त्यस्तै, ऱ्याप कनेक्टका युवाहरूको ऱ्याप संगीतमा पनि दर्शकहरू झुमेका थिए।

# वर्ष २०६५ का हिट मोडलहरू

पृष्ठ १० बाट जारी

राईको पलपल...., सुदन गैरेको तिम्रो यादले... आदि आधा दर्जन गीतमा मोडल भइन् । पछिल्लो पटक उनी गायक शम्भु राईको चलेछ बतास सुस्तरी... गीतको भिडियोमा पनि मोडल बनेकी छिन् ।

त्याम्प गायिका अनि च्यानल नेपालको हट रिक्वेस्ट कार्यक्रमकी भिजे मोडल कल्पना श्रेष्ठको पनि राम्रै उपस्थिति रह्यो म्युजिक भिडियोहरूमा । यो वर्ष मिङ्मा शेर्पाको के लेखूँ, के लेखूँ ..., रमेश बानियाँको मन बूढो छैन..., देवीका वन्दनाको यो मायाले लौन सतायो..., निमा रुम्बाको मौसम पागल जस्ता गीतका भिडियोमा कल्पना छाइन् ।

केही विज्ञापनसँगै यस वर्ष कल्पनाले मह जोडीद्वारा निर्देशित टेलिश्रृंखला 'छोरी' मा पनि आफ्नो अभिनय क्षमता प्रदर्शन गर्ने अवसर पाइन् । वर्ष २०६५ म्युजिक भिडियो मोडलिङमा आफ्नो बलियो उपस्थिति जनाउने क्रममा नवप्रवेशी मोडलहरूमध्ये नम्रता सापकोटा अग्र स्थानमा देखा परिन् । यो अवधिमा डम्बर नेपालीको मलाई रुने..., रामचन्द्र काफ्लेको झम्के फुली..., आरडीको 'काली भए नि ठीकै छ..., भूषण भट्टराईको 'टुक्रेको यो मुटु... आदि करिब एक दर्जन भिडियोमा छाउन सफल भइन् नम्रता ।

यो वर्ष मोडल उषा रजकले केही म्युजिक भिडियोका अतिरिक्त चलचित्र कुसुमे रुमाल टु र इकुका साथै रंगमञ्च तथा लघु चलचित्रमा पनि अभिनय गरिन् । त्यसो त इमेज च्यानलको कार्यक्रम प्रस्तोता बन्न पुगेकी मोडल ऋचा शर्मा हाल विदेशमा छिन्, तथापि उनी अभिनीत श्रेया सोताङको एक्लो मन के गरी बाँचूँ..., डिजे युवाको स्पिड टुमा समेटिएको तल तल बेंसीमा..., गीतको भिडियो मार्फत् उनी चर्चामै देखिन्छन् ।

भिडियो मोडलिङबाटै चलचित्र नायिका बनेकी सञ्जिता गुरुङले दीपक रायमाझी निर्देशित हाम्रो मिलन कहिले हुन्छबाट ब्रेक पाएकी छिन् भने तिनै निर्देशकको लभ स्टोरी २०६६ मा पनि मोडल सञ्जिता



नायिका बनेकी छिन् । उल्लेखित नामका अतिरिक्त यो वर्ष पूजा लामा, जेनिषा मोक्तान, आयुषा बस्नेत, प्रेरणा शर्मा, रिमा दाहाल, दर्शी श्रेष्ठ आदिको भिडियो निरन्तरता कायम रह्यो । ऋचा कार्की, विनिशा हमाल, नन्दिता थापा, मनिता प्रधान आदिले पनि आफ्नो सम्भावना देखाए ।

पुरुष मोडलतर्फ भने बितेका दुई वर्षयता भिडियो मोडलका रूपमा चर्चा कमाएका राजवल्लभ कोइराला, जीवन लुइँटेल, आर्यन सिग्देल, नीरज बराल आदि यस वर्ष चलचित्रमा बढी व्यस्त रहे । यद्यपि एकाध भिडियोमा भने उनीहरूको उपस्थिति छुटेन । दृश्य मोडलिङतर्फ स्थापित मुहारका रूपमा चिनिएका विनय श्रेष्ठको म्युजिक भिडियो मोडलिङ यात्राले यस वर्ष पनि निरन्तरता कायमै राख्यो । चलचित्र सानो संसारको अभिनयसँगै विनयले 'वशमा छैन मेरो मन' नामक लघु चलचित्रमा पनि अभिनय गरे । पछिल्लो पटक नेपाल टेलिभिजन २ मा प्ले इट अन नामक लाइभ सांगीतिक कार्यक्रमका सञ्चालकका रूपमा देखापरेका मोडल विनय श्रेष्ठलाई यो वर्ष कमल क्षेत्रीको नाचन..., इथोज ब्यान्डको नक्कली मैयाँ..., श्रेया सोताङको 'एक्लो मन..., डिजे युवाको स्पिड टुमा रहेको तल तल बेंसीमा... आदि भिडियोमा देख्न पाइयो ।

मोडल विमलेश अधिकारीको मोडलिङ यात्राले यो वर्ष राम्रै गति लिएको देखियो । उनी यो अवधिका नोकियाको पेपर विज्ञापन, सिजि जेन्ट्स पार्क सर्ट, मेन्जएक्टिभको टेलिविज्ञापनमा फिचर भए भने विभिन्न म्युजिक भिडियोमा पनि उनको राम्रै उपस्थिति रह्यो । शिव परियारको अलिकति नजर..., डम्बर नेपालीको भेट्न मन लाग्छ... आदि करिब एक दर्जन भिडियोमा विमलेशले यो वर्ष मोडलका रूपमा अभिनय गरे । भिडियो मोडलिङमै सफलता कमाएका अर्का मोडल हुन् किरण लाकौल । किरणले यो वर्षमा करिब एक दर्जन भिडियोमा अभिनय गर्न भ्याए । तीमध्ये प्रशान्त तामाङको मन रुपौली..., आङ्निमा शेर्पाको बिन्ती छ तिमीलाई... मिङ्मा शेर्पाको कसरी कसरी..., राहुल वैद्यको तिमीले भन्थ्यौ... आदि प्रमुख छन् ।

वर्ष २०६५ मा कोरियोग्राफरसमेत रहेका मोडल सविन श्रेष्ठको उपस्थिति कान्तिपुर टेलिभिजनको घरबेटी बामा निरन्तरता रह्यो भने सविनले कान्तिपुर टेलिजिनकै कलेज श्रृंखलामा पनि अभिनय गरिरहेका छन् । यसका अतिरिक्त केही म्युजिक भिडियोमा पनि उनको उपस्थिति रह्यो । २०६५ मा ड्रिम्स अनलिमिटेडबाट अवसर पाएका निशान्त बिष्ट भने रमपम चाउचाउको रिच एन्ड फेमस विज्ञापनबाट निकै फेमस बने । यसैगगरी फेम ब्लिच, एसेप्लिन एन्ड पिम्पल क्रिमका पेपर विज्ञापन, यु एन्ड मि चिजरिङ र लुज फेसियल प्याकको टेलिविज्ञापनमा मोडलका रूपमा फिचर भएका नवप्रवेशी मोडल दिक्पाल कार्कीले आफ्नो क्यारियरको राम्रो प्रारम्भ गरेका छन् । उल्लेखित नामका अतिरिक्त यस अवधिमा दीपर्शणजंग राणा, राज घिमिरे, प्रवीण श्रेष्ठ, राजीव श्रेष्ठ, सुबोध थापा आदिको दृश्य मोडलिङ यात्रा सामान्य रह्यो भने सुरेश क्षेत्री, रञ्जन, सुरज कार्की, विकास केसी जस्ता नवप्रवेशीहरूले राम्रो सम्भावना देखाए ।

# नयाँ वर्षमा गुह्येश्वरी महोत्सव

विमल खतिवडा

काठमाडौं- नववर्ष २०६६ सालको आगमनसँगै गुह्येश्वरीमा पहिलो पटक दुईदिने गुह्येश्वरी महोत्सव हुने भएको छ । वैशाख १ र २ गते हुन लागेको महोत्सवमा विभिन्न समुदायका झाँकीहरू प्रस्तुत गरिनुका साथै पशुपति क्षेत्रमा विशेष चाड पर्वमा देखाइने वछलेश्वरी जात्रा, रोपाईं जात्रा, कृष्ण जात्रा, खड्ग जात्रा, लाखेजात्रा आदि जात्राहरू पनि देखाई उपस्थित आगन्तुकहरूलाई मनोरन्जन प्रदान गरिनेछ । विशेष गरेर नयाँ वर्षको शुभकामना साटासाट गर्न र गुह्येश्वरी क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा परिचित गराउन आयोजना हुन लागेको महोत्सवमा २ सयवटा स्टल राखिनेछ ।

महोत्सवलाई संगीतमय बनाउन ख्यातिप्राप्त कलाकारहरू सुगम पोखरेल, मिङ्मा शेर्पा, धीरज राई, रेश्मा सुनुवार, डिजराज पौडेल, हिमाल सागर, प्रकाश ओझा, शीतल र शिवानी मोक्तान, प्रमोद निर्माण, कविराज निरौला, फ्युजन, रूपकमल, हिकमित, तिलक बम मल्ल आदि कलाकारले महोत्सव अवधिभर पप तथा आधुनिक गीतहरू गाएर सबैलाई सांगीतिक मनोरञ्जन प्रदान गर्नुका साथै हास्यकलाकारहरू आर.पी. भट्टराई, याया थुक्क, सुरेन्द्र केसी मुलाको साग, रवि डंगोल बेइमान, पल्पसा डंगोल चम्सुरी, खेम शर्मा चतुरे, पूर्ण थापा सुब्बा सा'ब, शिवशंकर रिजाल जोगिन्दर आदिले दर्शकहरूलाई पेट मिची-मिची हँसाउनेछन् । महोत्सवलाई दोहोरीमय पनि बनाइनेछ । महोत्सवमा चर्चित दोहोरी गायिका लीला श्रेष्ठ र उनका साथीहरूले दोहोरी गीतहरू गाउनेछन् । मेट्रो भिजन प्रा.लि.को व्यवस्थापन रहने महोत्सवमा वृक्षारोपण, रक्तदान, बाग्मती सरसफाइ, सांस्कृतिक झाँकी, बालमनोरञ्जन र विभिन्न प्रतियोगितात्मक खेलको प्रतिस्पर्धा पनि आयोजित गरिनेछ ।

नारी मासिकको वैशाख अंक बजारमा आउँदै छ

साप्ताहिक Classified Advertisement

**रोजगार**

सरकारी मान्यता प्राप्त संस्थालाई साधारण, Test, SLC दिएर बसेका १३ कर्मचारी आवश्यकता मासिक ९५००।- २०६४०५९, ९८४१४९३०२६, चावहिल

NGO कार्यालयलाई महिला/पूरुष २१ कर्मचारी, १२०००।-, ४२५४७०१, ९८४९१६६३४८

**सम्पर्क**

प्राइभेट S.L.C. नयाँ भर्ना ०१-६९१३२८६ सोह्रखुट्टे

केस झर्न नरोकिएमा पैसा फिर्ता, ९८०३५०२२५९

Computer I pod, Mobile, Home service 4785419, 9841535094

नगद ब्यालेन्स-१०० Transaction Documentation, 4425343,

**उपचार**

यौन सन्तुष्टी, लिङ्गको लम्बाई मोटाई बढाउन स्तन घटाउन बढाउन गुप्ताङ्ग टाइट गर्न रक्सी चुरोटको कुलत छुटाउन, २३२५३५२, ९८०३५०२२५९, ९८४१९८१९७६

**दररेट**

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# चलचित्रमा सफलता र चर्चा



आर्यन सिग्देल राम्रो सम्भावना बोकेका नायक हुन् । ०६५ मा उनले विभिन्न चलचित्रमा अभिनय गरे, तर उनले अभिनय गरेको एउटा मात्र चलचित्र सार्वजनिक भयो- 'मौसम' । विडम्वना, यो चलचित्र जोईपोइको झगडाको सिकार बन्यो । निर्देशक श्याम भट्टराई र नायिका रञ्जना शर्माबीचको पारपाचुकेको विवादले गर्दा उक्त चलचित्र प्रचार-प्रसारको अभावमा ओझेलमा पर्‍यो । वर्षभरि नै आर्यनको अधिकांश समय चलचित्र 'मेरो एउटा साथी छ'को छायांकनमा बित्यो । यसबाहेक उनले रेखा थापाको 'हिफाजत' र प्रदीप श्रेष्ठको 'सपना'मा पनि अभिनय गर्न भ्याए ।

आर्यनले एक वर्षअघि सुपरहिट चलचित्र 'किस्मत'बाट आफ्नो किस्मत चम्काइसकेका छन् । अर्का आशालाग्दा नायक हुन्- सुमन सिंह । छ वर्षअघि तुलसी घिमिरेले पदार्पण गराएका यी नायक यो वर्ष निकै व्यस्त रहे । आकर्षक व्यक्तित्व, अग्लो कद, गठिलो शरीरका धनी यी नायकले अभिनय गरेको 'घातक' यो वर्ष प्रदर्शनमा आयो, तर व्यावसायिक रूपमा असफल साबित भयो । उनले अभिनय गरेको भिडियो चलचित्र 'वान डे' पनि प्रदर्शनमा आएको थियो, त्यसले पनि खासै चर्चा पाएन । ०६६ सालमा उनले अभिनय गरेका ठूला बजेटका चलचित्र 'राज्य', 'रणसंग्राम' र 'जीवनमृत्यु' प्रदर्शन हुने भएका छन् ।

रेखा थापापछि नायिकामा ऋचा घिमिरेको चर्चा निकै सुनियो । उनले मुख्य भूमिका निर्वाह गरेका राम्रा चलचित्र सार्वजनिक हुने क्रममा छन् । आर्यनलाई जस्तै उनलाई पनि ०६६ सालकी 'आशालाग्दी नायिका' भन्न सकिन्छ । उनले अतिथि भूमिका निर्वाह गरेको चलचित्र 'सानो संसार'ले चर्चा पायो, तर त्यो चर्चा उनको कारणले थिएन । चलचित्र 'गिरफ्तार' उनले अभिनय गरेको सफल चलचित्रमध्येमा गनिएको छ । चलचित्रमा उनको भूमिका छोटो भए पनि अभिनयको प्रशंसा भएको छ । उनकै अर्को चलचित्र 'देशदेखि विदेश' मोफसलमा प्रदर्शनमा आयो । ऋचा घिमिरेको केन्द्रीय भूमिका रहेको उक्त चलचित्रपछि ०६६मा भने उनलाई पूर्ण सक्षम अभिनेत्रीका रूपमा चिनाउने आधा दर्जनभन्दा बढी चलचित्र सार्वजनिक हुने भएका छन् ।

### हिरो अफ द इयर

नायकहरूमा विराज भट्टलाई 'हिरो अफ द इयर' मान्न सकिन्छ । उनले अभिनय गरेका चलचित्रहरूमा 'सिलसिला' र 'गिरफ्तार' वर्षकै सुपरहिट चलचित्रमा पर्छन् भने 'नशिव आफ्नो' र 'खलनायक'लाई हिट चलचित्र मानिएको छ । नेपाली भाषाका चलचित्र मात्र होइनन, विराज भोजपुरी भाषाका चलचित्रमा समेत व्यस्त रहे । यो वर्ष उनी नायक भएको भोजपुरी भाषाको चलचित्र 'लागल रहे राजाजी' तराई तथा उत्तर भारत र विहार क्षेत्रमा सुपरहिट भएको बताइन्छ । उनले यो वर्ष एक दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरे । ०६६ मा पनि निर्माताहरू उनलाई अभिनय गराउन प्रतीक्षारत छन् ।

निखिल उप्रेतीलाई पनि 'हिरो अफ द इयर'कै दर्जा दिन सकिन्छ । किनभने उनी विराजभन्दा २० मा १९ मात्र भएका छन् । निखिलले अभिनय गरेका चलचित्रहरूमध्ये 'पर्खिबसेँ' सुपरहिट भयो भने 'पापी मान्छे दुई', 'खलनायक', 'जय शिव शंकर', 'इन्साफ' आदि चलचित्रले राम्रो व्यापार गरे । ०६५ भरी उनी पनि निकै व्यस्त रहे । ०६६मा उनले अभिनय गरेका केही राम्रा चलचित्र सार्वजनिक हुने क्रममा छन्, जसमा 'मिसन पैसा', 'निशाना' आदि छन् । नायकहरूमा सर्वाधिक चर्चित भएर पनि राजेश हमाल पछिल्ला पिंढीका नायकहरूसँगको प्रतिस्पर्धामा धेरै पछाडि परे । एउटै चलचित्रबाट उनीभन्दा भुवन केसी अगाडि आए । भुवन केसीको होम प्रोजेक्ट 'म तिमीबिना मरिहाल्छु'को सफलताले उनको चर्चा चुलियो । यद्यपि उनी अन्य चलचित्रमा देखा परेनन् । उनलाई निर्माताहरूले लिएनन् अथवा उनले नै खेल्न मानेनन्, कारण जे पनि हुनसक्छ । भुवन केसी धेरैपछि ब्यूँतिए ।

राजेश हमाल नेपाली चलचित्रका सर्वाधिक परिचित नायक हुन् । ०६५मा उनी आफ्नो पुरानै ढर्रामा देखिए । उनको अभिनय, भूमिका आदि कुरामा नौलोपन देखिएन । हो, वर्षको उत्तरार्द्धमा आएर उनले निर्माणाधीन 'द युगदेखि युगसम्म'का लागि गेटअप परिवर्तन गरेका छन्, तर त्यसको परिणाम ०६६ सालमा मात्र देखिनेछ ।

नायक दिलीप रायमाझी, रमित ढुंगानाभन्दा राजेश ढुंगानाका चलचित्रहरू व्यावसायिक सफल भए । 'गिरफ्तार', 'जय शिव शंकर'मा देखिएका राजेशले उज्ज्वल भविष्यको सम्भावना देखाएका छन् । दिलीप रायमाझीलाई 'एभरग्रिन' भनिए पनि उनको बजार केही खस्कियो । उनी केही भिडियो चलचित्र र म्युजिक भिडियोमा समेत देखिए । खलनायकको भूमिकामा चलचित्र 'घातक'मा देखिएका नायक रमित ढुंगानालाई दर्शकले रुचाएनन् । त्यसका अतिरिक्त यो वर्ष उनले कुनै गतिलो चलचित्र दिन सकेनन् ।

### हिरोइन अफ द इयर

०६५ का नायिकाहरूमा रेखा थापा र झरना थापाबीच कडा प्रतिस्पर्धा भयो । उत्तिकै सफलता र समान व्यस्तताका कारण यी दुवै नायिकालाई 'हिरोइन अफ द इयर' भन्न सकिने अवस्था छ । रेखाका चलचित्रहरूमा 'सिलसिला' सर्वाधिक चलेको चलचित्र हो भने 'नशिव आफ्नो', 'सन्देश' आदि चलचित्र व्यवसायिक रूपमा सफल भए । यो वर्ष उनले नौवटाजति चलचित्रमा अभिनय गरिन् । झरना थापाको भने 'म तिमीबिना मरिहाल्छु' सर्वाधिक चलेको चलचित्र साबित भयो । त्यसका अतिरिक्त 'खलनायक', 'इन्साफ', 'बुबाआमा' आदि पनि सफल चलचित्रमा दरिए ।

नायिका मौसमी मल्लको पुनरागमन भयो, उनकै होम प्रोडक्सन चलचित्र 'गिरफ्तार'बाट । दुई दशकअघि 'झुमा'बाट उदाएकी यी नायिका विगत एक दशकदेखि हराएकी थिइन् । यो वर्ष मल्लले आफ्नै लगानीमा चलचित्र 'गिरफ्तार'को निर्माण गरिन्, मुख्य भूमिकामा आफैं देखा परिन् र चलचित्र सुपरहिट साबित भयो । उनलाई पुनरागनपछि चर्चामा आएकी अभिनेत्रीको दर्जा दिन सकिन्छ । नायिका सञ्चिता लुइँटेलको व्यस्तता र चर्चा यो वर्षभरि भैरहयो । श्रीमानसँगको पारपाचुकेपछि उनी नयाँ जोस र जाँगरका साथ अभिनययात्रामा लम्किएको देखिन्छ । उनले अभिनय गरेका चलचित्रहरूले सामान्य सफलता पाए पनि वर्षभरि उनी निकै व्यस्त रहेको पाइयो । चौथो नम्बरमा नायिका रेजिना उप्रेती छिन् भने पाँचौं नम्बरमा नायिका पुजना प्रधान । रेजिना वर्षभरि व्यस्त रहिन् । उनले अभिनय गरेको चलचित्र 'सन्देश' सफल चलचित्र मानियो । त्यस्तै पुजनाले अभिनय गरेको चलचित्र 'पापी मान्छे दुई' पनि सफल चलचित्रको पंक्तिमा चढ्यो ।

## चर्चा र उत्कृष्टतामा

**नायक**

विराज भट्ट, निखिल उप्रेती, भुवन केसी, राजेश हमाल, राजेश ढुंगाना

**नायिका**

रेखा थापा/झरना थापा, ऋचा घिमिरे, सञ्चिता लुइँटेल, रेजिना उप्रेती, पुजना प्रधान

**निर्देशक**

राजेन्द्र उप्रेती (सिलसिला, गिरफ्तार, जय शिव शंकर), दीपक श्रेष्ठ (पर्खिबसेँ, पापी मान्छे दुई), दयाराम दाहाल (म तिमीबिना मरिहाल्छु), प्रमोद भण्डारी (सन्देश) , सोभित बस्नेत (मिसन लभ इन सिक्किम)

**नयाँ निर्देशक**


आलोक नेम्बाङ (सानो संसार), विकास आचार्य (नशिव आफ्नो)

**संगीतकार**

शम्भुजित बासकोटा (म तिमी विना मरिहाल्छु, मिस्टर मंगले), सुरेश अधिकारी (पर्खिबसेँ गिरफ्तार), वसन्त सापकोटा (सिलसिला, नसिव आफ्नो), महेश खड्का (सन्देश), बाबु बोगटी (सानो संसार 'शीर्ष गीत')

**चलचित्र**

म तिमीबिना मरिहाल्छु, पर्खिबसेँ, सिलसिला, गिरफ्तार, सानो संसार, पापी मान्छे दुई, सन्देश, नशिव आफ्नो, जय शिव शंकर, खलनायक ।

# खेलकुदमा उत्साहको वर्ष

**हिमेश/राजु**

बितेको वर्षले नेपाली खेलकुदमा उत्साहको दियो बालेको छ। लामो समयदेखिका धेरै निराशा तोडिए। आन्तरिक र बाह्य दुवै क्षेत्रमा समग्रमा सफलताको सिंढी उक्लिएको नेपाली खेलकुदले २०६५ सालमा नयाँ स्वाद फेर्‍यो। पहिलोपल्ट खेलकुदलाई नीतिगत रूपमा व्यवस्थित गर्ने प्रयास यसैपालि भयो। दस वर्षपछि राष्ट्रिय खेलकुदले फेरि अवसर पायो।

### सुल्झियो विवाद

लामो समयदेखि अवरोधका रूपमा रहेका दुई ठूला विवाद टुंगिएपछि यो वर्ष नेपाली खेलकुदले गति लियो। नयाँ अध्यक्ष ध्रुवबहादुर प्रधानको आगमनसँगै नेपाल ओलम्पिक कमिटी (एनओसी)ले सकारात्मक कार्य थालनी गर्‍यो। पूर्वअध्यक्ष रुक्मशमशेर राणाले बेइजिङ ओलम्पिकताका विवाद चर्काउने प्रयास गरे पनि त्यो एनओसीको सक्रियतामा चुनौतीविहीन भयो र लामो समयपछि एनओसी विवादमुक्त बन्यो।

क्लब, खेलाडीको हित र लोकतान्त्रिक विधानको मागले ठप्प फुटबलले यसै वर्ष निकास पायो र एकपछि अर्को फुटबलका गतिविधि भैरहे। अखिल नेपाल फुटबल संघ (एन्फा) र नेपाल फुटबल संघ (नेफा) बीच मंसिरमा नयाँ विधान बनाउने र फुटबलका कार्यक्रम निरन्तर सञ्चालन गर्ने सम्झौता भएपछि सयौं खेलाडी र अफिसियलको रोजीरोटी खोसेको 'फुटबल विवाद' साम्य भयो।

### पाँचौं राष्ट्रिय खेलकुद

२०५८ मा दरबार हत्याकाण्डले रोकिएको पाचौं राष्ट्रिय खेलकुदको आयोजना वर्षको सबैभन्दा सुखद आन्तरिक उपलब्धि मान्न सकिन्छ। दस वर्षपछि भैरहेको बृहत् खेल मेलामा ३२ खेलका ३ हजार २ सय ५० खेलाडीको प्रतिस्पर्धाले नेपाली खेलकुदमा लामो समयपछि नयाँ स्टार जन्माउने पक्का छ। कमजोर व्यवस्थापन, जीर्ण खेल स्थल र हतारको तयारीले अस्तव्यस्त रूपमा आयोजना गरिए पनि फर्किएको राष्ट्रिय खेलकुदलाई वर्षको महत्त्वपूर्ण उपलब्धि मान्नैपर्छ।

### क्रिकेटमा सफलता

पुसमा थाइल्यान्डमा खेलाइएको एसीसी इँ-१९ महिला क्रिकेटको उपाधि नेपालले जित्यो। कुनै पनि महिला टिम गेममा नेपालले पाएको यो पहिलो र सर्वाधिक ठूलो सफलता हो। त्यसपछि घरमै किशोर टिमले इँ-१७ इलाइट कप क्रिकेट जितेर नेपाललाई सबै उमेर समूहका प्रतियोगिताको उपाधि चखायो। यो सफलताले नेपाललाई एसियामा टेस्ट नखेल्ने मुलुकको वरियतामा शीर्षस्थान दिलायो।

काठमाडौंको मूलपानी र पोखरामा दुई वर्षभित्र स्टेडियम बनाउने क्रिकेट संघको योजना पनि यही वर्ष सुरु भयो। डिभिजन-५ मा अफगानिस्तानको चुनौती पार गर्न नसकेपछि नेपालका लागि विश्वकप क्रिकेट-२०११ को ढोका बन्द भए पनि समग्रमा नेपाली क्रिकेटले विगतमा नपाएको सफलता यसैपाली आत्मसात गर्‍यो।

### फर्कियो फुटबल

एन्फा विवादको अन्त्यपछि दुई वर्ष शून्य रहेको नेपाली फुटबलले फेरि गति लियो। प्रधानमन्त्री कप आमन्त्रण फुटबलमा लामो समयपछि दशरथ रंगाशालाका प्यारापिट दर्शकको घुइँचो देखियो। त्यसमा नेपाली टिमले गतिलो प्रदर्शन गर्‍यो र उपाधि पनि चुम्यो। लगत्तै एएफसी च्यालेन्ज कप छनौटमा नेपालको राष्ट्रिय टिमले कलात्मक फुटबल खेलेर दर्शकको मन त जित्यो, तर खेल भने जित्न सकेन, यद्यपि उसले हारेन पनि।




### साहसिकमा आशा

चौधौं एसियन माउन्टेन बाइक च्याम्पियनसिप नेपालले सफलतापूर्वक आयोजना गर्‍यो। वर्षको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल पहिलो त भएन, सर्वाधिक चर्चा भने कमायो। त्यो बेला यहाँको प्राकृतिक सौन्दर्यको गुनगान गाइयो। झन्डै तीन दर्जन मुलुकको सहभागिता रहेको उक्त प्रतियोगिताले नेपाल साहसिक खेलको केन्द्र बन्ने आशा बढायो। एभरेस्ट म्याराथनको निरन्तरताले पनि नेपालमा साहसिक खेलको केन्द्र बन्ने सम्भावना प्रबल बनाएको छ।

### ऐतिहासिक नीतिको तयारी

नेपालको इतिहासमा पहिलोपल्ट नीतिगत रूपमा खेलकुदलाई व्यवस्थित गर्ने कार्यको थालनी भयो। लामो र गहन तयारीपछि खेल नीतिको ड्राफ्टले अन्तिम रूप लिइसकेको छ र नयाँ वर्षको प्रारम्भमै मन्त्रिपरिषद्बाट पास हुने योजनामा छ।

### गल्फमा पैसाको वर्ष

व्यावसायिक रूपमा पहिलोपल्ट नेपालमा गल्फ टुर यसै वर्ष सुरु भयो। रवीन्द्रमान श्रेष्ठको अध्यक्षतामा नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपीजीए)को गठनसँगै नेपाली गल्फले गति लियो। एनपीजीएले सूर्य नेपाल टुरका ९ प्रतियोगितामा ४३ लाख पुरस्कार बाँड्यो। व्यक्तिगत स्पर्धाका खेलमा यो निकै ठूलो पुरस्कार हो। यो वर्ष गल्फमा २ करोड रुपैयाँभन्दा धेरै लगानी भयो।

### जो चम्किरहे

तेक्वान्दो खेलाडी दीपक विष्ट र नेपाली महिला क्रिकेटकी कप्तान नेरी थापामगर क्रमशः पुरुष र महिलातर्फ वर्ष खेलाडी घोषित भए। एसियन क्रिकेट काउन्सिलले टेस्ट नखेल्ने राष्ट्रबाट यसैवर्ष नेरी र पारस खड्कालाई वेस्ट इमर्जिङ एसियन क्रिकेटर्स-२००७ को एवार्ड प्रदान गर्‍यो। विश्वव्यापी चर्चा पाएका अलराउन्डर महबुब आलम वर्षका नायक रहे। डिभिजन-५ मा मोजाम्बिकविरुद्ध १० विकेट लिंदै उनी एकदिवसीय क्रिकेटमा यो सफलता चुम्ने विश्वकै पहिलो क्रिकेटर बने।

ड्रेस्डन ओलम्पियाडमा उत्कृष्ट खेल मनीष हमाल फिडे मास्टरको उपाधि पाउने पहिलो नेपाली बुद्धिचाल खेलाडी बने। बल ब्वाई, क्याडी ब्वाइ हुँदै व्यावसायिक गल्फर बनेका शिवराम श्रेष्ठले यो वर्ष ५ वटा उपाधि जितेर तहल्का मच्चाए। गल्फ खेलेरै ६ लाख ११ हजार ५ सय रुपैयाँ पुरस्कार पाएका श्रेष्ठले एकै वर्षमा सर्वाधिक धन कमाउने नेपाली खेलाडीको कीर्तिमान पनि कायम गरे।



'तिमी स्विट सिक्स्टिनबाट मदर लुक्स फोर्टी प्लस देखिन्छ्यौ होला, अब पनि बिहे नगर्ने ?' फोनमा विस्तारै सुस्केरा हाल्दै सोधेपछि उनी खुलेर हाँसिन्। धेरै वर्षपछि फोनमा लामो कुराकानी गरेकाले होला, उनको त्यो हँसाइभित्र कता-कता दुःख र वेदनाको भाव महसुस हुन्थ्यो। उनीसँगको मेरो चिनाजानी २५ वर्षअघिको हो। बसाइँ-सराइको क्रमसँगै उनको परिवार पनि अन्य मानिसहरूझैं काठमाडौंमा संघर्ष गर्दै थियो। त्यतिबेला उनी र म सँगै एउटै कम्पनीमा काम गर्थ्यौं। कम्पनीमा सधैं उनको सुन्दरताको चर्चा र प्रशंसा हुन्थ्यो। कामका साथै उनी बिहान कलेज पढ्थिन्। सुन्दर लुक्समा उनको विनम्रताले सुनमा सुगन्धको काम मात्र गरेको थिएन, त्यसले सबैलाई लोभ्याएको समेत थियो। फलस्वरूप धेरैले उनलाई प्रेम र विवाहका प्रस्तावहरू दिएका थिए। त्यो बेला उनले सबै प्रस्तावलाई क्यारियर बनाउने जोसमा अस्वीकार गरेकी थिइन्। यी सबै घटनाक्रम मलाई थाहा हुनुको कारण उनीसँगै काम गर्ने हैसियत मात्र नभएर उनीबाट अस्वीकृत धेरै प्रेमप्रस्तावमध्ये मेरो पनि एक हुन पनि थियो। 'हेर, यो सब किस्मत कनेक्सन हो, फेरि अब तिमीसँग बिहे गरौं भने उहिले सँगै काम गर्दाको कम्पनीले बोनस बाँडेझैं तिम्री श्रीमतीका रूपमा एउटा दिदी र तिम्रा बच्चाहरू फ्रिमा पाइन्छ होला, हैन ?' ठट्यौली शैलीमा भनिन्। 'ए बाबा, म तिम्रा लागि हिजो नै कहाँ योग्य थिए र अहिले हुन् □ तर पनि तिम्रो सुखी परिवार र प्रगति सुन्न र हेर्न मन लाग्छ', मैले थपें। सायद त्यो दिन उनी हतारमा थिइन्, त्यसैले भोलि भेट्ने वाचाका साथ मोबाइल डिस्कनेक्ट गरिन्।

काठमाडौं सहर जहाँ सधैं सबै दौडिरहेका हुन्छन्। यहाँ सबैलाई समयको अभाव छ। त्यसैले सबै



विक्रम राई

● प्रसंग कतिपय ●


आजको सट्टा भोलि भेट्ने बाचा गर्छन्। त्यही सिलसिलामा म पनि उनलाई भोलि भेट्न प्रतीक्षारत थिएँ। '२० वर्ष भएछ तिमीसँग भेट नभएको, होइन ?' मन्द मुस्कानका साथ उनले सोधिन्। क्याफेको कुनाको टेबुलमा सिगरेटको धूवाँ उड्दै म जवाफमा अनायासमा टाउको हल्लाउन पुग्छु। साँच्चै उनी अहिले पनि उत्तिकै राम्री देखिन्थिन्। मात्र अलिकता चञ्चलतामा कमी र एकोहोरोपन बढेको पाएँ। 'अस्ति समाचार सुन्न गाडीमा एफएम ट्युन गर्दा एक्कासि तिम्रो आवाज र नाम सुनें र त्यही प्रोग्रामबाट थाहा भयो कि तिमी रेडियो प्रोग्राम सञ्चालिका भइछ्यौ। पछि रेडियो स्टेसनबाट तिम्रो नम्बर लिन ठूलो कसरत गर्नुपर्‍यो', यतिका वर्षपछि एक्कासि गरेको फोनका सम्बन्धमा म बेलिविस्तार लगाउन थालें। 'यो काठमाडौं पनि कस्तो भूलभुलैया सहर जहाँ वर्षौंवर्ष एउटै सहरमा भएर पनि चिनजानका मानिसहरू आपसमा भेटिँदैनन्, सबै यो खाल्डोमा हराएझैं हुन्छन्', म अनायास बरबराउन थाल्छु। कफी टेबुलमा आएपछि उनले एस्ट्रेमा होल्ड गरिरहेको मेरो सिगरेट तानेर धूवाँ माथितिर फ्याँक्दै भनिन्, 'हेर बिहेका लागि हेड टू हेड मिल्नुपर्छ। अहिलेसम्म मैले त्यो हेड मिल्ने केटा भेटिसकेको छैन।' सायद मैले फोनमा 'मदर लुक्स फोर्टी प्लस' भनेको कुरालाई उनले सिरियसली लिएकी थिइन्। मनमा अनेक तरंग र विचार आए, तर पनि मैले उनलाई त्यो बेला मलाई किन अस्वीकार गर्‍यौ भनेर प्रश्न सोध्न सकिनँ र उनलाई यो पनि बुझाउन सकिनँ कि विवाह भनेको आपसी समझदारी हो, जसमा तराजुमा नापेजस्तो बराबर भएको हेड खोज्न गाह्रो हुन्छ। केही बेर हामी दुवै चुप भयौं।

'अनि रेडियोको जागिर कस्तो छ ?' एकैछिन शून्यजस्तो भएको वातावरणलाई चिर्न मैले सोधें। 'राम्रै छ, प्रत्येक पल थप चुनौती र नयाँ आशाहरू बोकेर आएका हुन्छन् र यहाँ आफूले स्वयं आफूलाई प्रमोट गर्नुपर्ने हुन्छ', उनले आत्मविश्वासका साथ भनिन्। 'ए साँच्ची हिजो तिम्रो फोन आएपछि राति निन्द्रामा तिमीले मलाई उही पुरानो स्टाइलमा प्रेम प्रस्ताव राखिरहेको सपनामा देखें,' बीचमै ठूलो स्वरमा भन्दै उनी पेट मिचिमिची हाँस्न थालिन्। म पनि यो 'पति-पत्नी और वो' जस्तो त होइन होला नि भन्दै हाँस्न थाले।

घडीले समय बित्दै गएको देखाएपछि उनी हडबडाइन्। 'ल त अब २०६६ सालमा हेड टू हेड मिल्ने जीवनसाथी भेट्टाऊ, तिमीलाई नववर्षको शुभकामना।' भन्दै म उनीसँग फेरी भेट्ने वाचासहित वेटरले ल्याएको बिलतिर हेर्न थालें।

prasangakatipaya@hotmail.com

# पोखरामा नयाँ वर्षको उल्लास



पोखरा- एसएमएस होस् वा मौखिक रूपमा ह्यापी न्यू एयर यही शुभेच्छाका शब्दहरू यतिबेला हरेकको मुखमा छ। नयाँ वर्षका तपाईंलाई दीर्घायुको शुभकामना एक-आपसमा बाँड्दै फुर्सद हुँदैन। अंग्रेजी नयाँ वर्ष भन्दा आफ्नै नयाँ वर्षलाई मान्यता बढी दिनुपर्छ भन्नेमा यहाँका संस्कृतिकर्मीको आवाज छ।

साथीहरू धेरै छन्, विस् त गर्नैपर्‍यो, साथीहरूलाई शुभकामना बाँडिरहेकी मोडल सरु मानन्धरले भनिन्- 'नयाँ वर्षले सबैलाई नयाँ काम गर्ने जाँगर देओस्।' नयाँ कामको सुरुवातदेखि खराब लत छोड्नुपर्‍यो भने धेरैले भनिहाल्छन्- 'नयाँ वर्षदेखि सबै छाडिदिन्छु।'

नयाँ वर्षको पूर्वसन्ध्यामा यहाँका डिस्कोथेग, गजलदेखि दोहोरी रेस्टुराँमा मग्न हुनेहरूको हूल बाक्लो देखिन्छ। खुसी बाँड्दै डान्समा झुम्नेहरूले नयाँ वर्षको सुनौलो बिहानीलाई निमन्त्रणा गरिरहेका हुन्छन्। रातभर डिस्कोमा कम्मर भाँच्दै नाचेर नयाँ वर्षको भव्य स्वागत गर्ने सुरमा छु, एक टिनएजरले भनिन्- 'डान्समा झुम्नुको मज्जा नै अर्कै छ।' रातभर खानपिनदेखि गेट-टुगेदर पार्टीमा मस्त हुनेहरू पनि कम हुँदैनन्।

नयाँ वर्षकै लागि भनेर यहाँ विविध किसिमका कार्यक्रम आयोजित गरिँदै छन्। पार्टीदेखि डान्स पार्टी र रमाइलो जमघट हुन इभेन्टको चाँजोपाजो मिलाउन आयोजकहरू व्यस्त देखिन्छन्। अझ विशेष गरी नयाँ वर्ष मनाउन चाँजोपाँजो बुन्दै छन् यहाँका युवायुवतीहरू। कोही पिकनिक जाने योजना बनाउँदै छन् त कोही नयाँ ठाउँको भ्रमण र होटल रेस्टुरामा रमाइलो गर्ने धुनमा छन्। नयाँ वर्षकै लागि भनेर यहाँ डान्सपार्टीहरू पनि त्यत्तिकै हुँदैछन्। क्लब प्याराडिसो, म्याजिक क्लब, क्लब एसियाना आदि डिस्कोमा नयाँ वर्षमा डान्सपार्टीका लागि अग्रिम बुकिङ भैसकेका छन्। नयाँ वर्ष मनाउनकै लागि भनेर बाहिर जिल्लाबाट पोखरा आउनेहरूको हूल पनि त्यत्तिकै हुन्छ।

नयाँ वर्षकै स्वागत गर्न पश्चिमाञ्चल होटल संघ, पोखराले चैत २७ देखि क्याम्पिङचोक लेकसाइडमा छैटौं फेवा नयाँ वर्ष महोत्सव गर्ने भएको छ। वैशाख २ गतेसम्म चल्ने महोत्सवमा पर्यटक दौड, जलकुम्भी झार निकाल्ने, लोकदोहोरी प्रतियोगिता तथा राष्ट्रिय ख्यातिप्राप्त हास्यकलाकारहरूको प्रस्तुति रहनेछ। महोत्सवमा विविध खानाका परिकारको स्टल पनि समावेश छन्।

नयाँ वर्ष २०६६ को उपलक्ष्यमा
फ्रि !फ्रि !!फ्रि !!!
तालिम पश्चात उत्कृष्ट १० जनालाई १२,००० देखि १५,००० सम्मको जागिर
◆ ३० जनालाई नि शुल्क वेटर तालिम
◆ वेरोजगार र विद्यार्थीहरूलाई पहिलो प्राथमिकता दिइने
◆ तालिम अवधिभर दैनिक भत्ता रु १०० देखि ३०० सम्म हुनेछ।
Columbia Academy
New Baneshwor, 4781061
9841387697, 9841381416

होटल तालिम
होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chief हरुद्वारा सिकाइने कुक-वेटर, हाउस किपिङ, फ्रन्ट-अफिस, बार म्यान, बेकरी, तथा नेपाली र अंग्रेजी भाषाका कक्षाहरु पनि सञ्चालन गरिदैछ। भर्ना धमाधम लिईदैछ।
होटल खुम्जुङ ट्रेनिङ सेन्टर
महाराजगंज, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व, भाटभटेनि सुपर स्टोर नजिकै चावहिल जाने रिङ्गरोड
४३७२१९८, ४३७३४११

SLC Student 20% Off
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
Computer: Hardware & Networking
20% Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally, Fact, Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor Tel: 016217094 | Adwait Marg Old Buspark Tel: 4232866 | Lagankhel: Tel: 5004018

- प्राइभेट -
TEST / SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9, Test पास भएका जागिर उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै विद्यार्थीहरुलाई समेटने गरी
दश कक्षामा भर्ना खुल्यो
● जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
● पुस्तकालय र होस्टेलको व्यवस्था
● अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004.....
सिमित सिटमा फारम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा (कोलम्बस कलेजको ठिक अगाडी)
फोन नं. 4781061, 9841387697

युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
★ Photo-Video पत्रकार बन्न। ★ Photo-Video मा विदेश पढ्न जान। ★ समारोह, विवाह, फिल्म सुटिङ्ग गर्न। ★ स्वदेशी भिडियो तथा स्टुडियो व्यवसाय सञ्चालन गर्न।
DIGITAL VIDEO-EDITING & ANIMATION
उद्यमशीलता विकास फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

निःशुल्क ब्युटिसियन ट्रेनिङ्गमा भर्ना खुल्यो
वर्षौं वर्षदेखि सञ्चालित नेपाल सरकारद्वारा स्वीकृती प्राप्त वरिष्ठ ब्युटिसियनहरुद्वारा अत्यधुनिक मेसिनहरुशबाट छोटो समयमा Special तालिम व्यवस्था भएको र पार्लर खोल्न सक्ने गरी Complete कोर्ष ग्यारेन्टिका साथ सिकाईन्छ। साथै Basic, Advance, Diploma, Beauticians Teacher Training, Hair Dressing, Skin Therapy, Home Decoration का साथै अन्य Special कोर्षहरुमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
New ITC प्रशिक्षण केन्द्र
महाराजगंज, चक्रपथ Ph : 016214076, 9841078376 | बुढानिलकण्ठ 016922482, बौद्ध 9841672372 | ठिमी, चारदोबाटो 012140489 | सामाखुसी Ph:012053023 (टोखा जाने बाटो २००मि. अगाडि)

होटल तालीम
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

३ महिनामा ४" उचाइ बढाउने
● केश झर्न तुरुन्तै रोकी उमार्ने
● १ महिनामा चाहेजति ब्रेष्ट बढाउन र घटाउन
● जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
● तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
● १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
● प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
● ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पिटल अगाडी
Tel :01-5550195 Mo:9841556532
शाखा कार्यालय बनेपा 011- 660924

Worldwide Valid Certificate
होटल तालिम
SLC दिएकाहरुलाई हरेकमा २००/- छुट।
▶ कुक १ ½ महिना रु. २७००/-
▶ कुक ३ महिना रु. ३७००/-
▶ वेटर र बारमेन रु. १३००/-
१. 5 star होटलका शेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस्।
माउण्टेन होटल ट्रेनिङ सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट सँगै
Ph:016212336, 9841812055

होटल तथा पर्यटन तालिम
Tour and Travel Mgmt. · Tour Operation · Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo) · Hotel Management · F & B Management · Cook · Front Office · Bartender · Housekeeping · Waiter · Bakery · Coffee Making
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
© ४४९२५५३/४४५५११३/०१६९१६३४७

ग्लोबलको तालिम 5★ मा
∗Hotel Mgmt. Basic/Adv.
∗F&B Mgmt. Basic/Adv
∗Bartender Mgmt. Basic/adv
∗Culinary Arts Mgmt. (Cook) Basic/Adv
∗F & B Service Mgmt (Waiter) Basic/Adv
∗Bakery Pastery Mgmt. / Ice / veg carving
∗Front Office/House Keeping Mgmt.
आउनुहोस्, हेर्नुहोस्, बुझ्नुहोस्
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098, 2134544

अंग्रेजी दुई महिनामै !!!
Free: Books, Audio/Video CDs
Regular Handouts
Daily Listening Class
Focused on Conversation
Free Internet Email
IELTS
Rs. 2000/- only
Free Materials
Library Facilities
Expert Teachers
Study in : UK, USA, Australia, Cyprus
Getway Educational Consultancy
Bagbazar, Kathmandu
Contact: 4239719 4241870

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।